# एकीकृत ग्रामीण विकास योजना

## आ. ब. २०७५/७६ - २०७९/८०

## राप्ती गाउँपालिका, देउखुरी दाङ

राप्ती गाउँपालिकाको कार्यालय

देउखुरी, दाङ

प्रदेश न. ५, नेपाल

२०७६

“सुन्दर हराभरा समृद्ध राप्ती”

# एकीकृत ग्रामीण विकास योजना

## आ.ब. २०७५/७६ - २०७९/८०

## राप्ती गाउँपालिका, देउखुरी दाङ

## राप्ती गाउँपालिकाको कार्यालय

### देउखुरी, दाङ

### प्रदेश न. ५, नेपाल

### २०७६


राप्ती गाउँपालिका, दाङ
उत्तर
स्केल
१:८१,०००
सरुमारानी गाउँपालिका
शितगंगा नगरपालिका
राप्ती गाउँपालिका वडा नं १
राप्ती गाउँपालिका वडा नं २
राप्ती गाउँपालिका वडा नं ३
राप्ती गाउँपालिका वडा नं ४
राप्ती गाउँपालिका वडा नं ५
राप्ती गाउँपालिका वडा नं ६
राप्ती गाउँपालिका वडा नं ७
राप्ती गाउँपालिका वडा नं ८
राप्ती गाउँपालिका वडा नं ९
गढवा गाउँपालिका
बंगलाचुली गाउँपालिका
लमही नगरपालिका

"सुन्दर हराभरा समृद्ध राप्ती"

# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मसुरीया, देउखुरी,दाङ
५ न. प्रदेश,
नेपाल

## एकीकृत ग्रामीण विकास योजनाको सन्दर्भमा

नेपालको संविधान २०७२ ले कल्पना गरे अनुसार स्थानीय निकाय पुर्नसंरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह संञ्चालन भईरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे अनुसार हरेक स्थानीय तहले एकीकृत योजना तयार गर्नु पर्ने व्यवस्था गरेको छ। यसै परिप्रेक्ष्यमा राप्ती गाउँपालिकाले नामसालिङ सामुदायिक विकास केन्द्र इलामको प्राविधिक सहयोगमा यस राप्ती गाउँपालिकाको आवाधिक एकीकृत ग्रामीण विकास योजना तयार गरेको हो। यस योजना पुस्तिका राप्ती गाउँपालिकाको बार्षिक, आवधिक तथा रणनितिक योजना तर्जुमाको लागि आधारभूत दस्तावेजको रुपमा रहनेछ। साथै यस दस्तावेजलाई आधिकारिक योजना दस्तावेजको रुपमा सबै सरोकारवालाहरुले प्रयोग गर्न सक्नेछन्। यस एकीकृत योजनाले संकेत गरेका लक्ष्य तथा रणनीतिहरु आगामी आर्थिक बर्षहरुको लागि विकास योजना छनौट तथा प्राथमिकिरणमा सहयोग पुग्ने भएकोले यस योजना अनुसार गाउँपालिकाको आगामी योजनाहरु छनौट तथा कार्यान्वयन हुदै जानेछन्। साथै यस गाउँपालिकासँग समन्वय र साझेदारीमा कामगर्ने सवै संघसंस्था, नीजि क्षेत्र र सवै निकायले यसै एकीकृत ग्रामीण विकास योजनामा उल्लेख भएका लक्ष्य उद्धेश्य अनुसार आफ्ना बार्षिक गतिविधि कार्यान्वयन गर्दैजानु पर्छ।

यस राप्ती गाउँपालिकाको एकीकृत योजना तयारी प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिकाका सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका कर्मचारी, वडा कार्यालयका कर्मचारी, राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, बिषयगत कार्यालयहरु लगायत यस कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न हुनुहुने सवैमा गाउँपालिकाको तर्फवाट हार्दिक धन्यवाद प्रकट गर्दछु।

अन्त्यमा, यस राप्ती गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना तयारीका सम्पूर्ण प्रकृयामा सहयोग उपलब्ध गर ाउनुहुने सहयोगी संस्था नामासलिङ सामुदायिक विकास केन्द्रलाइ हार्दिक धन्यवाद प्रकट गर्दछु।

...................
नुमानन्द सुवेदी
अध्यक्ष
राप्ती गाउँपालिका, देउखुरी, दाङ

बैशाख, २०७६

# विषय सूची

**परिच्छेदः १** १

**एकीकृत ग्रामीण विकास योजना - परिचय** १

**१.१ पृष्ठभूमि** १

**१.२ लक्ष्य र उद्देश्यहरु** १

**१.३ योजना तर्जुमाका विधि र प्रक्रियागत चरणहरु** २

१.३.१ वस्तुगत विवरण तयारी २

१.३.२ विगत विकास र वर्तमान अवस्थाको विश्लेषण २

१.३.३ वडा स्तरीय समस्या पहिचान तथा योजना तर्जुमा गोष्ठि २

१.३.४ वडा स्तरीय प्राथमिकता तथा श्रोतको पहिचान २

१.३.५ विषयगत विज्ञमार्फत योजना विश्लेषण २

१.३.६ सरोकारवाला विश्लेषण २

१.३.७ वित्तिय विश्लेषण ३

१.३.८ संभावना विश्लेषण ३

१.३.९ गाउँपालिका स्तरीय समायोजन ३

१.३.१० लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण कार्यशाला ३

१.३.११ मस्यौदा योजना गाउँपालिका स्तरीय छलफल ३

१.३.१२ अन्तिम प्रकाशन ३

**१.४ नीतिगत पृष्ठभूमी र आवश्यकता** ३

**१.५ योजना तर्जुमाका सिमाहरु** ४

**१.६ केन्द्रिय तथा प्रादेशिक योजनासँगको सम्बन्ध** ५

**१.७ योजना तर्जुमाका सरोकारवालाहरु** ५

**१.८ योजनाले समेटेका बिषयगत क्षेत्रहरुको विवरण** ५

**परिच्छेद २** ६

**राप्ती गाउँपालिकाको विगत विकास समीक्षा र स्थिति विश्लेषण** ६

**२.१ पृष्ठभूमी** ६

**२.२ विगतको विकासको समीक्षा र स्थिति विश्लेषण** ६

**२.३ विकासका उपलब्धिहरुको समीक्षात्मक विवरण** ७

संस्थागत सुशासन ८

शिक्षा तथा खेलकूद ८

खानेपानी तथा सरसफाई ८

सूचना तथा सञ्चार ८

सामाजिक सुरक्षा कार्यक्रम ८

**२.४ विगतको वित्तीय स्रोतको विश्लेषण** ९

**२.५ सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीको विश्लेषण** १०

२.५.१ सवल पक्ष १०

२.५.२ कमजोर पक्ष ११

२.५.३ अवसर तथा संभावना ११

२.५.४ चुनौती ११

**२.६ सरोकारवालाहरुको विश्लेषण** १२

२.६.१ संवैधानिक, न्यायिक एवम् प्रशासनिक सरकारी कार्यालय १२

२.६.२ विषयगत सरकारी निकाय १२

२.६.३ स्थानीय वडा कार्यालयहरु १२
२.६.४ गैह्र सरकारी तथा सामुदायिक क्षेत्र १३
२.६.५ सहकारी १३
२.६.६ वैक तथा वित्तिय संस्थाहरु: १३
२.६.७ नीजि क्षेत्र १४
२.६.८ नागरिक समाज एवम् समुदाय १४
२.६.९ राजनीतिक दल १४
**२.७ छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँग विकासको रणनीतिक, सम्बन्ध र अवसरको समीक्षात्मक विश्लेषण** १५

**परिच्छेद ३** १६
**एकीकृत ग्रामीण विकास योजना तर्जुमा तथा लक्ष्य निर्धारण** १६
**३.१ पृष्ठभूमि** १६
**३.२ एकीकृत ग्रामीण विकास योजनाका आधारहरु** १६
३.२.१ आर्थिक विकास १६
३.२.२ वन वातावरण १७
३.२.३ सामाजिक क्षेत्र १९
३.२.४ भौतिक पूर्वाधार २०
३.२.५ संस्थागत तथा सुशासनको स्थिति २२
३.२.६ वित्तिय व्यवस्थापन २२
**३.३ दीर्घकालिन सोच र रणनीतिक दिशा** २३
३.३.१ गाउँपालिकाको दीर्घकालिन सोच: २३
३.३.२ विकासको ध्येय: २४
३.३.३ विकासको लक्ष्य: २४
३.३.४ राप्ती गाउँपालिकाको समष्टिगत विकासको उद्धेश्यहरु: २४
**३.४ विकासका निर्देशक सिद्धान्त** २४
३.४.१ वातावरणमैत्री दिगो एवम् आत्मनिर्भरमुखी विकास २४
३.४.२ स्रोतको समुचित व्यवस्थापन २४
३.४.३ लैंगिक समानता, सामाजिक न्याय र समावेशी विकास २४
३.४.४ साझेदारी एवम् सहभागितामूलक विकास पद्धति २५
३.४.५ गरिबी न्यूनिकरण तथा रोजगारी २५
३.४.६ संस्थागत विकास, सुशासन तथा विकेन्द्रीकरण २५
३.४.७ सरकारी निजी तथा सहकारी साझेदारी २५
३.४.८ मानव संशाधन विकास २५
३.४.९ अन्तर निकाय साझेदारी २५
३.४.१० दिगो विकासको लक्ष्यसँगको तालमेल २५
**३.५ प्रमुख रणनीतिहरु** २२
**३.६ क्षेत्रगत कार्यनीति** २७
**३.७ एकीकृत ग्रामीण विकास योजनाको प्राथमिकता** २९
**३.८ राप्ती गाउँपालिकाको विकासको आवधिक लक्ष्य (Target)** ३०
३.८.१ आर्थिक विकास क्षेत्र ३०
३.८.२ सामाजिक विकास क्षेत्र ३२
३.८.३ पूर्वाधार विकास क्षेत्र ३३
३.८.४ वन, वातावरण तथा प्रकोप ३४
३.८.५ संस्थागत विकास एवम् सुशासन ३५

३.८.६ वित्तिय व्यवस्थापन तथा सुशासन ३५

**परिच्छेद ४** ३३

**विषयगत क्षेत्रगत समस्या, उद्धेश्य, कार्यक्रम र कार्यनीति** ३३

**४.१ पृष्ठभूमि** ३३

**४.२ आर्थिक विकास योजना** ३३

४.२.१ कृषि, सिंचाइ, पशुपालन, खाद्य सुरक्षा, सहकारी, उद्योग, बाणिज्य तथा पर्यटन क्षेत्रको योजना ३३

४.२.१.१. कृषि तथा पशुपालन क्षेत्रको समस्या विश्लेषण ३६

४.२.१.२. कृषि तथा पशुपालन क्षेत्रको प्रमुख उद्देश्य र क्रियाकलपको विवरण ३७

४.२.३ कार्यक्रम कार्यनीति ३८

**४.३ भौतिक पूर्वाधार विकास** ४०

४.३.१ यातायात, सिंचाई, संचार, विद्युत, वैकल्पिक उर्जा, भवन तथा आवास ४०

**४.४ सामाजिक विकास योजना** ४४

४.४.१ शिक्षा, खेलकूद, युवा तथा संस्कृति ४४

४.४.२ स्वास्थ्य तथा जनसंख्या ४६

४.४.३ खानेपानी तथा सरसफाई ४८

४.४.४ आदीबासी जनजाती, महिला, बालवालिका तथा लक्षितवर्ग ५०

**४.५ संस्थागत विकास, सेवा प्रवाह, राजश्व परिचालन र सुशासन** ५२

**४.६ वातावरण तथा विपद् व्यवस्थापन** ५५

४.६.१ वन, वातावरण, जैविक विविधता, जलाधार व्यबस्थापन, फोहरमैला तथा प्रकोप व्यबस्थापन ५५

**परिच्छेद ५** ५९

**लगानी योजना तथा वित्तीय स्रोत व्यवस्थापन** ५९

**५.१ पृष्ठभूमी** ५९

**५.२ वित्तिय स्रोतको विश्लेषण** ५९

५.२.१ वार्षिक वित्तिय श्रोत योजना ५९

५.२.२ वार्षिक लगानी योजना ६०

**५.३ समष्टिगत बजेट आम्दानीको तुलनात्मक विवरण** ६१

**५.४ क्षेत्रगत लगानी योजना** ६२

**५.५ स्रोतको व्यवस्थापन** ६३

**५.६ समग्र बजेट व्यवस्थापन** ६३

५.६.१ निजी क्षेत्रको लगानी ६४

५.६.२ लगानीको क्षेत्रमा सहकारीको योगदान ६४

५.६.३ बिषयगत कार्यालयको लगानी ६४

५.६.४ गाउँपालिकाको आन्तरिक लगानी ६४

५.६.५ प्रादेशिक तथा संघीय सरकारको लगानी ६४

**परिच्छेद ६** ६५

**सामाजिक समावेशीकरण** ६५

**६.१ पृष्ठभूमी** ६५

**६.२ योजनामा लैङ्गिक समता तथा सामाजिक समावेशिकरण प्रकृया** ६५

६.२.१ मूलप्रवाहिकरण ६५

६.२.२ गरीव, महिला, वालवालिका तथा लक्षित वर्ग लक्षित कार्यक्रम ६५

६.२.३ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण ६५
**परिच्छेद ७** ६६
एकीकृत योजना कार्यन्वयन, अनुगमन तथा मुल्याङ्कन ६६
**७.१ पृष्ठभूमी** ६६
**७.२ योजनाको कार्यन्वयन ढाँचा र पद्दति** ६६
**७.३ अनुगमन मूल्याङ्कन सम्वन्धि संस्थागत व्यवस्था** ६६
७.३.१ सुपरिवेक्षण तथा अनुगमन समिति ६६
७.३.२ सुपरिवेक्षण तथा अनुगमन उपसमिति ६६
७.३.३ बिषयगत समिति ६७
७.३.४ सम्बन्धित निकाय तथा परियोजना ६७
**७.४ अनुगमन प्रकृया** ६७
७.४.१ पटके तथा नियमित अनुगमन ६७
७.४.२ नागरिक अनुगमन ६७
७.४.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ६७
७.४.४ मध्यावधि मूल्याङ्कन ६७
७.४.५ अन्तिम मूल्याङ्कन ६७

**सन्दर्भ सामग्रीहरु** ६८
**अनुसुची १** ६९
**राप्ती गाउँपालिका क्षेत्रको वडास्तरीय प्रमुख समस्या पहिचान** ६९
**आर्थिक विकास क्षेत्र** ६९
**सामाजिक विकास क्षेत्र** ७६
**पुर्वाधार विकासको क्षेत्र** ८३
**वातावरण तथा विपद व्यवस्थापनको क्षेत्र** ८८
**संस्थागत विकासको क्षेत्र** ९३
**वित्तिय व्यवस्थापनको क्षेत्र** ९७
**श्रोतहरुको विश्लेषण** ९९
**राप्तीका वडागत सम्भावनाहरु** १०२
**अनुसुची २** १०५
**योजना तर्जुमा गोष्ठीका सहभागीहरुको नामावली** १०५
**अनुसुची ३** १०४
**गाउँपालिका स्तरीय लक्ष्य उद्देश्य निर्धारण कार्यशाला गोष्ठीमा सहभागीहरुको विवरण** १०४
**अनुसुची ४** १०६
**योजना तर्जुमा कार्यमा परिचालित विशेषज्ञहरुको नामावली** १०६
**अनुसुची ५** १०७
**विषयगत समितिका पदाधिकारीहरुको नामावली** १०७
**अनुसुची ६** १०८
**कार्यपालिका सदस्यहरुको नामावली** १०८


Hansipur
Lalmatiya
Sisahaniya
Keruniya

परिच्छेदः १

# एकीकृत ग्रामीण विकास योजना - परिचय

## १.१ पृष्ठभूमि

नेपालमा लोकतन्त्रको स्थापनासँगै नेपालको संविधान २०७२ ले राज्यको पुर्नसंरचना गरी स्थानीय तहका जनतालाई शासन सञ्चालनमा प्रत्यक्ष र नजिकको हक स्थापना गर्ने व्यवस्था गरेको छ । जसअनुसार विगतका संरचनामा साविकको स्थानीय निकायहरुको सिमांकनमा हेरफेर गरी नयाँ संरचनामा स्थानीय सरकारको रुपमा अधिकार सम्पन्न गाउँपालिका र नगरपालिका कायम भएको छ। सो अनुरुप नेपालमा हाल ७५३ वटा गाउँपालिका र नगरपालिका कायम रहेको छ। यी सवै स्थानीय तहहरुमा स्थानीय निर्वाचन भई स्थानीय सरकार समेत गठन भई संचालनमा छन् । यस अवस्थामा स्थानीय सरकारको विकास निर्माण प्रक्रियालाई सहयोग पुऱ्याउन घरधुरी स्तरको तथ्याङ्क अद्यावधिक गर्दै संकलित प्राथमिक साथै उपलब्ध द्वितियस्तरका सूचना र तथ्याङ्कहरुको आधारमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयबाट जारी भएको स्थानीय शासन संञ्चालन ऐन २०७४ ले सबै स्थानीय तहले आफ्नो गाउँपालिका र नगरपालिकाको वस्तुगगत विवरण (Profile) तयार गर्न निर्दिष्ट गरेको छ। यसरी वस्तुगत विवरणका सूचनाहरुलाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरणका आधारमा आगामी स्थानीय तहका योजनाहरु प्रस्ताव गर्न मद्दत हुनेछ। त्यसले स्थानीय तह लगायतका अन्य सरकोकारवालाहरुलाई विकासका कृयाकलाप संचालन गर्न सहयोग पुऱ्याउने हुनाले वस्तुगत विवरणमा भएका तथ्यांक र सूचकका आधारमा स्थानीय तहको **एकीकृत ग्रामीण विकास योजना** समेत तयार गरी सोही बमोजिम स्थानीय तहहरुमा विकास निर्माणका कामहरु अघि बढाउनु पर्ने नीतिगत व्यवस्था छ। सोही बमोजिम जारी भएका निर्देशिका र ढाँचामा राप्ती गाँउपालिका दाङले **वस्तुगत विवरण साथै एकीकृत ग्रामीण विकास योजना** तयार गरेको छ। स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप राप्ती गाउँपालिकाले सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी **एकीकृत ग्रामीण विकास योजना** तर्जुमा गरेको छ । योजना तर्जूमा सम्वन्धि ऐन, नियमावली तथा निर्देशिकाको आधारमा गाउँपालिकाको बहुपक्षीय सरोकारवालाहरुको सहभागिता र समन्वयमा विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था भए बमोजिम सवै सरोकारवालाहरुको संलग्नता र सहकार्यमा राप्ती गाउँपालिकाले **आ.व. २०७५/०७६ देखि २०७९/०८०** सम्मको **एकीकृत ग्रामीण विकास योजना** तर्जुमा गरेको छ । प्रस्तुत योजनाले समग्र राप्ती गाउँपालिकाको विकासलाई सहभागितामूलक तथा समावेशी बनाउँदै विकासको प्रतिफल आम समुदायसम्म पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्नेछ। यस योजनाले विकासका लागि स्थानीय तहमा उपलब्ध प्राकृतिक, मानवीय, आर्थिक स्रोत लगायत बाह्य स्रोत, साधनको प्रभावकारी परिचालन गर्न, विकास कार्य प्रति नागरिक समाज तथा नीजि क्षेत्रको चासो बढाउन र तिनको सहभागिता मार्फत विकासको लक्ष्य हासिल गर्न मार्गदर्शन दिन्छ। सहभागितात्मक योजना तर्जुमा प्रकृया अपनाई तयार गरिएको यस विकास योजनाले निश्चित अवधिका लागि गाउँपालिकाले तय गरेको दीर्घकालीन लक्ष्य पछ्याउँदै बार्षिक योजना तर्जुमा, स्रोत परिचालन र विकासका साझेदारहरुको परिचालन, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा समेत मद्दत पुर्‍याउने छ। यस योजनाले सरोकारपक्षहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र तथा सामुदायिक संस्थाहरुलाई परिचालन गरी विकास प्रक्रियालाई तिब्र, व्यवस्थित र प्रभावकारी बनाउन पनि भूमिका खेल्दछ । साथै संघीय र प्रादेशिक सारकारसँगको विकास प्रक्रियामा तालमेल गरी समग्र मुलुकको विकासमा सहयोग पुग्ने आशा गरिएको छ । यहि पृष्ठभूमि र सन्दर्भमा राप्ती गाउँपालिका दाङले पाँच वर्षे **एकीकृत** ग्रामीण **विकास योजना (२०७५/०७६ देखि २०७९/०८०)** तर्जुमा गरेको हो ।

## १.२ लक्ष्य र उद्देश्यहरु

स्थानीय सरकार संचालन ऐनको मूल मर्म बमोजिम प्रभावकारी स्थानीय सरकारको सुनिश्चितताका लागि एकीकृत ग्रामीण विकास योजना तर्जुमा गरी लागू गर्न विद्यमान ऐन कानून तथा नीतिगत व्यवस्थाले समेत निर्देशित गरेको सन्दर्भमा सहभागितामूलक समावेशी, सन्तुलित एवम् योजनावद्ध ढंगबाट राप्ती गाउँपालिकाको दीर्घकालिन सोच, रणनीतिक लक्ष्य, र सूचक सहितको उपलब्धि हासिल गर्न तथा समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्दै गति प्रदान गर्नु यस एकीकृत ग्रामीण विकास योजना तर्जुमाको मूल लक्ष्य रहेको छ ।

यस विकास योजना तर्जुमाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

- ग्रामीण विकासका लागि देखा परेका समस्या एवम् विभिन्न सरोकारवाला निकायहरुबाट विगत र वर्तमानमा भएका हुँदै गरेका प्रयास, प्रयत्न, उपलब्धि, सवल पक्ष, कमजोर पक्ष, सम्भावना, चुनौती, सिकाई र अनुभवको सहभागितामूलक समीक्षा, विश्लेषण र लेखाजोखा गर्ने ।
- गाउँपालिकाको दीर्घकालिन सोच, आवधिक लक्ष्य, निर्देशक सिद्धान्त, रणनीति, उद्धेश्य र प्राथमिकता निर्धारण गर्ने ।
- विकासको दीर्घकालिन सोच, रणनीतिक, आवधिक लक्ष्य, रणनीति, कार्यनीति र प्राथमिकताका आधारमा पाँच वर्षे कार्यक्रम र क्रियाकलाप तर्जुमा गर्ने ।
- योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन निर्धारण गर्ने ।

- योजना कार्यान्वयन पद्धति, सरोकारवालाको भूमिका सहभागिता, समन्वय र अनुगमन तथा मूल्यांकन सम्बन्धी नीतिगत व्यवस्था निर्धारण गर्ने ।

## १.३ योजना तर्जुमाका विधि र प्रक्रियागत चरणहरु

स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्देशित गरेको व्यवस्था बमोजिम राप्ती गाउँपालिकाको विकास योजना तर्जुमा गर्दा सहभागितामूलक, समावेशी र पारदर्शी विधि र प्रक्रिया अवलम्बन गरिएको छ । विगतको अनुभव र सिकाई, वर्तमानको आवश्यकता र क्षमता तथा भविष्यमा समृद्धि हासिल गर्न दीर्घकालिन सोच र रणनीतिक चिन्तनलाई योजना तर्जुमा गर्दा पूर्णत आत्मसात् गरिएको छ । यसबाट विकास योजनाको प्रभावकारी र सफल कार्यन्वयनमा सम्पूर्ण सरोकारवालाहरुको पूर्ण समर्थन, संलग्नता, सहभागिता र अपनत्व रहने अपेक्षा गरिएको छ । विषयगत, क्षेत्रगत सरकारी तथा गैह्र सरकारी निकाय, राष्ट्रिय तथा स्थानीय प्रकाशन तथा अध्ययन अनुसन्धानबाट प्राप्त द्वितीयस्रोत तथ्यांकका अलावा आवश्यकता अनुसार प्राथमिक तथ्यांकहरुलाई आधार लिईएको छ । त्यसैगरी भौगोलिक सूचना प्रणाली (Geographical Information System) मार्फत नक्सांकन र तथ्यांकशास्त्रीय विधिको आधारमा विश्लेषण, सहभागितामूलक पद्धतिबाट आवश्यकता, समस्या र सवालहरुको पहिचान गरी योजना तर्जुमा तथा व्यवस्थापन कार्य गरिएको छ । योजना तर्जुमाका लागि सम्पन्न गरिएका क्रियाकलापको विवरण तथा सरोकारवालाको उपस्थिति विवरण अनुसूचीमा संलग्न गरिएको छ । राप्ती गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना तर्जुमा गर्दा देहायका विधि र प्रक्रियागत चरणहरु अबलम्बन गरिएको छ ।

### १.३.१ वस्तुगत विवरण तयारी

नामसालिङ सामुदयिक विकास केन्द्र इलामको प्राविधिक सहयोगमा राप्ती गाउँपालिकाले समग्र गाउँपालिकाको वस्तुगत विवरण तयार गरेको छ । तयारी वस्तुगत विवरणलाई प्रविधिमैत्रि वनाउन मोवाईल एप्समा राखी सवै सरोकारवालाहरुको सूचनामा सहजता वनाईएको छ ।

### १.३.२ विगत विकास र वर्तमान अवस्थाको विश्लेषण

राप्ती गाउपालिका क्षेत्रको विकासका पृष्ठभूमि, प्रयास र उपलब्धिहरुको वडा स्तरीय रुपमा समीक्षा गरी समग्र राप्ती गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा राप्ती विकासको इतिहाससँगै वर्तमान सम्मका उपलब्धिहरुलाई खण्डिकृत रुपमा विश्लेषण गरी तयार गरिएको छ ।

### १.३.३ वडा स्तरीय समस्या पहिचान तथा योजना तर्जुमा गोष्ठि

राप्ती गाउँपालिकाको योजना तर्जूमाको लागि हरेक वडाहरुमा समस्या पहिचान तथा योजना तर्जुमा कार्यशालाको आयोजना गरियो । कार्यशालामा वस्तुगत विवरणलाई आधार लिई समस्या पहिचान र योजना तर्जुमा गर्ने कार्य सम्पन्न भयो । कार्यशालामा वडा अध्यक्ष, सदस्य, वडा सचिव, कर्मचारी, राजनैतिक दल, स्थानीय संघ संस्था प्रतिनिधिहरु, शिक्षक, वुद्धिजिविहरुको उपस्थिती रहेको थियो । कार्यशालावाट आएका समस्या तथा योजनाहरुलाई क्षेत्रगत रुपमा समायोजन गरिएकोछ । वडा स्तरीय गोष्ठिको उपस्थिती विवरण अनुसूचीमा राखिएकोछ ।

### १.३.४ वडा स्तरीय प्राथमिकता तथा श्रोतको पहिचान

वडा स्तरीय योजना तर्जुमाको कार्यसँगै वडास्तरीय योजना प्राथामिकीकरण भयो । सवै पहिचान भई प्राथामिकतामा परेका योजनाहरुको कार्यांन्वयनका लागि स्थानीय स्तरमा उपलब्ध श्रोतहरुको पहिचान तथा विश्लेषण गर्ने कार्य पनि वडास्तरीय गोष्ठि मार्फत भयो ।

### १.३.५ विषयगत विज्ञमार्फत योजना विश्लेषण

वडास्तरीय कार्यशाला मार्फत छनौंट भई आएका आयोजनाहरुका साथै फिल्ड भ्रमणवाट प्राप्त सूचनाहरुको विश्लेषण गर्ने कार्य विषयगतविज्ञहरु मार्फत गरियो । विश्लेषण गर्दा वस्तुगत विवरण, नक्सा, फिल्ड प्रतिवेदन तथा जैविक भौतिक अवस्था लगायत उपलब्ध सूचनाहरुको आधारमा विश्लेषण गरी योजना तर्जुमा कार्य सम्पन्न भएको छ । योजना तयारीको क्रममा परिचालित विषयगत बिज्ञहरुको विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ ।

### १.३.६ सरोकारवाला विश्लेषण

यस राप्ती गाउँपालिकाको योजना तर्जुमाको निम्ति सरोकारवालाहरु विश्लेषणको क्रममा देखिएका सरकारी कार्यालय, गैह्र सरकारी संघसंस्था, वित्तिय संस्था तथा सहकारीहरु, नागरिक समाज तथा पेशागत सञ्चाल एवम् निजी क्षेत्रको प्रत्यक्ष सहभागिता र योगदान रहनेछ । यसका लागि गाउँपालिकासंग सरोकार राख्ने सवै सरोकारवालाहरुको पहिचान तथा विश्लेषण गरी जिम्मेवारी किटानी सहितको योजना तर्जुमा भएको छ ।

### १.३.७ वित्तिय विश्लेषण

राप्ती गाउँपालिकाको योजना तर्जुमामा यो वित्तिय पक्ष सवैभन्दा महत्वपूर्ण भएकाले राप्ती गाउँपालिकाको विगत तथा चालु आर्थिक वर्षको समष्टिगत वजेट, विषयगत क्षेत्रको वजेट, निजि, गैह्र सरकारी क्षेत्रको वार्षिक बजेटको समीक्षा गरी विश्लेषण गर्ने कार्य भएको छ । वित्तिय श्रोतको विश्लेषणमा उपलब्ध भएको र आन्तरीक तथा वाह्य संभावित श्रोतको समेत आकंलन गरी योजना तर्जुमा भएको छ ।

### १.३.८ संभावना विश्लेषण

राप्ती गाउँपालिकाको विकासका सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीहरुको अलग अलग विश्लेषण गरिएको छ । यसका लागि वडा स्तरीय छलफलवाट आएका वुँदा तथा विज्ञहरुको विश्लेषण मार्फत प्राप्त सूचनाहरुलाई आधार लिई विकास योजनाहरुको संभावना विश्लेषण गर्ने कार्य भएको छ ।

### १.३.९ गाउँपालिका स्तरीय समायोजन

यस राप्ती गाउँपालिकाको वडास्तरवाट संकलित योजनाहरुलाई गाउँपालिका स्तरमा समायोजन गरीयो । साथै विगत वडा स्तरीय योजना छनौंट मार्फत पहिचान गरिएका योजनाहरुलाई पनि एकैसाथ समायोजना गरिएको छ । सवै योजनाहरु खण्डिकृत गरी विषयगत आधारमा समायोजना गरियो । नासाविके इलामले सवै क्षेत्रका विज्ञहरुलाई परिचालन गरी समायोजन गर्ने कार्य सम्पन्न गरेको छ ।

### १.३.१० लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण कार्यशाला

गाउँपालिका स्तरमा समायोजन भएको योजनाहरुको आधारमा २ दिने लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण कार्यशाला गरी गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजनाको दिर्धकालिन सोंच सहितको लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण गर्ने कार्य सम्पन्न गरिएको छ । कार्यशालाको उपस्थिती विवरण अनुसूचीमा प्रस्तुत गरिएकोछ ।

### १.३.११ मस्यौदा योजना गाउँपालिका स्तरीय छलफल

वडा स्तर देखि गाउँपालिका स्तरसम्म विभिन्न चरणका कार्यशालावाट तयारी मस्यौदा योजनालाई गाउँपालिकामा सल्लाह, सुझाव र पृष्ठपोषणको लागि गाउँपालिका स्तरमा पेश गरियो ।

### १.३.१२ अन्तिम प्रकाशन

मस्यौदा योजनामा छलफलवाट आएका सल्लाह तथा सुझावहरुलाई समेटेर राप्ती गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजनाको अन्तिम प्रकाशन गरिनेछ ।

## १.४ नीतिगत पृष्ठभूमी र आवश्यकता

कुनै पनि स्थान, क्षेत्र वा पक्षको दिगो र व्यवस्थित विकास एवम् समुन्नतिका लागि योजनाबद्ध विकास पद्दति अपरिहार्य हुन्छ । गाउँपालिकाको बहुपक्षीय सरोकारवालाहरुको सहभागिता र समन्वयमा पारदर्शी हिसावले समग्र वस्तुस्थितिको सुक्ष्म विश्लेषणका आधारमा स्थानगत विशेषता र तुलनात्मक लाभ समेतलाई दृष्टिगत गरी दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य, रणनीति, नीति, प्राथमिकता, विशिष्टता, कार्यक्रम, लक्ष्य निर्धारण र कार्ययोजना समेत समावेश गरी एकीकृत ग्रामीण विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५/०७६ देखि आ.व.२०७९/०८०को अवधिका लागि यो योजना तयार गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई प्रत्येक स्थानीय तहले विकास सम्बन्धी समग्र सवाल र पक्षहरूलाई समेटी एकीकृत ग्रामीण विकास योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी संचालन गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सबल स्थानीय सरकारको रुपमा गाउँ तथा नगरपालिकाको योजनाबद्ध विकास प्रक्रियालाई अनिवार्य शर्तको रुपमा विद्यमान ऐन, कानून, नीति र नियमावलीहरु मार्फत प्रबर्द्धन गरिएको छ । सहभागितामूलक योजना तर्जुमा र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँ/नगरपालिकाले आफ्नो योजनाबद्ध विकास व्यवस्थापन कार्यलाई सहभागितामूलक योजना मार्फत सञ्चालन गर्न मार्गदर्शन प्रदान गरेको छ । विकास प्रक्रिया स्थानीय परिवेश सुहाउँदो, जनसहभागितामा आधारित र दिगो बनाउने अभिप्रायले एकीकृत योजना तर्जुमाको अवधारणा आएको हो । स्थानीय विशेषता, आवश्यकता, आधार, सम्भावना, प्राथमिकता र क्षमता तथा केन्द्रिय योजनाले परिलक्षित गरेका सोच, लक्ष्य, रणनीति र प्राथमिकता समेतका आधारमा योजना तर्जुमा गरिएकोछ ।

स्थानीय तहमा गरिने विकास निर्माणको प्रभावकारिता र सार्थक उपलब्धिले हामी हाम्रो ठाँउ, क्षेत्र, जिल्ला र देशलाई नै कता लैजादैछौ ? हाम्रा समृद्धिका सूचकहरु के के हुन् ? हाम्रा सवल पक्ष, सम्भावना र अवसर तथा चुनौतीहरु के के छन् ? हाम्रा लक्ष्य,

उद्देश्य, प्राथमिकता र कार्यक्रमहरु के रहन्छन् र हामीले सोचे खोजे जस्तो समृद्धि वा विकासको गन्तब्यमा पुग्न हामीसँग के कस्तो क्षमता रहेको छ ? स्थानीय स्रोत, साधन र अनुदानलाई परिचालन गर्ने माध्यम, संयन्त्र, रणनीति र पद्दति के कस्तो रहने छ ? हाम्रा विकास प्रयास र उपलब्धिमा कसरी अधिक भन्दा अधिक जनताको अर्थपूर्ण सहभागिता, हिस्सेदारी र अपनत्व विकास गर्न सकिन्छ ? राष्ट्रिय योजनाले तय गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यलाई कसरी सार्थक योगदान गर्न सकिन्छ ? भन्ने जस्ता विकासका ज्वलन्त सवाललाई दीर्घकालिन सोच निर्देशित योजनाबद्ध प्रयासबाट मात्रै सहजै सुल्झाउन सकिन्छ । राप्ती गाउँपालिकाको लागि यी र यस्ता विकासका रणनीतिक सवालहरु उत्तिकै महत्वपूर्ण र अपरिहार्य रहेका छन् । यिनै कुरामा केन्द्रित भई यो योजना तर्जुमा गरिएको हो । यस योजना तर्जुमाको लागि नितिगत कानूनी व्यवस्थाहरु निम्ननुसार छन् ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग ऐन २०७४
- अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐन २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेको निति नियम कानून तथा मापदण्डहरु
- स्थानीय तथा वजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धि निर्देशिका २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- उपलब्ध श्रोत साधन
- दिगो विकासको लक्ष्यले संकेत गरेका सूचकहरु
- विकासका अन्तरसम्वन्धित विषयहरु आदी

यस योजना तर्जुमाको लागि उक्त नितिगत कानूनी व्यवस्थाको आधार तथा योजनामा समेट्नुपर्ने विषयहरु नै एकीकृत योजना तर्जूमा गर्नु पर्ने प्रमुख आवश्यक्ता हो । स्थानीय तहले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक तथा क्षेत्रगत योजनाहरु वनाउनु पर्ने र योजना वनाउदा संघ र प्रदेश सरकारको निति लक्ष्य तथा उद्धेश्यसँग तालमेल कायम गर्नु पर्छ । विकासका अन्तरसम्वन्धित विषयहरु वातावरण संरक्षण जलवायू परिवर्तन, लैगिक तथा सामाजिक समावेशीकरण, विपद व्यवस्थापन, सुशासन आदी विषयलाई ध्यान दिनु पर्छ । नितिगत रुपमा योजना वनाउदा लिईएको आधारहरु निम्न छन्:

(क) भौगोलिक, आर्थिक एवम् प्राकृतिक सम्पदाहरु र तिनीहरुको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरु ।

(ग) पिछडिएका जात जातिहरु एवम् गरिबी भएको क्षेत्र र त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरु ।

(घ) महिला र बालबालिकाको लागि आयमूलक र सीपमूलक कार्यहरु ।

(ङ) विभिन्न विषय क्षेत्र अन्तर्गतका सम्पन्न आयोजनाहरुको विवरण र तिनीहरुको संचालन तथा मर्मत तथा सम्भार सम्बन्धी व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालिन एवम् दीर्घकालीन विकास कार्यहरु ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने विभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धी योजना ।

यस एकीकृत योजनामा योजनाको दिर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी गाउँपालिका क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, श्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवं निजी क्षेत्रको लागत सहभागिता लगायत स्थानीय तहले गर्ने काम समावेश गरिएकोछ । योजना तर्जुमा गर्दा विषयगत समितिसँग परामर्श गरी विषयगत क्षेत्रका कार्यक्रमलाई एकीकृत रुपमा समावेश गरी अन्तिम रुप दिईएकोछ ।

## १.५ योजना तर्जुमाका सिमाहरु

एकीकृत ग्रामीण विकास योजना तर्जुमाका सीमाहरु देहाय बमोजिम रहेका छन् :

- गाउँपालिकाको कतिपय विषयगत क्षेत्रमा आवधिक तथा अध्यावधिक सूचना अभिलेखीकरण तथा प्रकाशन व्यवस्थित नभएकाले उपलब्ध सूचनाका आधारमा गाउँपालिका क्षेत्रको स्थिति विश्लेषण गरिएको छ ।

- गाउँपालिकाको अध्यावधिक हुन नसकेका र उपलब्ध नरहेका तथ्यांकहरु राष्ट्रिय तथ्यांकबाट लिइएकाले सबै परिसूचकहरुले गाउँपाकिलको अवस्थालाई प्रतिनिधित्व गर्छ भन्ने मान्यता राखिएको छ ।

- मूलतः विषयगत कार्यालय तथा निकायहरुको प्रकाशनका आधारमा द्वितीय तथ्यांकलाई आधार मानिएको छ भने प्राथमिक तथ्यांक

संकलनमा समय स्रोतको सीमितताका कारण उपलब्ध भए सम्मका तथ्यांकलाई मात्रै समावेश गरी स्थिति विश्लेषण गरिएको छ।

- अहिलेको वित्तीय तथा बजेट प्रवाहको प्रवृत्तिका आधारमा एकीकृत ग्रामीण विकास योजना तर्जुमा भएकाले सुधार आउने अपेक्षा सहित अहिलेको प्रक्षेपण तथा अनुमानमा फरक आउन सक्छ।

## १.६ केन्द्रिय तथा प्रादेशिक योजनासँगको सम्बन्ध

यस एकीकृत ग्रामीण विकास योजना मूलत केन्द्रिय तथा प्रादेशिक योजनाले तोकेका लक्ष्यहरु, दिगो विकासको लक्ष्य प्राप्त गर्न र त्यसैको उपलब्धी लेखाजोखा गर्न सहयोगी हुने अनुमान गरिएको छ। विकासका क्षेत्रगत लक्ष्य तथा त्यस अनुसारका क्रियाकलापहरुको सफल कार्यन्वयनमा गरिवी न्यूनिकरण र साझेदारी अभिबृद्धि मार्फत दिगो विकासका सवालहरुलाई पनि सम्बोधन गरिएको छ। साथै विकासमा दोहोरोपना न्यूनिकरणका लागि पनि सजगता अपनाइएको हुनाले यस एकीकृत  ग्रामीण विकास योजनाको केन्द्रिय तथा प्रादेशिक योजनासँग सम्वन्ध रहेकोछ।

## १.७ योजना तर्जुमाका सरोकारवालाहरु

एकीकृत ग्रामीण विकास योजना तर्जुमाका प्रत्येक चरणका कार्यमा गाउँकार्यपालिका, निर्वाचित प्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, सरकारी तथा गैह्र-सरकारी कार्यालय, राजनीतिक दल, नागरिक/पेशागत संस्था/सञ्जाल, विज्ञ/प्राविधिक, निजी क्षेत्र, व्यवसायी तथा लक्षितवर्ग प्रतिनिधि लगायत सर्वपक्षीय सरोकारवालाहरुको संलग्नता, सहभागिता, साझेदारी, समन्वय र सहकार्य रहेको छ।

## १.८ योजनाले समेटेका बिषयगत क्षेत्रहरुको विवरण

राप्ती गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना (२०७५/०७६ देखि २०७९/०८०) ले देहायका विषय तथा क्षेत्रलाई समेटेको छ।

### बिषयगत क्षेत्रहरुको विवरण

| विषय क्षेत्रहरु | एकीकृत ग्रामीण विकास योजनाले समेटेका शिर्षकहरु |
|---|---|
| **आर्थिक विकास** | यस क्षेत्र अन्तरगत आर्थिक संरचना, कूल गार्ह्यस्थ उत्पादन र प्रतिव्यक्ति आय, कृषि तथा पशुपालन, सहकारी, उद्योग, वाणिज्य तथा व्यापार, रोजगारी, वित्तिय क्षेत्र तथा पर्यटन लगायतका क्षेत्र समेटिएका छन्। |
| **सामाजिक विकास** | यस क्षेत्र अन्तरगत शिक्षा तथा खेलकूद, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सूचना तथा सञ्चार, भाषा तथा संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, (महिला तथा बालबालिका, आदिवासी/जनजाती/अल्पसंख्यक जाती, दलित तथा उत्पीडित, मुक्त कमैया, ज्येष्ठ नागरिक, युवा तथा अपांगता/भिन्न क्षमता भएका), सामाजिक सुरक्षा आदी समावेश गरिएका छन्। |
| **पूर्वाधार विकास** | यस क्षेत्र अन्तरगत सडक, पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, वैकल्पिक उर्जा, संचार, पर्यटकीय पूर्वाधार निर्माण, प्राकृतिक सम्पदा संरक्षण, औद्योगिक क्षेत्र तयारी, ग्रामीण पूर्वाधार आदि समेटीएको छ। साथै राष्ट्रिय महत्वका ठूला संरचनाहरुमा एयरपोर्ट, रङ्गशाला, रेलस्टेशन, अस्पताल जस्ता पूर्वाधार निर्माण |
| **वातावरण तथा विपद व्यवस्थापन** | यस क्षेत्र अन्तरगत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायू परिवर्तन, फोहोरमैला व्यवस्थापन, (सरसफाई, सेनीटरी ल्याण्डफिल्ड, ठोस फोहोर व्यवस्थापन) जलउत्पन्न प्रकोप नियन्त्रण, वन, वनस्पति, जैविक विविधता, चुरे संरक्षण, सिमसार र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम तथा योजना समावेश गरिएको छ।<br>त्यसैगरी प्रकोप रोकथाम तथा न्यूनिकरण, प्रकोप जोखिम मूलप्रवाहीकरण, आपतकालिन सेवा संचालन, नीतिगत तथा संस्थागत विकास, साझेदारी, प्रकोप पूर्वतयारी आदी समेटीएका छन्। |
| **संस्थागत विकास तथा सेवा प्रवाह,** | यस क्षेत्र अन्तरगत प्रशासन व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, मानव संशाधान/जनशक्ति विकास, संस्थागत क्षमता विकास, पूर्वाधार, टोल विकास संस्था, सहकारी, नागरीक वडापत्र, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग लगायतका पक्ष समावेश भएका छन्। |
| **वित्तिय व्यवस्थापन तथा सुशासन** | सुशासन, राजश्व परिचालन, वित्तिय अनुशासन, आन्तरीक लेखा परिक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा वेरुजु फरछ्यौट, सूचना तथा संचार व्यवस्थापन, अनुगमन मुल्याङ्कन  आदी |

परिच्छेद २

# राप्ती गाउँपालिकाको विगत विकास समीक्षा र स्थिति विश्लेषण

## २.१ पृष्ठभूमी

यस परिच्छेदमा राप्ती गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना तर्जुमा र कार्यान्वयनका लागि विगत विकासका प्रयास, सरोकारवाला पहिचान तथा भूमिका, वित्तिय श्रोतको अवस्थाका साथै राप्ती विकासको संभावनाहरुको विस्तृत विश्लेषण गरिएको छ ।

## २.२ विगतको विकासको समीक्षा र स्थिति विश्लेषण

राप्ती गाउपालिका क्षेत्रको विकासका पृष्ठभूमि, प्रयास र उपलब्धिहरुको समीक्षा गर्दा पञ्चायत कालिन समय देखि नै समिक्षा गर्नु पर्छ । राप्ती विकासको इतिहास पूर्व पश्चिम राजमार्ग निर्माणसँग यस क्षेत्रको विकासको थालनी क्रमश हुदै आएको देखिन्छ । राप्ती नदीमा प्रगन्ना बृहद राप्ती सिंचाई आयोजना निर्माण, राप्ती टेक्निकल कलेजको स्थापना नै राप्ती विकासको प्रमुख आधारहरु हुन् ।  त्यसै गरी राजमार्गसँग लिङ्क रोडको रुपमा उत्तरी जिल्ला जोडने सडक निर्माण समेत आधार स्तमको रुपमा रहेको छ । पूर्वपश्चिम राजमार्गको कारण पहाडवाट वसाई सरि आउनेको संख्यामा वृद्धि, साना वजारी केन्द्रहरुको स्थापना नै राप्ती विकासको मूल आधार हो ।

वि.सं. २०४६ सालको जनआन्दोलनबाट देशमा प्रजातन्त्रको पुर्नबहाली भएपछि शासन प्रक्रियामा जनताको सहभागिता बढ्नुका साथै जनताका आकांक्षामा समेत उल्लेख्य वृद्धि भयो । जननिर्वाचित सरकारसँग जनताका अपेक्षा बढ्नु स्वाभाविक पनि थियो । यस अवधिमा जनताको चेतना र सशक्तिकरणको स्तर, सामाजिक, आर्थिक एवम् भौतिक पूर्वाधार तथा सेवा प्रवाहका साथै संस्थागत विकासमा केही उल्लेख्य सुधार भएका छन् । यस अवधिको अधिकांश समयमा देखिएको राजनैतिक अस्थिरताका कारण पूर्व-अपेक्षित उपलब्धि भने हासिल गर्न सकिएको देखिदैन ।

प्रजातन्त्रको स्थापनासँग सरकारले लिएको पुँजी संकलन र परिचालनको लागि सहकारी अवधारणा, वैंक तथा वित्तिय संस्थाहरुको सहज पहुँच र सूचना प्रविधिको विकास यस अवधिका महत्वूर्ण उपलब्धीहरु हुन । शिक्षा त्यसमा पनि विशेष गरी प्राविधिक शिक्षा, संञ्चारको नयाँ नयाँ प्रविधिको विकास, कृषिमा आधुनिकिकरण र  पहुँच विस्तार, राजनीतिक चेतना र खुल्ला प्रतिर्ष्धात्मक वातावरणले यस गाउँपालिका क्षेत्रको समग्र विकासको लागि महत्वपूर्ण कोषे ढुङ्गा स्थापना गर्न सफल भयो । वन व्यवस्थापनको लागि समुदायलाई जिम्मेवार र सशक्त वनाउन सामुदायिक वन उपभोगको अवधारणा शुरु भई वन संरक्षण तथा व्यवस्थापनमा ठूलो सुधार भएको पाईन्छ । कमैया मुक्तीको घोषणा र जमिनको स्वामित्व सम्बन्धी समस्यालाई सवोधन गरियो । वैदेशिक रोजगारीको नयाँ नयाँ गन्तव्य र तेस्रो मुलुकमा दक्ष र अर्धदक्ष सहज रोजगारी अवसरले यहाँको आर्थिक अवस्थामा ठूलो योगदान दिएको छ । रेमिट्यान्स मार्फत भित्रिएको आर्थिक स्रोत गाउँपालिकाको बासिन्दाको समग्र अवस्था सुधारको लागि यस अवधिमा महत्वपूर्ण रह्यो ।

लोकतन्त्रको स्थापना र २०६२/०६३ को सफल राजनीतिक आन्दोलनले नागरिक आवाज र स्थानीय अधिकारमा थप टेवा दिन सफल भयो । लक्षित वर्गको लागि राज्य श्रोतको उपभोगको अवसर, समावेशी विकासको अवधारणा र अधिकार मुखी विकास प्रयास यस अवधिको उपलब्धीको रुपमा रहेको पाईन्छ । सामुदायिक वन व्यास्थापन, साना तथा मझौला पूर्वाधारको रुपमा ग्रामीण सडकहरुको ट्र्याक खोल्ने काम र भएका सडकहरुको स्तरोन्नतीले निक्कै तिव्रता पायो । सडक पुलहरुको तिव्र निर्माण, तटबन्दन निर्माण, भूमिगत सिंचाई, कृषि यान्त्रीकरण आदि उल्लेखनीय रह्यो । खुल्ला दिशा मुक्त क्षेत्र घोषणा, पूर्ण साक्षर गाउँ घोषणा र कार्यान्वयन साथै बालमैत्री गाउँ तयारीको लागि विभिन्न कार्यक्रमहरु संञ्चालन गरियो । राप्तीको जीवनस्तरको एक प्रमुख माध्यम कृषि तथा पशुपालनलाई थप प्रतिष्पर्धी बनाउन प्रधानमन्त्री कृषि कार्यक्रम मार्फत मकै बालीको लागि सुपरजोनको रुपमा किटान गरी कार्यक्रमहरु प्रस्तावको शुरुवात गरियो । देउखुरी उपत्यका भित्र पर्ने यो गाउँपालिकाका राष्ट्रपति चुरे संरक्षण कार्यक्रम समेत लागू गरिएको छ ।

नेपालको संविधान २०७२ पश्चात संघीय शासन प्रणाली स्थापनासँगै स्थानीय सरकार मजवुद भई थप श्रोत तथा साधन उपलब्ध भएको छ । निर्वाचित जनप्रतिनिधि मार्फत विकास प्रक्रियालाई जनमुखी र जवाफदेही वनाउन अधिकतम प्रयास भईरहेको अवस्था विद्यमान छ । जसका लागि संघीय तथा प्रान्तीय सरकारवाट ठूलो वित्तिय श्रोत विनियोजन हुदै आएकोले विकासमा थप उपलब्धी हुदै आईरहेकोछ ।

विकासको क्रम सगै राप्तीमा प्राकृतिक र मानव निर्मित दुवै प्रकारको विपद्हरु पनि देखा नपरेको होइन । राप्ती नदिले आफ्नो बहाव परिवर्तन गर्ने, बाढीको कारण खेती योग्य भूमिमा हुने ढुवानी, खेतीपाती तथा पशुहरुमा देखिने रोग किरा र जलबायु परिवर्तनको नकारात्मक असर स्वरुप बालीचक्रमा आएको परिवर्तन यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ ।  ऐलानी जमिनको भोगचलन र सुकुम्बासी समस्या समाधान यद्धपि पूर्ण रुपले समाधान हुन सकेका छैन । मुक्त कमैयाहरुको थयोचित समाधानको लागि नयाँ नयाँ कार्यक्रमहरुको आवश्यकता देखिएको छ ।

## २.३ विकासका उपलब्धिहरुको समीक्षात्मक विवरण

| क्षेत्र | उपलब्धीहरुको समीक्षात्मक विवरण |
|---|---|
| **सुसाशन तथा नीतिगत व्यवस्था** | नेपाल अधिराज्यको संविधान वि.सं. २०४७ जारी भई त्यसपछिको निर्वाचित सरकारले स्थानीय निकायको निर्वाचन तथा गठन भयो । यसले स्थानीय विकासलाई गतिप्रदान गर्नुका साथै योजनाबद्ध विकास प्रक्रियालाई अघि बढाउन सफल भएको देखिन्छ । आ.ब. २०५२/०५३ देखि गाउँविकास समिति अनुदानमा उल्लेख्य मात्रामा वृद्धि भएको थियो । यसले स्थानीय योजना सञ्चालन गर्न गाँउ विकास समिति तथा नगरपालिकाको वित्तीय क्षमतामा समेत वृद्धि भएको देखिन्छ ।<br>स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ यसै अवधिमा जारी भई स्थानीय निकायलाई अधिकार तथा स्रोत सम्पन्न बनाउन मद्दत गर्नुका साथै स्थानीय निकायका योजना तर्जुमा तथा कार्यान्वयनका लागि जनसहभागितामा उल्लेख्य वृद्धि भएको छ । महिला, आदिवासी जनजाती, दलित तथा विपन्नवर्गलाई स्थानीय शासन प्रक्रियामा सहभागी हुन यसले मार्गप्रशस्त गरेको थियो ।<br>ग्रामीण स्वालम्बन, आफ्नो गाँउ आफै बनाऔं, गरीबसँग विश्वेश्वर जस्ता ग्रामीण विकासका कार्यक्रम मार्फत स्थानीय विकासलाई जनसहभागितामूलक तथा गतिशील बनाउन योगदान पुर्‍याएको छ । राप्तीको सन्दर्भमा पनि यी कार्यक्रमहरुले विकासका अभियानहरुलाई बढी प्रगतिशील बनाएको देखिन्छ ।<br>यस राप्ती गाउँपालिकामा जम्मा ९ वटा वडाहरु भएको हुनाले राप्ती गाउँ सभामा जम्मा ४९ सभा सदस्य र गाउँ कार्यपालिकामा १७ सदस्य छन् । गाउँपालिका भित्रको समग्र कार्यविभाजन र व्यवस्थापनका लागि जम्मा ६ विषयगत समितिहरुको व्यवस्था गरी जिम्मेवारी विभाजन गरिएको छ साथै गाउँपालिकाको कार्यलाई चुस्त वनाउन गाउँपालिकामा आवश्यक्ता अनुसार कर्मचारीहरु परिचालन गरी  सलग्न छन् ।<br>गाउँपालिकाले आफ्नो क्षेत्रको समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्न आवश्यत्ता अनुसारको विभिन्न ऐन, नियम, विनियम तथा कार्यविधिहरु तयार गरी कार्यान्वयनमा छन् । यसवाट राप्तीको विकास प्रक्रिया थप मजवुद हुने छ । |
| **आर्थिक विकास** | व्यापार तथा व्यबसाय संञ्चालनको लागि विशेषगरी पूर्व पश्चिम राजमार्ग जोडिएको साना बजारी क्षेत्रहरुमा व्यापार फष्टाएको देखिन्छ । शान्तीपूर,भालुवाङ्ग, लालमटिया, मौरीघाट, पिपरी, सिसनिया, देबीकोट,बगरापुर र पत्थरगढवा आदि स्थानहरु व्यापारिक केन्द्रको रुपमा विकास हुँदै गएका छन् । वडा न. १ को भालुवाङ बजार दाङ जिल्लाबाट उत्तरी जिल्लाहरु जोड्ने नाकाको रुपमा समेत विकास भएको छ । यी साना बजारी क्षेत्रमा भएका पसलहरुबाट दैनिक उपभोग्य सामानहरु खरिद तथा विक्रि गर्ने गरिएको छ । यस बाहेक साना सवारी साधनले दैनिक उपभोग्य सामग्रीहरु गाउँपालिकाका भित्री बजारसम्म पनि लैजाने गरेको छ । स्थानीय वडाबासीहरुले तिनै साना ग्रामीण व्यापारिक केन्द्रबाट खरिद विक्री गर्ने गर्दछन् । स्थानीय साना बजार केन्द्रहरुमा उद्योग तथा व्यापारसँग सम्बन्धित सरोकारवालाहरुको बृद्धि हुदै गएको छ । मझौला तथा ठूला होटलहरुको संञ्चालन थोक तथा डिलर सामाग्रीहरु विक्री वितरण गर्ने पसलहरु, उद्योग तथा बाणिज्य क्षेत्रलाई व्यबस्थित गर्ने छाता निकायको रुपमा उद्योग बाणिज्य संघको स्थापना आदि आर्थिक विकासको लागि भएको उल्लेख्य उपलब्धीहरु हुन । कृषि तथा पशुपालनमा आएको व्यबसायिकता र नयाँ प्रविधिको आत्मासाथले पनि यहाँको आर्थिक विकासमा ठूलो योगदान दिएको छ । स्थानीय स्तरमा रोजगारीका पर्याप्त संभावना भएपनि यस क्षेत्रवाट रोजगारीका लागि भारतका विभिन्न शहर तथा तेस्रो मुलुकमा समेत जाने गरेको पाईन्छ जसवाट राप्ती गाउँपालिका क्षेत्रमा रेमिटान्स मार्फत आर्थिक क्रियाकलाप चलायमान भएकोछ ।<br>गाउँ गाउँमा छरिएर रहेको पुँजीलाई  एकतित्र गरी बचत तथा ऋण परिचालन मार्फत सहकारी संस्थाहरुको स्थापना र सञ्चालनले यस राप्ती गाउँपालिको आर्थिक अवस्था चलायमान बनाउन थप भूमिका निर्वाह गरेको छ । यस गाउँपालिकामा गठन  र संञ्चालन भएका सहकारी, बैंक तथा वित्तिय संस्थाहरुले सेवा दिदै आइरहेका छन् । |
| **स्वास्थ्य** | स्वास्थ्य संस्थाहरु अर्न्तगत साविक गाउँविकास समिति अनुसार स्वास्थ्य चौकी २ वटा संञ्चालित छन् । यी स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसारका प्राविधिक जनशक्तिले सेवा प्रवाह भईरहेको छ । यसै गरी निजी स्वास्थ्य सेवा प्रदायकको रुपमा क्लिनिकहरु तथा मेडिकल संञ्चालनमा रहेको देखिन्छ । थप स्वास्थ्य उपचार सेवाको लागि यहाँवाट नेपालगंज तथा वुटवल जाने गर्दछन् । यस क्षेत्रमा आपतकालिन स्वास्थ्य सेवाका लागि आवश्यक मात्रामा एम्वुलेन्स सेवा संचालन छ । स्वास्थ्य चौकीबाट सेवा लिन मुस्किल भएका क्षेत्रहरुलाई समेटेर वडा स्तरमा स्वास्थ्य इकाईहरु स्थापना तथा संञ्चालन गरिएको छ । |

| | |
|---|---|
| **वन वातावरण** | गाउँपालिका क्षेत्रभित्र रहेको सार्वजनिक तथा सरकारी वनलाई समुदाय मार्फत संरक्षण तथा व्यवस्थापन अभ्यास भएको छ। सामुदायिक वन अवधारणा मार्फत उपभोक्ताहरुले १४ वटा सामुदायिक वनहरु संरक्षण गरिरहेका छन्। वन पैदावारको निकासी परिमाणमा वृद्धि,सामुदायिक वन प्रतिको आकर्षण बढ्दै गई समुदायलाई हस्तान्तरणको काम बढेको, विशेष संरक्षण क्षेत्र अवधारणा अघि बढाइएको देखिन्छ।<br>राप्ती नदी तथा अन्य जलाधार क्षेत्र भित्र ११ जलाधार क्षेत्र छन्। नदीजन्य श्रोत, परिचालन, प्रयोग मार्फत सिंचाई, खानेपानी तथा निर्माण सामाग्री उपलब्ध हुदै आएको छ। यस क्षेत्रको प्रमुख राप्ती नदीमा उपलब्ध प्राकृतिक श्रोत यस गाउँपालिकाको आन्तरीक आयको एक महनवपूर्ण श्रोत हो। संरक्षण क्षेत्रको रुपमा विकास गरिएको प्राकृतिक तथा मावन निर्मित ताल, पार्क तथा जैविक विविधताको लागि महत्वपूर्ण मानिएको पशु वृद्धाश्रम तथा गिद्ध संरक्षणको व्यवस्थापन भएको छ।<br>नदी नियन्त्रण तथा चुरेक्षेत्र संरक्षण कार्यक्रम भएपनि प्रकोपका घटनामा कमी नआएको र विपद् व्यवस्थापनको लागि राप्ती नदीमा तटवन्धन कार्यक्रम महत्वपूर्ण छ। |
| **उर्जा** | यस गाउँपालिकामा रहेका घरधुरीहरुले खाना पकाउन प्रयोग गर्ने प्रमुख ऊर्जा दाउरा हो। गाउँपालिका ५१.७४ प्रतिशत घरधुरीले खाना दाउराले पकाउने गर्दछन्। त्यसैगरी ३१.४४ प्रतिश घरधुरीले सिलिण्डर ग्याँस मार्फत खाना पकाउने गर्दछन्। यस बाहेक १६.३९ प्रतिशत घरधुरीमा बाँयोग्यास जडान गरिएको छ।<br>यस गाउँपालिका रहेका घरधुरीहरु मध्ये ९०.६८ प्रतिशत घरले उज्यालोको लागि राष्ट्रिय प्रसारणलाईनको बिद्यूत प्रयोग गर्ने गरेको पाईन्छ। सौर्य प्रणाली, गोवरग्याँस लगायतका वैकल्पिक उर्जाको विकासमा तिव्रता आएको पाइन्छ। गाउँपालिका भित्र विद्युत सेवा नपुगेका वस्तिमा विद्युतीकरणको कार्य द्रुत गतिमा अगाडी वढिरहेको छ। |
| **संस्थागत सुशासन** | यस राप्ती गाउँपालिकामा जम्मा ९ वटा वडाहरु भएको हुनाले राप्ती गाउँ सभामा जम्मा ४९ सभा सदस्य र गाउँ कार्यपालिकामा १७ सदस्य छन्। गाउँपालिका भित्रको समग्र कार्यविभाजन र व्यवस्थापनका लागि जम्मा ६ विषयगत समितिहरुको व्यवस्था गरी जिम्मेवारी विभाजन गरिएको छ साथै गाउँपालिकाको कार्यलाई चुस्त वनाउन आवश्यक कर्मचारीहरु परिचालन गरी सलग्न छन्। गाउँपालिकाको कार्यको जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यहरु गाउँपालिकाले गर्दै आईरहेको छ। गाउँपालिकाको कार्यलाई चुस्त वनाउन आवश्यक ऐन, नियम,विनियम तथा कार्यविधिहरु वनाई कार्यान्वयन भैरहेको छ। गाउँपालिकाको समग्र संस्थागत अवस्था सहितको श्रव्यदृश्य कार्यक्रम विद्युतीय सूचना प्रणाली मार्फत नियमित रुपमा सार्वजनिक गरिएको छ। |
| **शिक्षा तथा खेलकूद** | शैक्षिक संस्थाहरु प्रसस्त, अनौपचारिक शिक्षा कार्यक्रमको विस्तार मार्फत साक्षरता प्रतिशत वृद्धि भई ८७ प्रतिशत पुगेको देखिन्छ। विद्यालयको पूर्वाधार विकासमा समेत उल्लेख्य सुधार भएको छ।<br>राप्ती गाउँपलिका शैक्षिक अवसरको दृष्टिकोणले सम्पन्न छ। यस गाउँपलिकामा उच्च शिक्षाको लागि क्याम्पसहरु सञ्चालन गरिएको छ। त्यसैगरी राप्ती अञ्चलकै गहनाको रुपमा राप्ती प्राविधिक शिक्षालयको स्थापना तथा संञ्चालन यसै गाउँपालिका भित्र भएको छ। जहाँबाट मध्यम स्तरका दक्ष प्राविधिक सीपयुक्त जनशक्ति उत्पादन हुन्छ। गाउँपालिका क्षेत्रभित्र निजि तथा सामुदायिक बिद्यालयहरु मार्फत प्राविधिक शिक्षा आर्जनको वातावरण तयार भएको छ। त्यसै गरी आधारभूत तह र माध्यमिक तहका सामुदायिक बिद्यालयहरु, नीजि बोर्डिङ स्कूल र बालविकास केन्द्र पनि संञ्चालन भएका छन्। यस बिद्यालय शान्ति क्षेत्र आधार स्तम्भ वनेको छ। |
| **खानेपानी तथा सरसफाई** | यस अवधिमा व्यवस्थित खानेपानी सुविधा उपभोग गर्ने जनसंख्या ९१ प्रतिशत पुगेको पाइन्छ। ग्रामीण क्षेत्रमा जिविस, गाविस, खानेपानी तथा सरसफाई उपभोक्ता डिभिजन कार्यालय तथा गैह्र सरकारी संस्थाहरुको पहलमा खानेपानीका उल्लेख्य योजनाहरु निर्माण भएका देखिन्छन्। आधा भन्दा वढि जनसंख्याको लागि खानेपानीको समस्या टट्कारो रुपमा देखिन्छ।<br>यस गाउँपालिकामा भएको घरधुरी भध्ये ८५ प्रतिशत घरधुरीमा मापदण्डयुक्त शौचालय प्रयोग गर्ने गरिएको छ। ८९.९० प्रतिशत घरधुरीले घरायसी फोहरलाई विर्सजन गर्नु अगाडी श्रोतमै वर्गीकरण गर्ने गरेको तथ्यांकमा उल्लेख भएको पाइन्छ। यस गाउँपालिका क्षेत्र खुल्ला दिशामुक्त क्षेत्रको रुपमा घोषणा भईसकेको छ। फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाले ट्र्याक्टर मार्फत संकलन तथा व्यवस्थापन गरिरहको छ। |

| | |
|---|---|
| **दलित उत्पिडीत, आदिवासी तथा जनजाती** | स्थानीय सरकार सम्बन्धी ऐन, नियमावली, उपभोक्ता समिति कार्यविधि कार्यान्वियन, सहभागितामूलक विकास पद्दति अवलम्बन तथा चेतना र सशक्तिकरणको वृद्धिसँगै विकास निर्माण प्रक्रियामा दलित, आदिवासी जनजातीको सहभागिता र प्रतिनिधित्वमा सुधार हुदै अइरहेको छ । खासगरी जातीय विभेद र छुवाछुतका घटनामा उल्लेख्य सुधार आएकोछ । यस क्षेत्रमा मुक्त कमैया/ कमलरी व्यबस्थापन कार्यक्रमहरु संचालनमा छन् । मुस्लिम समुदायको वसोवास क्षेत्रमा संस्कृति प्रवर्द्धनका लागि संस्थागत प्रयासहरु भएका छन् । यस गाउँपालिकामा भूमिको स्वामित्व तथा व्यबस्थित बसोबासका लागि प्रारम्भिक अभ्यासहरु शुरुवात गरिएको छ । भूमिहिनहरुको समस्यालाई पालिकास्तरबाट समाधानका प्रयासहरु भईरहेका छन् । |
| **सूचना तथा सञ्चार** | समीक्षाको यस अवधिमा सञ्चार क्षेत्रको विकास विस्तार उल्लेखनीय मात्रामा भएको छ । छापा सञ्चार माध्यमहरु सञ्चालनमा आएका देखिन्छन् । सञ्चार सुविधा प्रयोग गर्ने जनसंख्यामा उल्लेख्य वृद्धि भएको छ । यस गाउँपालिकाको वडा न. २ मा ५०० वाटको रेडियो राप्ती ९८.४ मेघाहर्ज स्थापना तथा प्रसारण हुदै आएको छ । |
| **सामाजिक सुरक्षा कार्यक्रम** | वि.सं. २०५१/०५२ देखि सामाजिक सुरक्षा भत्ता प्रदान थालनी गरिएको थियो । यसबाट ज्येष्ठ नागरिक, एकल/विधवा महिला र भिन्न क्षमता भएका नागरिकहरुले राज्यबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरी लाभान्वित भएका छन् । यस गाउँपालिकाको कुल वजेटको १० प्रतिसत वजेट सामाजिक सुरक्षामा खर्च हुदै आएको छ । |
| **कृषि तथा पशुपालन** | राप्ती गाउँपालिका मूलतः कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको गाउँपालिका हो । गाउँपालिकाको बहुसंख्यक जनसंख्याको जिविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि तथा पशुपालननै रहेको देखिन्छ । यहाँको अर्थतन्त्रमा व्यवसायिक रुपमा खेती गरिएका खाद्यबाली धान, मकै, गहुँ त्यसैगरी नगदेबालीहरुमा तोरी, आलु, सागसब्जी, फलफूल पशुपालन अर्न्तगत गाई भैसी, बाखा, बगुँर, कुखुरा, दुध उत्पादन, मह तथा वनजन्य उत्पादन आदिले मुख्य योगदान पुर्‍याउदै आएको देखिन्छ । यस भागमा परिच्छेदमा आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, गैह्र कृषि जन्य उत्पादन, सेवा, व्यापार तथा बैदेशिक रोजगारी जस्ता आर्थिक क्षेत्रलाई योगदान गर्ने आर्थिक संरचना, कुल ग्रार्हस्थ उत्पादन, आयात तथा निर्यातको अवस्थालाई विश्लेषण गरिएको छ कृषि तथा पशुपालनमा तालिम प्राप्त प्राविधिक जनशक्ति प्रसस्त छन् ।<br>कृषिको लागि उर्वर भूमी भएकाले कृषिमा प्रसस्त खाद्यवाली उत्पादन प्रसस्त हुन्छ । धान, गहुँ, मकै लगायतका खाद्यन्नबाली उत्पादनमा ७ प्रतिशतले वृद्धि हुनुका साथै नगदेबाली तथा तरकारीको उत्पादनमा सामान्य वृद्धि भएको देखिन्छ । ५ ठूला सिंचाई योजनाहरुवाट ठूलो क्षेत्रमा सिचाई सुविधा पुगेको छ । समग्रमा सम्पन्न मानिसहरुको संख्या धेरै ठूलो छ । खाद्य सुरक्षामा यो गाउँपालिका ज्यादै राम्रो छ । सेक्टर सिंचाई, सामुदायिक व्यवस्थापनमा सञ्चालित सिंचाई प्रणाली, साना सिंचाई  लगायत जिविस तथा गैह्र सरकारी क्षेत्रबाट सिंचाई पूर्वाधार निर्माणमा पनि उपलब्धि हासिल भएको पाइन्छ ।<br>उन्नत नश्लका गाई तथा भैसी पाल्ने क्रममा वृद्धि भई दुग्ध उत्पादनमा १५.१ प्रतिशत वृद्धि भएको देखिन्छ भने मासु उत्पादनमा १२.७ प्रतिशतले वृद्धि भएको पाइन्छ । |
| **पर्यटन विकास** | पर्यटन पूर्वाधारको विकास शुरुवात गरिएको छ । पर्यटन क्षेत्र विकासको लागि गुरु योजना तयार गरिएको छ । धार्मिक तथा सांस्कृतीक महत्वको भद्राक्षीदेवी लगायत अन्य विभिन्न स्थानहरुमा पर्यटन पूर्वाधारको कार्य थालनी भएको छ । |
| **सडक तथा यातायात** | पूर्व पश्चिम राजमार्गको भालुवाङ - लमही सडक खण्डको सिङ्गेसम्म (१५ किलोमिटर), भालुवाङ - प्यूठान सडक खण्डको चैतेसम्म ((७ किलोमिटर) स्तरीय कालोपत्रे सडक रहेको छ । गाउँपालिका भित्रका साना सडकहरुको करिव १० कि.मी कालोपत्रे गरिएको छ । यस गाउँपालिका भित्र ३ वटा नगरस्तरीय सडकहरु रहेका छन् । जसको कूल लम्बाई ७१.२३ कि.मि रहको छ । जसमध्ये २२.१८ कि.मि.सडक ग्रावल गरिएको छ, ४६.१३ कि.मि. कच्ची र २.९२ कि.मि सडक ट्रयाकखोल्ने अवस्थामा रहेको छ । यस खण्डबाट यस गाउँपालिका विभिन्न वडाहरु जोड्ने सहायक तथा ग्रामीण कच्ची सडकहरु जोडिएको छ । राप्ती चक्रपथको ३४ कि.मि. अवधारणा अन्तरगत सडक तथा त्यस क्षेत्रमा पर्ने पुलको विस्तृत परियोजना प्रस्ताव तयार गरी  निर्माणको लागि ठेक्का पश्चात निर्माण प्रकियाको चरणको कार्यहरु शुरुवात भैसकेको छ । सडक निर्माणको निम्ति मापदण्ड तयार भएको छ । |

## २.४ विगतको वित्तीय स्रोतको विश्लेषण

समष्टिगत, विषय/क्षेत्रगत, तथा निजि, गैह्र सरकारी क्षेत्रको वार्षिक चालु तथा पूँजीगत बजेटको समीक्षात्मक विवरण देहाय बमोजिम समावेश गरिएको छ ।

- राप्तीको वित्तिय स्थितीलाई अध्ययन गर्दा आ.ब. २०७४/०७५ मा कूल वार्षिक बजेट ३६ करोड ८५ लाख ७४ हजार रहेकोमा आ.ब. ०७५/०७६ मा ४४ करोड ५० लाख ८५ हजार पुगेको देखिन्छ । समष्टिगत बजेटको आकार विगत २ आर्थिक वर्षको बजेट विश्लेषणका आधारमा कूल बजेटको औसतमा १० प्रतिशतले वृद्धि भएको देखिन्छ ।

- यस राप्ती गाउँपालिकाको समग्र वजेटको अवस्थालाई अध्ययन गर्दा ८० प्रतिसत भन्दा वढि वजेट संघीय सरकारवाट व्यवस्थापन भैरहेको र भावी दिनमा समेत पनि श्रोतको व्यवस्थापन संघीय सरकारवाट वढि व्यवस्थापन हुनु पर्ने देखिन्छ । स्थानीय गाउँपालिकाको वजेट १० प्रतिशत पुग्ने देखिन्छ भने प्रदेश सरकारवाट ज्यादै न्यून रकम व्यवस्था भईरहेको अवस्था छ ।

- राप्ती गाउँपालिकाको विगत (आ.व. ०७४/७५ र ०७५/७६) २ वर्षको आन्तरीक, प्रादेशिक र संघीय सरकारवाट प्राप्त आय विवरण निम्नानुसार रहेको छ। आ. व. २०७५/०७६ मा क्षेत्रगत बजेट विश्लेषणको आधारमा सबै भन्दा धेरै पूर्वाधार विकासमा ३६ प्रतिशत र सामाजिकमा ३५ प्रतिशत, भएको देखिन्छ। त्यस्तै, आर्थिक विकासमा १० प्रतिशत, सुशासन र वातावरण संरक्षण र विपद जोखिम व्यवस्थापनमा क्रमशः १ प्रतिशत विनियोजन भएको देखिन्छ।

- गैह सरकारी संस्थाहरुको लगानी आ.व २०७५र७६ भन्दा गाउँपालिकाको वार्षिक वजेटको तुलनामा ज्यादै न्यून रहेको छ। राप्ती गाउँपालिकाको समग्रमा ५ प्रतिसत लगानी गैर सरकारी संस्थाहरुवाट भएको देखिन्छ।

- निजी क्षेत्रको लगानीको अवस्थालाई समग्र रुपमा गाउँपालिकाको योजनासंग तालमेल गराउन सकिएको छैन । यस राप्ती गाउँपालिकामा निजि क्षेत्रको समग्र अवस्थालाई विश्लेषण गर्दा शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन तथा व्यापार व्यवसायको क्षेत्रमा निजि क्षेत्रको लगानी देखिन्छ। गाउँपालिकाले निजी क्षेत्रसँगको समन्वयलाई तथा प्रोत्साहन मूलक कार्यक्रमका लगानी वार्षिक वजेटमा कम भएको देखिन्छ।

- पछिल्लो आ.ब.को वार्षिक बजेट अनुसार कूल बजेटमा आन्तरिक योगदान १० प्रतिशत रहेको पाइन्छ। भने औसत केन्द्रीय अनुदान ८० प्रतिशत रहेको पाइन्छ।

- कूल बजेटमा गैह्र सरकारी संस्थाको योगदान करीब ५ प्रतिशत रहेको छ। विकासका महत्वपुर्ण सरोकारवालाका रुपमा रहेका गैह्र सरकारी संस्थाहरू स्वास्थ्य तथा सामाजिक विकास, कृषि तथा पशुपालन, सहकारी र वन तथा वातावरणको क्षेत्रमा क्रियाशील रहेका छन्।

- आम्दानीका आन्तरिक मुख्य स्रोतहरूमा पूर्वाधार उपयोग कर, कृषि तथा पशुजन्य कर, घर नक्सा पास, कवाडीजन्य कर, निर्माण सामग्री, प्राकृतिक स्रोत, मालपोत, सेवा उपयोग कर, दस्तूर, चलअचल सम्पत्ति बिक्री, दण्ड जरिवाना, भाडा, सिफारिस, रजिष्ट्रेसन शुल्क, आदि लगायतका छन्।

## २.५ सवल /कमजोर पक्ष, अवसर/सम्भावना र चुनौतीको विश्लेषण

राप्ती गाउँपालिकाको विकासका सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### २.५.१ सवल पक्ष

- नेपालको मध्यमश्चिम क्षेत्रको जिल्लाहरुको व्यापारीक नाकाको रुपमा रहेको भालुवाङ यसै गाउँपालिकामा अवस्थित रहनु।
- नेपालको प्रमुख राप्ती नदी यसै क्षेत्रको पूर्वी तथा दक्षिणी सिमाना भई वहनु।
- धरातलीय स्वरुप, मौसमी अवस्थालाई हेर्दा अन्य गाउँपालिकाहरुको तुलनामा प्राय सवै क्षेत्र वसोवास र कृषि उर्वरताको लागि अत्यन्तै उपयुक्त रहनु।
- विकासका हरेक पक्षको सक्रिय र परिपक्व सामुदायिक संस्था, सहकारी, स्थानीय समुदाय एवं निजी क्षेत्रले विकासमा निरन्तर सहयोग भईरहनु।
- जातीय सद्भाव, धार्मिक सहष्णिुता, सामाजिक साँस्कृतिक तथा सामाजिक सहकार्यले गाउँपालिका समृद्ध रहनु ।
- धेरै खाद्य तथा नगदेवालीको उत्पादन हुने हुनाले विभिन्न प्रकारका कृषिजन्य उद्योग धन्दा, कलकारखानाको विकास हुनु।
- दाङ जिल्लाको अर्थतन्त्रको प्रमुख हिस्सेदार रहेको कृषि तथा पशुपालनको मुख्य पकेट क्षेत्रको रुपमा राप्ती रहनु।
- नेपालको मध्य पश्चिम क्षेत्रको प्राविधिक शिक्षा अध्ययनको केन्द्र अर्थात शैक्षिक केन्द्रको रुपमा राप्ती विकसित रहनु।
- गाउँपालिकाको सवै क्षेत्रहरुलाई समेटेर मोटरवाटोको संजाल निर्माण हुनु।
- नेपालको पूर्व पश्चिम राजमार्गले गाउँपालिकालाई चिरेर जानु।
- राप्ती नदीमा निर्माण भएको प्रगन्ना सिंचाई आयोजनाले ठूलो कृषि क्षेत्रलाई सिंचाई सुविधा पुऱ्याउनु।
- धार्मिक पर्यटन प्रवर्द्धनको लागि पौराणिक महत्व वोकेको भद्राक्षी देवी यसै राप्ती गाउँपालिका क्षेत्रमा रहनु।
- सरकारवाट मकै वाली उत्पादनको लागि सुपरजोन क्षेत्र घोषणा हुनु।
- गाउँपालिका स्तरीय वन महासंघ कृयाशिल रहेको छ।
- खाद्य उत्पादनको दृष्टिले राप्ती दाङ जिल्लाको खाद्य भण्डारको रुपमा पहिचान राख्नु।
- विकासको निम्ति भौगोलिक स्वरुप सहज हुनु।
- स्थानीय स्तरमा पशुजन्य उत्पादनले गाउँपालिका आत्मानिर्भर उन्मुख हुनु।

### २.५.२ कमजोर पक्ष

- दिगो विकासका आधारका रुपमा रहेको जलश्रोत, वन तथा चुरेक्षेत्र लगायतका प्राकृतिक सम्पदाहरुको संरक्षणमा कमी ।
- आन्तरिक स्रोत वृद्धिको निम्ति दिगो तथा व्यवस्थित योजना वन्न नसक्नु ।
- ग्रामीण भेगमा यातायातका लागि अधिकांश सडक मौषमी मात्र हुनु ।
- निजी तथा गैर-सरकारी क्षेत्रलाई विकासमा सक्रिय साझेदार बनाउने अभ्यासमा अझै कमी हुनु ।
- यूवावर्ग श्रमको खाजिमा विदेशिनु ।
- शैक्षिक विकासका लागि विद्यालयको विस्तार र स्तरोन्नति गरेता पनि शिक्षामा गुणात्मक सुधार नहुनु ।
- उच्च मुल्यको नगदेवाली प्रवर्द्धनमा कमी ।
- फोहोरमैला व्यवस्थापनका लागि दिर्धकालिन उपायको व्यवस्थापन गर्न नसकिएको ।
- कृषिवाली रासायनिक विषादीको प्रयोगमा वृद्धि ।
- स्थानीय श्रोत साधनहको व्यवस्थापनमा कमी ।

### २.५.३ अवसर तथा संभावना

- गाउँपालिकाको पहाडी क्षेत्रमा नगदेबालीको व्यबसायिक उत्पादन गरी समग्र गाउँको आय स्तरमा वृद्धि गर्न सकिने अवसर रहेको छ ।
- कृषि तथा वनजन्य उत्पादनहरुलाई मूल्य श्रृंखला वृद्धि गरी औद्योगिकरण मार्फत गाउँपालिकाको समंग्र अर्थतन्त्र र रोजगारीका अवसरहरु उल्लेख्य मात्रामा सिर्जना गर्न सकिने संभावना रहेको छ ।
- विभिन्न सहकारीहरु मार्फत छरिएर रहेको पूँजीलाई एकत्रित गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिने संभावना रहेको छ ।
- उद्योग विकासको लागि क्षेत्र निर्धारण गरी केही क्षेत्रहरुमा औद्योगिक पूर्वाधार विकास गर्न सकिने संभावना रहेको छ ।
- कृषि, पशुपालन उत्पादनलाई पकेट क्षेत्र तोकी उत्पादन प्रवर्द्धन गर्न र ग्रामीण रोजगारी प्रवर्द्धन गर्न उद्योगहरु स्थापना गर्न सकिने संभावना रहेको छ ।
- सामुदायिक वन मार्फत काष्ठ पैदावरको स्थानीय रुपमै व्यबसायिक प्रसोधन मार्फत रोजगारीका अवसरहरु सृजना गर्न सकिने संभावना रहेको छ ।
- राप्ती नदीको उपलब्ध जलस्रोतलाई सिंचाई, माछापालन, फिसिङ, र्‍याफटिङ संचालन जस्ता उत्पादनमूलक कार्यमा उपयोग गर्न सकिने संभावना रहेको छ ।
- भौतिक पूर्वाधार विकासलाई स्थानीय अर्थतन्त्र र उत्पादन, वितरण तथा बजारीकरणसँग जोडी तुलनात्मक तथा प्रतिस्पर्धी लाभ हासिल गर्न सकिने संभावना रहेको छ ।
- जलाधार र नदी उकास क्षेत्रको सिमाङ्कन गरी बृक्षारोपण र जलाधार संरक्षण मार्फत भूक्षय संरक्षण र नदीकटान नियन्त्रण गर्न सकिने संभावना रहेको छ ।
- पर्यटकीय पूर्वाधार विकास गरी समुदायको आर्थिक अवस्थामा थप सुधार गर्न सकिन्छ ।
- ठूला पूर्वाधार निर्माण (एयरपोर्ट र रेलस्टेशन) गरी केन्द्रविन्दुको रुपमा विकास गर्न सकिन्छ ।
- राप्तीलाई अटोसिटि रुपमा विकास गर्न सकिन्छ ।

### २.५.४ चुनौती

- अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारका लागि देशबाहिर जानु ।
- अनियन्त्रित वसाईसराई तथा  अव्यवस्थित वसोवास
- नदीकटान/भूक्षय ।
- जंगली जनावर/मानव बस्ती द्वन्द्व ।
- जलवायू परिवर्तनले वाली प्रणाली तथा उत्पादनमा पारेको नकारात्मक असर ।
- अव्यवस्थित पूर्वाधार निर्माण तथा चुरे क्षेत्रमा भएको भूक्षयको कारणले चुरेवस्ती क्षेत्रमा खानेपानी तथा सिंचाईको श्रोत सुक्दै जानु ।

- भूमि माथिको स्वामित्व सवालले गर्दा भूमि व्यबस्थापन ।
- कार्यालयको जनशक्ति व्यवस्थापन तथा परिचालन
- गाउँपालिकाको उत्तरी क्षेत्र पहाडी सुख्खा वस्ती भएको र सामुदायिक वनले घेरिएको क्षेत्र आगालागीको जोखिम

## २.६ सरोकारवालाहरुको विश्लेषण

यस राप्ती गाउँपालिकाको विकासमा सरकारी, विषयगत तथा गैह्र सरकारी, सहकारी, नागरिक समाज तथा पेशागत सञ्जाल एवम् निजी क्षेत्रको प्रत्यक्ष सहभागिता र योगदान रहदै आएको छ । यस एकीकृत विकास योजनाको सफल तर्जुमा एवम् कार्यन्वयनमा ती क्षेत्रको विशिष्टता, क्षमता, क्षेत्र/विषयगत पहुँच, भूमिका, संलग्नता तथा साझेदारीको ढाँचाले अहम् भूमिका खेल्दछन् । यस शीर्षकमा निम्नानुसार सरोकारवालाको विश्लेषण गरिएको छ :

### २.६.१ संवैधानिक, न्यायिक एवम् प्रशासनिक सरकारी कार्यालय

विकास योजनाको लक्ष्य हासिल गर्नको लागि संवैधानिक, न्यायिक एंव प्रशासनिक कार्यालयहरुको महत्वपूर्ण एवं समन्वयकारी भूमिका रहको हुन्छ। स्थानीय विकासको योजना तयारीका लागि आवश्यक नीतिगत प्रावधानहरु सहज एंव कार्यान्वियन तथा त्यसको अनुगमन मूल्याङ्कनमा उल्लेख्य भूमिका हुन्छ । बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ ।

- योजना तर्जुमा कार्यन्वयन तथा समीक्षा
- सुसासन अभिबृद्धि
- राजश्व व्यवस्थापन तथा वाँडफाँड
- अनुगमन तथा मूल्याङ्कन

### २.६.२ विषयगत सरकारी निकाय

एकीकृत ग्रामीण विकास योजनाको कार्यान्वयनमा बिषयगत सरकारी निकायहरुको भूमिकालाई महत्व दिईएको छ। योजनाले लक्षित गरेको उपलब्धि हासिल गर्न तथा प्रस्तावित योजनाहरु बार्षिक कार्यान्वयन साथै अनुगमन मूल्याङ्कनमा रचनात्मक भूमिका रहनेछ। वित्तिय श्रोतको खोजी तथा परिचालन, मानवीय स्रोत उपलब्धता, स्थानीय रणनीति तयारी, सम्बन्धित अन्य निकायहरुसँग समन्वय महत्वपूर्ण हुनेछ। प्राप्त उपलब्धि तथा अवस्थाहरुको तथ्याङ्कीय अभिलेख र त्यसका आधारमा आगामी प्रस्तावहरु तयार गर्न समेत सरकारी निकायहरुको भूमिका रहनेछ। साथै उपभोक्ता तथा माथिल्लो निकायहरुको विच सम्पर्क स्थापना गर्ने भूमिका पनि अनुमान गरिएको छ। बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ।

- तथ्याङ्क तथा सूचनाहरु संकलन गर्ने, अद्यावधिक गर्ने र लक्ष्य निर्धारण गर्ने ।
- योजना तर्जुमा तथा समीक्षा ठीक समयमा नियमित गर्ने गराउने ।
- कार्यक्रम कार्यान्वयनमा जनशक्ति प्रविधि र स्रोत जुटाउने ।
- श्रोत साधनको उपलब्धता, परिचालन र लगानी विचको तादम्यता मिलाउने ।
- समन्वय, सहकार्य र साझेदारीमा जोड दिने ।
- प्राविधिक विषयमा उपभोक्ता तथा सामुदायिक संगठनहरुलाई क्षमता विकास मार्फत सीपहस्तान्तर र सहजीकरण गर्ने ।
- मानवीय स्रोत परिचालन तथा खोजी गर्ने ।
- स्थानीय तह, प्रदेश र संघीय मन्त्रालय, निकायहरु वीचको समन्वय गराउने ।

### २.६.३ स्थानीय वडा कार्यालयहरु

विकास योजनाको लागि स्थानीय जनता तथा उपभोक्ताहरुसँग प्रत्यक्ष सरोकार राख्ने तहको रुपमा स्थानीय सरकारले भूमिका निर्वाह गर्नेछ । यस योजनाले राखेका उद्धेश्य हासिल गर्न बार्षिक तथा आवधिक योजना तथा कार्यक्रमहरु पहिचान र श्रोत विनियोजन गर्ने भूमिका रहनेछ। स्थानीय आवाश्यकता अनुसारका नीति तथा कार्यविधिहरु तयारी, कार्यक्रमको लक्षित क्षेत्र निर्धारण र विभिन्न सरकारी तथा गैह्सरकारी निकायहरुसँग समन्वय, स्रोत खोजी तथा साझेदारी स्थापना गरी योजनाहरुको कार्यान्वयन गर्ने जिम्मेवारी रहन्छ। विकास योजनाहरुसँग सम्बन्धित अनुगमन मूल्याकंन तथा प्रतिवेदनहरु तयारी र अभिलेख राख्ने जिम्मेवारी हुनेछ। यसका माध्यमले पारदर्शिता र सुशासन अभिबृद्धिमा सहयोग पुर्याउने छ। बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ:

- एकीकृत योजनाको आधारमा वार्षिक कार्यक्रम, कार्यनिति वनाउने ।
- विकास योजनाहरुको कार्यान्वन गर्ने गराउने ।

- अनुगमन तथा मूल्याङ्कन नियमित र निरन्तर गर्ने ।
- तथ्याङ्कीय आधार तयार गर्ने, अद्यावधिक गर्ने र योजना तर्जुमा गर्दा प्रयोग गर्ने ।
- स्रोत साधन खोजी, परिचालन तथा लगानी अभिवृद्धि तथा व्यवस्थित गर्ने ।
- सहकार्य र साझेदारीमा जोड दिने ।
- पारदर्शिता सहित सुन्य भ्रष्टाचारको सुशासन दिने ।
- एकीकृत ग्रामीण विकास योजनाको आवधिक समीक्षा गर्ने ।
- संस्थागत विकास तथा क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने र कर्मचारीहरुलाई अभिप्रेरित गर्ने ।

### २.६.४ गैह्र सरकारी तथा सामुदायिक क्षेत्र

यस योजनाको लक्ष्य तथा प्रगति हासिल गर्न गैह्सरकारी संस्था तथा सामुदायिक क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहने छ। योजना कार्यान्वयनका लागि नेपाल सरकार तथा अन्य बाह्य सहयोगी संस्थाहरुसँग स्रोत खोजी गर्ने, प्रविधि विस्तार गर्ने तथा मानवीय स्रोत उपलब्धता र परिचालन गर्ने जिम्मेवारी रहनेछ। सामुदायिक विकास क्षेत्र तथा लक्षित समूहको परिचालन र क्षमता विस्तारमा भूमिका रहनेछ। नागरिक अनुगमनका रुपमा विभिन्न संघ संस्थाहरुले गरेको कामहरुको प्रगति विश्लेषण, सुशासन अभिवृद्धिका लागि स्थानीय तह तथा समुदायको क्षमता विस्तार आदिमा यसले भूमिका खेल्न सक्छ। प्रतिवेदनहरु तयारी, सूचना अभिलेख स्थापना र आगामी कार्ययोजनाहरु तयारीमा समेत महत्वपूर्ण भूमिका रहनेछ। बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ।

- स्थानीय तह र विषयगत कार्यालयहरुसंगको नियमित समन्वय, सहकार्य र साझेदारीमा लक्षित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।
- लक्षित समुहहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- समसामयिक विषयहरुमा वहस तथा पैरवी गर्ने ।
- सामाजिक परिचालन, श्रोत साधन खोजी, परिचालन र लगानीको विषयमा ज्ञानसीप अभिवृद्धि गराउने ।
- मानव विकास र स्थानीय विकासमा सहयोग पुर्‍याउने ।
- सुशासन प्रर्वद्धन गरी पारदर्शिता र जनउत्तरदायी प्रक्रिया वसाल्न मद्धत पुर्‍याउने ।
- नागरीक खवरदारी गर्ने ।
- रोजगारीको अवसरहरुको सृजना गर्न उद्यमशीलताको विकास गर्ने ।

### २.६.५ सहकारी

यस योजनाको कार्यान्वयनका लागि समुदाय परिचालन तथा स्थानीय साझेदारी अभिवृद्धि गर्न सहकारीहरुको भूमिका रहने छ। छरिएको पूँजी एकत्रित गर्ने तथा लागत साझेदारी जुटाउदै स्रोत खोजी, लगानी र परिचालनमा भूमिका रहनेछ। स्थानीय पूर्वाधार विकास र समुदायको आर्थिक क्षमता विकास गरी कारोबारीय सामाजिक परिचालनको माध्यमबाट लक्षित समुदायको अवस्था सुधारमा सहकारी तथा समूहहरुको भूमिका रहनेछ। बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ।

- स्थानीय स्तरका स्रोतहरुको परिचालन गरी उद्यम व्यवसायको स्थापना र रोजगारीको सृजना गर्ने ।
- लक्षित वर्ग र तहमा वित्तीय स्रोतको पहुँच पुर्‍याउने ।
- समूह तथा सदस्यहरुको परिचालन गर्ने ।
- स्रोत खोजी, लगानी तथा परिचालन गर्ने ।
- समन्वय, सहकार्य र साझेदारीमा जोड दिने ।
- संस्थागत सवलीकरण तथा क्षमता विकास गर्ने ।
- क्षेत्रगत लगानी तथा पूँजी निर्माण गर्ने ।

### २.६.६ वैक तथा वित्तिय संस्थाहरुः

गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुले विभिन्न व्यवसाय प्रवर्द्धनमा कर्जा प्रवाह र परिचालन, आफ्ना सेवा विस्तार गरी रोजगारीको प्रर्वद्धनमा सहयोग गर्ने गर्दछन्। बैंक तथा वित्तिय संस्थाहरुको भूमिका निम्नानुसार हुनेछ।

- लगानीका लागि कर्जा प्रवाह
- पूँजी निर्माण र परिचालन

- सेवा विस्तार
- साना, ठूला उद्योग तथा वृहत आयोजनाहरुमा पूँजी लगानी
- रोजगारी लगानी

### २.६.७ नीजि क्षेत्र

विकास योजनाको कार्यान्वयनमा नीजि क्षेत्रको भूमिकालाई महत्व दिईएको छ । पूर्वाधार विकासमा श्रोत खोजी परिचालन तथा समन्वय निर्माण र रोजगारी अभिबृद्धिमा नीजि क्षेत्रको भूमिका रहने छ । आर्थिक समृद्धि र विकासको मुख्य साझेदारको रुपमा स्थापित हुदै श्रम र प्रविधि मार्फत पूजी निर्माण गर्न समन्वयकारी भूमिका रहने छ । निर्धारित लक्ष्य हासिल गर्दै आगामी संभावना र कार्यक्रमहरु तयारी गरी अभिलेख स्थापनामा समेत नीजि क्षेत्रको भूमिका रहने छ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- क्षेत्र पहिचान तथा लगानी प्रवर्द्धन गर्ने ।
- बजार विकास तथा विस्तार गर्ने ।
- समन्वय, सहकार्य र साझेदारी गर्ने ।
- प्रविधि विकास तथा विस्तार र पूजी निर्माण
- वित्तिय परिचालन गर्ने ।
- सार्वजनिक निजि साझेदारी लगानी अवधारणामा काम गर्न जोड दिने ।
- सामाजिक उत्तरदायित्व वहन गर्ने ।
- आर्थिक अवसर खोजी तथा रोजगारी वृद्धि गर्ने ।
- नयाँ संभावना पहिचान तथा खोजी गर्ने ।

### २.६.८ नागरिक समाज एवम् समुदाय

विकास योजनाको कार्यान्यनमा सामाजिक परिचालन एवं नागरिक सहभागिता मार्फत योजना कार्यान्व्यन, मितव्ययिता र अनुगमन मूल्याकंन गरी आगामी क्रियाकलापहरु किटान तथा कार्यान्वयनमा नागरिक समाज एंव समुदायको भूमिका रहनेछ । लक्षित वर्ग पहिचान, सुशासन अभिबृद्धि र पारदर्शिता कायम गरी स्थानीय साझेदारी सहितको खवरदारी गर्न यसको भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- सुशासन अभिबृद्धि र पारदर्शिता कायम
- स्थानीय लगानी र साझेदारीका खोजी
- समन्वय र सहकार्य तथा नागरिक खवरदारी

### २.६.९ राजनीतिक दल

यस योजना तयारी तथा कार्यान्वयनमा राजनीतिक दलको भूमिका महत्वपूर्ण छ । योजना तयारी, अद्यावधिक तथा यसले लक्षित गरेको उपलब्धि हासिल गर्न सहभागितात्मक प्रकृयाको आधारमा माग सम्बोधन र कार्यान्वयनमा भूमिका रहने छ । स्थानीय आवश्यकता अनुसार नीतिगत रुपमा सहजता स्थापना गर्न तथा कार्यक्रमको लागि स्रोत, साधनको खोजी र परिचालनमा समेत भूमिका रहनेछ । सरकारी, निजी तथा गैह्सरकारी निकायहरुबाट संञ्चालित कार्यक्रमहरुको अनुमगन, मूल्याकंन तथा पृष्ठपोषणको सहित आगामी मार्गनिर्देशनमा समेत महत्वपूर्ण भूमिका रहनेछ । स्थानीय तहहरुको लक्ष्य अनुसारको गतिविधि संञ्चालन र प्रकृयागत रुपमा सहज पार्ने भूमिका र नेतृत्व विकास पनि राजनीतिक दलको भूमिका अनुमान गरिएको छ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- योजना तर्जुमा र कार्यक्रम कार्यान्वयनको वातावरण सृजना गर्ने
- स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार
- श्रोत साधन खोजी तथा परिचालन
- समन्वय, सहकार्य र साझेदारी
- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

## २.७ छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँग विकासको रणनीतिक, सम्बन्ध र अवसरको समीक्षात्मक विश्लेषण

राप्ती गाउँपालिकाको भौगोलिक अवस्थिति आफैंमा एक महत्वपूर्ण विकास अवसर हो । भौगोलिक रुपमा भित्रि मधेश तथा चुरे क्षेत्रभित्र यो गाउँपालिका फैलिएको छ। त्यसैगरी यो अर्घाखाँची र प्यूठान जिल्लासँग सीमा जोडिएको छ। यो गाउँपालिका पूर्वपश्चिम राजमार्गमा भएको, नेपालको पूर्वपश्चिम तथा मध्यपश्चिमको उत्तर दक्षिण जोड्ने सम्पर्क स्थान भएकोले यातायात संजालको दृष्टिकोणले मजवुद रहेको छ। पूर्वी र पश्चिमी राजमार्गले नेपालको सवै जिल्लासँग सम्पर्क स्थापना गर्न सहयोग गरेको छ। राप्ती जलाधार तथा उपजलाधार क्षेत्रको समुचित दिगो विकास र स्रोत परिचालनको लागि राप्ती संभावित क्षेत्र हो । अन्न उत्पादनको लागि आवश्यक पर्ने सिंचाईको उद्गम स्थलको रुपमा र जल परिचालनको लागि राप्ती नदी महत्वपूर्ण छ। अन्तर जिल्ला समन्वयको दृष्टिकोणले राप्तीको संभावना तथा अवसरहरुको रुपमा जलस्रोत, वनजन्य उत्पादन, बिद्युत प्रसारण, वन, सडक तथा पुल संञ्जाल, नदी तथा प्राकृतिक स्रोत परिचालन आदि पहिचान भएका क्षेत्रहरु हुन  साथै व्यापारीक तथा आवासीय दृष्टिकोणवाट यो गाउँपालिका एक महत्वपूर्ण स्थान हो । एकीकृत ग्रामीण विकास योजना सम्वन्धमा राप्ती गाउँपालिकाको छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँगको अन्तरसम्बन्ध तलको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

### छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँगको अन्तरसम्बन्ध विश्लेषण

| क.स. | जिल्ला | विकासका आधार | जिल्लासँग अन्तरसम्बन्ध | विकासमा साझेदारीको ढाँचा |
|---|---|---|---|---|
| १ | प्यूठान र अर्धाखाँची | • कृषि (उत्पादन, प्रशोधन, उद्योग तथा बजारीकरण)<br>• औद्योगिक विकास र व्यापार व्यवसाय<br>• पर्यटन विकास<br>• जलश्रोत<br>• वन जंगल<br>• सडक तथा यातायात संजाल<br>• प्राविधिक शिक्षा तथा गुणात्मक स्वास्थ्य उपचार | • कृषि तथा सिँचाई<br>• पर्यटन प्रवर्द्धन<br>• जलविद्युत प्रसारण तथा जैविक उर्जा<br>• वन तथा जडीबुटी, चोरी निकासी नियन्त्रण<br>• प्राकृतिक स्रोत उपयोग तथा कर<br>• उद्योगधन्दा कलकारखाना, मूल्य अभिवृद्धि, भण्डारण, प्रशोधन, बजारीकरण र दोहोरो व्यापारिक सम्बन्ध<br>• स्वास्थ्य अस्पताल, ट्रमासेन्टर<br>• प्राविधिक शिक्षा<br>• सडक तथा भौतिक पूर्वाधार विकास<br>• नदी व्यवस्थापन (रिभर लिंकेज) तथा श्रोत संरक्षण<br>• वातावरण संरक्षण<br>• प्रकोप न्यूनिकरण, चुरे क्षेत्र, नदी कटान भूक्षय<br>• विपद व्यवस्थापनः आपतकालिन उद्धार सेवा<br>• जनसंख्या व्यवस्थापन (वसाई सराई)<br>• शहरीकरण<br>• फोहोरमैला व्यवस्थापन | • साझा कार्ययोजना,<br>• संयुक्त परियोजना विकास<br>• संघीय तथा प्रान्तिय योजनाका लागि संयुक्त पहल,<br>• तुलनात्मक लाभका क्षेत्र पहिचान, प्राथमिकीकरण, समन्वय<br>• योजना समन्वय<br>• संयुक्त लगानीमा नमुना परियोजना तय गरी कार्यन्वयन (कृषि उपज, प्राकृतिक स्रोत उपयोग, उर्जा, पर्यटन, नदी व्यवस्थापन, वन र पानीको मूल संरक्षण<br>• जैविक मार्ग संरक्षण र विकास |

# परिच्छेद ३

# एकीकृत ग्रामीण विकास योजना तर्जुमा तथा लक्ष्य निर्धारण

## ३.१ पृष्ठभूमि

एकीकृत ग्रामीण विकास योजना मूलतः स्थानगत विशेषता तथा संभावनाहरुमा आधारित बहु बिषयक योजना हो । विकास योजनाले दीर्घकालिन सोच तथा उद्धेश्यहरु प्राप्त गर्न गर्नका लागि आवश्यक रणनीति, प्राथमिकता क्षेत्र पहिचान तथा कार्यनीतिहरु तयार गरी दिगो विकासको लागि भविष्यको मार्गचित्र तयार गर्दछ । यस प्रकृयामा स्थानीय विकास साझेदार एंव सरोकारवालाहरुको पहिचान भई प्रभावकारी परिचालन तथा समन्यको आधार तयार भएको हुन्छ ।

स्थानीय तहको अगुवाईमा तयार गरिने योजना तर्जुमा नीतिगत र व्यवहारिक दुवै रुपमा आवश्यक हुन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले हरेक स्थानीय तहलाई कम्तिमा ५ वर्षको लागि एकीकृत ग्रामीण विकास योजना तर्जुमा गर्नुपर्ने र सोही योजनाको आधारमा बार्षिक योजना तर्जुमा गर्नुपर्ने व्यबस्था गरेको छ ।

यो आवधिक योजना स्थानीय क्षेत्रको संभावना तथा आवश्यकताका आधारमा विकासको पहिचान, कार्यक्रम निर्धारण एवं स्रोत साधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, विश्वास दिलाउने र विकासमा न्याय स्थापित गर्ने महत्वपूर्ण उपाय हो । यो एकीकृत ग्रामीण विकास योजनामा संञ्चालन हुने सवै प्रकारका कार्यक्रमहरुलाई निर्देशित गर्ने, सेवाप्रदायक र सेवाग्राही दुवै निकायलाई सवै क्षेत्रमा परिचालन हुने, मार्गदर्शन गर्ने जस्ता सवै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन्, मनन्, मूल्यांकन, विश्लेषण, परामर्श र सहमतिमा सहभागितात्मक रुपमा तयार गरिएको साझा एंव प्रतिवद्धताको दस्तावेज हो ।

## ३.२ एकीकृत ग्रामीण विकास योजनाका आधारहरु

एकीकृत ग्रामीण विकास योजना तर्जुमाको लागि वडास्तरमा सरोकारवालाहरुसँग कार्यशाला गोष्ठी संञ्चालन गरी गोष्ठीवाट आएका सूचनाहरुको आधारमा विकास योजनाका आधारहरु तय गरिएको छ । कार्यशाला गोष्ठीले सडक निर्माण तथा स्तरोन्नती, सिंचाई विस्तार, पूर्वाधार विकास, सामाजिक विकासमा शिक्षा, स्वास्थ्य, समावेशी विकास, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन, कृषि तथा पशुपालन, घरेलु तथा साना उद्योग प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाह, संस्थागत क्षमता विकास र वातावरण तथा विपद् व्यबस्थापन आदि विकासका प्राथमिक र मुख्य आधारका रुपमा पहिचान गरेको छ । विकासका प्राथमिकताका आधार एवम् औचित्य देहाय बमोजिम दिइएको छ ।

### ३.२.१ आर्थिक विका

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| कृषि तथा पशुपालन | • कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र र अधिकांश समुदाय कृषि र पशुपालन व्यबसायमा प्रत्यक्ष संलग्न भएका छन् ।<br>• प्रधानमन्त्री कृषि आद्युनिकिकरण कार्यक्रम अर्न्तगत मकै उप्पादनको लागि सुपर जोनको रुपमा छनौट भएको छ ।<br>• कृषि तथा पशुपालनलाई सम्मानित पेशाको रुपमा गरिवी निवारणसँगको तारतम्य मिलाउन सरकारी तथा गैह्सरकारी क्षेत्रबाट प्रयासहरु शुरुवात गरिएका छन् ।<br>• खेतियोग्य भूमिमा आद्युनिक कृषि कृषि प्रणाली र यान्त्रीकरणको लागि कृषि समूह तथा विभिन्न सहयोगी निकायहरु कार्यरत रहेका छन् ।<br>• उन्नत र नश्ल सुधार गरिएका पशुपालन प्रवर्द्धन नीति स्तरमा शुरुवात भएका छन् भने त्यसलाई अनुदान प्रकृयामा सहयोग गर्न विभिन्न निकायहरु सकारात्मक रहेका छन् ।<br>• तरकारीबाली उत्पादन र कुखुरापालन व्यबसायप्रति कृषक समुदायमा आर्कषण रहेको छ ।<br>• खाद्यबालीका साथसाथै मुसुरो, रहर, मास जस्ता दलहनबाली उत्पादन हुने गरेको छ भने तोरी, अर्सी तथा क्यामोमाइल र मेन्था, सुर्यमुखि लगायतका तेलहनबाली पनि प्रसस्त उत्पादन हुने गरेको छ ।<br>• भौगोलिक स्वरुपको अनुकुलता अनुसार आँप, लिची, अम्बा, केरा जस्ता फलफूल उत्पादन हुने गरेको छ ।<br>• राप्ती नदी स्रोत भएका प्रगन्ना सिंचाई आयोजना र अन्य सानाठूलाा सिंचाई मार्फत सिंचाई सुविधाको उपलव्धता र भूमिगत सिंचाई केही भागहरुमा प्रवन्ध गरिएको छ ।<br>• स्थानीय स्तरमा कृषि तथा प्राविधिक जनशक्तिको उपलब्धता र परिचालनको लागि गाउँपालिका, एग्रोभेट, नीजिक्षेत्र र गैहसरकारी क्षेत्रबाट मध्यम स्तरका जनशक्ति परिचालन गरिएको छ ।<br>• देउखुरी उपत्यकामा तुलनात्मक रुपमा सिंचाई सुविधा सहज भएको र उर्भरा भूमि भएकोले खाद्य सुरक्षाको स्थिति मजवुद रहेको छ । |

| | |
|---|---|
| **उद्योग व्यपार र वैंकिंङ्ग** | • सार्वजनिक नीजि क्षेत्र मार्फत व्यापार उद्योग प्रवर्द्धनका लागि संगठित संस्थाको रुपमा राप्ती उद्योग बाणिज्य संघ र सिसनिया उद्योग बाणिज्य संघ कृयाशिल रहेका छन्<br>• स्थानीय कच्चा सामाग्रीमा आधारित निर्माण सामाग्रीसँग सम्बन्धित उद्यम तथा उद्योगको विकास शुरु भएको छ।<br>• व्यापार तथा व्यबसाय संञ्चालनको लागि विशेषगरी पूर्व पश्चिम राजमार्ग जोडिएको साना बजारी क्षेत्रहरु व्यापारिक केन्द्रको रुपमा विकास हुदै व्यापार फष्टाएको देखिन्छ ।<br>• पुँजी संकलन, परिचालन र वित्तिय कारोकार गर्ने बैंक, सहकारी तथा अन्य संघसंस्थाहरु स्थापना भएका छन् । |
| **पर्यटन** | • श्री स्वस्थानी व्रतकथामा उल्लेख भएअनुसार महादेव पत्नी सतिदेवीको देब्रे घुँडा पतन भएको भन्ने पौराणिक महत्वको रुपमा देवीकोटमा रहेको भद्राक्षीदेवी मन्दिर प्रसिद्ध रहेको छ ।<br>• गाउँपालिकाको प्रयासमा विभिन्न पर्यटकीय क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि गुरुयोजनाहरु तयार गरिएको छ ।<br>• धार्मिक तथा सास्कृतिक पर्यटन अर्न्तगत खड्गेश्वरी, हर्षेडाँडा, भद्राक्षदेवी र खौराहावावा, श्रीनगर डाँडा, भिम बगैचा, भुल्के, बगरापुर, वसन्तपुर सिद्धेश्वर मन्दिर, एतिहासिक शिव मन्दिर, अम्बेश्री मन्दिर महत्वपूर्ण छन् ।<br>• बाली उत्पादनमा विबिधता रहेको र मौषम अनुकुल भएकोले कृषि पर्यटनको लागि विशेष महत्वपूर्ण स्थान छ।<br>• देउखुरी उपत्यकाको समथर भूभाग र उत्तरी साना चुरे पहाड क्षेत्र समेट्ने यो गाउँपालिका दृश्यावलोकनको लागि समेत मनोरम रहेको छ ।<br>• मध्य पश्चिमको प्रमुख नदीको रुपमा रहेको राप्ती नदिमा सहासिक जलयात्रा र्‍याफिटङ्ग र फिसिङ्गको संभावना रहेकोले पर्यटन प्रवर्द्धनको बलियो आधार रहेको छ ।<br>• पर्यटकीय सेवा तथा सुविधा अर्न्तगत पूर्व पश्चिम राजमार्गको भालुवाङ बजारमा सामान्य सूचना सामाग्री तथा उद्योग बाणिज्य संघले परामर्शको सेवा उपलब्ध गराउने गरिएको छ ।<br>• आदीबासी जनजाति थारु चौधरी, मगर र गुरुङ,जातिको मौलिक सांस्कृतिक परम्परा रहेकोले सास्कृतिक पर्यटन र होमस्टेको लागि पर्याप्त आधारहरु रहेका छन् । |
| **भूउपयोग र भू स्वामित्व** | • दक्षिणी भाग राप्ती नदीको किनारी तथा सिंचित क्षेत्रमा कृषिको लागि खेती योग्य जमिन प्रयोग हुदै आएको छ ।<br>• गाउँपालिका कार्यालयले भवन निर्माण मापदण्ड तयार तथा स्वीकृत गरिसकेको छ ।<br>• सडकको क्षेत्राधिकार र भू उपयोग मार्फत नक्सापास मापदण्ड लागू गरिएको छ ।<br>• पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ किनारी भागमा बसोबास क्षेत्र धेरै रहेको छ ।<br>• राप्तीनदी कटान नियन्त्रणको लागि बृहद बाँध निर्माण गरी नदीकटान नियन्त्रणको कार्य शुरुवात गरिएकोछ । |

## ३.२.२ वन वातावरण

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| **वन सम्पदा** | • गाउँपालिका भित्र संरक्षित सामुदायिक वन क्षेत्रले ठूलो क्षेत्र ओगटेको छ ।<br>• राप्ती गाउँपालिका भित्र विभिन्न १४ वटा सामुदायिक वन उपभोक्ता समितिहरु कृयाशिल रहेका छन् ।<br>• समुदाय मार्फत व्यबस्थापन भएका सामुदायिक वनहरुले उपभोक्ताको आवश्यकता अनुसार वनजन्य काष्ठ पैदावार र घाँसदाउरा उपलब्ध गराउने गरिएको छ ।<br>• सामुदायिक वनको संरक्षण र विकास मार्फत भूक्षय नियन्त्रण र जैविक विविधता संरक्षणमा सहयोग पुगेको छ ।<br>• जलवायू परिवर्तनको असरबाट हुने क्षति कम गर्दै अनुकुलनका लागि जलवायु अनुकुलन गाउँ तयारीको कार्य शुरुवात गरिएको छ । |

| | |
|---|---|
| **जल सम्पदा तथा जलाधार** | • देउखुरी उपत्यकमा पर्ने यो राप्ती गाउँपालिका राप्ती नदी र यसका सहायक नदीको जलाधार क्षेत्रभित्र पर्ने भएकोल नदीजन्य श्रोत प्रयोग तथा परिचालनको लागि सहजता छ ।<br>• यस गाउँपालिका भित्र ११ वटा जलाधार तथा उपजालधार क्षेत्र पहिचान भएका छन् ।<br>• यस गाउँपालिका भित्र प्राकृतिक तथा मानव निर्मित ५ वटा साना ठूला ताल पोखरीहरु छन् ।<br>• सतही तथा भूमिगत दुवै प्रकारको जलभण्डार रहेको छ । जसको कारण सिंचाई सुविधा विस्तार र खानेपानी आपूर्तिको लागि श्रोतको रुपमा परिचालन गर्ने अवसर कायम रहेको छ ।<br>• राप्ती नदी क्षेत्र मत्स्यपालन तथा उत्पादनको लागि महत्वपूर्ण क्षेत्र हो । |
| **जैविक विविधता र वातावरणीय सेवा** | • भौगोलिक रुपमा भित्री मधेश, चुरे र निम्न पहाडी क्षेत्र मिलेर फैलिएको हुनाले जैविक विविधतामा पनि यो गाउँपालिका सम्पन्न छ । यहा भौगोलिक विविधता अनुसार फरक फरक महत्वका वनस्पती, जनावर, बुट्यान र जडीबुटीहरु पाईन्छन् ।<br>• राष्ट्रपति चुरे संरक्षण कार्यक्रम क्षेत्रको कार्यक्षेत्र भएकोले समुदायको जीविको पार्जन सुधार र पर्यापवरण संरक्षणको लागि लागनी आकर्षण गर्न संभव छ ।<br>• प्राकृतिक रुपमा रहेका खुल्ला क्षेत्र तथा सामुदायिक वन आसपास क्षेत्रका मनोरम स्थलहरुलाई पार्क निर्माण गरी सेवा प्रदान गर्न सकिने अवस्था छ ।<br>• यस गाउँपालिका क्षेत्रभित्र संरक्षण सूचीमा रहेको पंक्षी गिद्ध संरक्षणको पशुवृद्धाश्रम तथा गिद्ध संरक्षण क्षेत्र व्यवस्थापन गरिएकोछ ।<br>• यो गाउँपालिका राप्ती जलधार क्षेत्र, राप्ती नदी, अन्य सहायक नदी तथा प्राकृतिक पोखरीहरुसमेत रहेकोले जलजर जलिय जैविक विविधता अध्ययन अनुषन्धानको लागि समेत अनुकुल छ । |
| **विपद् व्यवस्थापन** | • राप्ती नदी तट क्षेत्र नदीकटान र डुवानको दृष्टिकोणले संवेदनशील क्षेत्रको रुपमा रहेकोले विपद् जोखिम न्यूनिकरणका लागि सतर्कताका प्रयासहरु भैरहेको छ ।<br>• छिमेकी लमही नगरपालिका तथा गढवा गाउँपालिकासँग संयुक्त साझेदारीमा आपतकालिन उद्धार सेवाका प्रयासहरु भैरहेको छ ।<br>• विपद्को अवस्थामा आपतकालिन उद्धार तथा पुर्नस्थापनको लागि कार्ययोजना तयार भएको छ ।<br>• स्वास्थ्य संस्था तथा अन्य संस्थाहरुमा गरी जम्मा ५ वटा एम्बुलेन्स संञ्चालन छन् ।<br>• आपतकालिन अवस्थामा प्रयोग गर्न सकिने अवस्थाका खुल्ला क्षेत्र र खेलमैदानहरु गाउँपालिका भित्र रहेका छन् ।<br>• स्थानीय गाउँपालिकाको वडा न. १ भालुवाङमा ससस्त्र प्रहरी गुल्म स्थापना गरिएको छ ।<br>• वस्ती स्तरमा जोखिम न्यूनीकरण कार्ययोजना तयारी शुरुवात भएको छ ।<br>• वडा स्तरमा विपद् व्यवस्थापन समितिहरु क्रियाशिल छन् ।<br>• स्थानीय स्तरमा विपद व्यवस्थापनका लागि सामुदायिक संस्थाको रुपमा रेडक्रस क्रियाशिल छ । |

## ३.२.३ सामाजिक क्षेत्र

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| शिक्षा | • स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिका अर्न्तगत शिक्षा विभाग हेर्ने अलग्यै संयन्त्र र स्रोत व्यबस्थापन गरिएको छ ।<br>• राप्ती गाउँपालिका शैक्षिक अवसरको दृष्टिकोणले सम्पन्न छ । यस गाउँपालिका भित्र बालविकास केन्द्रदेखि उच्च शिक्षा सम्मको अवसरका लागि शैक्षिक संस्थाहरु रहेको छन् । यस भित्र ४(१ केन्द्र) वटा नमुना माध्यामिक विद्यालय र ३ आधारभुत विद्यालयहरु संचालित छन<br>• मध्य पश्चिमाञ्चलकै गौरवको रुपमा सिटिइभिटि मार्फत मान्यता प्राप्त राप्ती प्राविधिक शिक्षालयको स्थापना र संञ्चालन भएको छ ।<br>• अपाङ्गता भएका दृष्टिविहिन बिद्यार्थीहरुको लागि ब्रेल लिपी मार्फत शिक्षण गर्ने वातावरण गाउँपालिका भित्र रहेको छ ।<br>• यस गाउँपालिका पूर्ण साक्षर क्षेत्र घोषणा भैसकको क्षेत्र हो ।<br>• बिद्यालय शान्ति क्षेत्र आधार स्तम्भको रुपमा रहेको छ ।<br>• नि:शुल्क आाधारभुत शिक्षा |
| स्वास्थ्य | • स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्र सुधार तथा जनशक्ति व्यबस्थापनको लागि स्वास्थ्य तथा सामाजिक विकास शाखा स्थापना गरिएको छ ।<br>• गाउँपालिका २ वटा वडाहरुमा सुविधा सम्पन्न स्वास्थ्य चौकीको व्यवस्था गरिएको छ भने अन्य वडाहरुमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाको शुरुवात गरिएको छ ।<br>• सहस्राब्दी विकास लक्ष्यहरुको प्राप्तिको लागि व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सरसफाईका अभियानमूलक कार्यक्रम संञ्चालको लागि गाउँपालिका मार्फत स्थानीय स्तरका क्रियाकलापहरु छनौट गरिएको छ ।<br>• निजी स्वास्थ्य सेवा प्रदायकको रुपमा क्लिनिकहरु तथा मेडिकल संञ्चालन संञ्चालन भएका छन ।<br>• आपतकालिक सेवा तथा उद्धारको लागि ५ वटा एम्बुलेन्स संञ्चालनमा रहेका छन् ।<br>• धुवावाट हुने रोगहरुको न्यूनीकरणका लागि परम्परागत चुलोको सट्टामा सुधारिएको धुवाँरहित चुलो निर्माण शुरु भएको छ ।<br>• साथै स्वास्थयको पहुँच वढाउनको लागि रोमिङ स्वास्थय सेवा उपलब्ध गराइएको छ । |
| खानेपानी तथा सरसफाई | • ५५ प्रतिशत घरधुरीमा सुलभ रुपमा घरधुरीमानै खानेपानीको व्यवस्था पुगेको छ ।<br>• खानेपानीको व्यवस्थापनको लागि भूमिगत तथा सतही श्रोतको उपलब्धता छ ।<br>• चुरे क्षेत्रमा खानेपानीको श्रोतहरुको सुक्ने क्रममा रहेको र वस्तिहरु विस्थापित हुने क्रममा रहेकोले विकल्पको रुपमा खानेपानीका श्रोतहरु वस्तिभन्दा तल भएको क्षेत्रमा वैकल्पिक उपायको रुपमा सौर्य पम्पिङ मार्फत खानेपानीका योजनाहरु शुरुवात भएका छन् ।<br>• ८५ प्रतिशत घरधुरीमा मापदण्डयुक्त शौचालय प्रयोग प्रयोग भएको छ ।<br>• घरधुरीहरुबाट निस्कासन हुने फोहोर महिला व्यबस्थापनको लागि प्रयासहरु शुरुवात भएको छ ।<br>• साना सहरी क्षेत्र तथा बजारी क्षेत्रमा फोहरमैला संकलनको लागि ट्रयाक्टर मार्फत गाउँपालिकाबाट सङ्कलन शुरुवात गरिएको छ ।<br>• राजमार्ग आसपासमा पक्की ढलको व्यवस्था छ ।<br>• पूर्ण सरसफाई अभियानको प्रयासहरु अगाडी वढिरहेको छ । |

| | |
|---|---|
| महिला वालवालिका तथा सामाजिक समावेशीकरण | • गाउँपालिकामा स्थानीय सरकार संञ्चालन ऐन अनुसार समग्र महिला तथा बालबालिका क्षेत्र विकासको लागि महिला, बालबालिका तथा समाजकल्याण इकाई स्थापना गरिएको छ।<br>• महिला तथा सामाजिक समावेशीकरणमा सहभागीता वृद्धि भएको छ।<br>• गाउँपालिकाका सामुदायिक बिद्यालयहरुमा ३० वटा बालविकास केन्द्र स्थापना तथा संञ्चालना रहेका छन्।<br>• बालबालिकाको प्रत्यक्ष सहभागितामा गाउँपालिका भित्र २५ वटा बालक्लब स्थापना भएका छन्।<br>• २६.४ प्रतिशत महिलाको नाममा अचल सम्पत्ति रहेको छ।<br>• ३३ प्रतिशत घरहरुको धरमूली महिला रहेको छ।<br>• बालश्रमिकहरुको परिचालनमा न्यूनीकरणका प्रयासहरु जारी रहेकाछन्। |
| युवा खेलकुद र मनोरञ्जन | • सामुदायिक खेलमैदानहरुको उपलब्धता छ साथै खेलमैदान विस्तार गर्ने प्रसस्त आधारहरु छन्।<br>• पछिल्लो युवा खेलाडीहरु क्रिकेटखेल प्रति धेरै आकर्षण बढेको छ। यस गाउँपालिकाको सिमाना जोडिएको लमही नगरपालिकामा अर्न्तराष्ट्रिय स्तरको क्रिकेट रङ्गशाला निर्माणधिन छ।<br>• स्थानीय युवा समूह तथा युवा क्लबहरु सामाजिक रुपमान्तरणका लागि क्रियाशिल रहेका छन्।<br>• चखेवा ताल लगायतका प्राकृतिक तथा कृतिम पोखरी र पिकनिक स्थलहरु निर्माण भएका छन्।<br>• अन्तरराष्टिय राङ्गशालाको निर्माणको लागि स्थानको यकिन गरि सम्भावयता अध्यन भइरहेको छ। |
| कला भाषा र संस्कृति | • थारु जातीहरुको सांस्कृतिक थलोको रुपमा रहेको छ।<br>• आदिबासी जनजाति थारु, मगर आदिको सांस्कृतिक संग्रालय स्थापना गर्न सांस्कृति आधारहरु रहेका छन् साथै थारु सांस्कृति संग्रालय तथ अध्यन केन्द्रको स्थापनाको शुरुवात भएको छ।<br>• आफ्नो जातीय परम्परा अनुसारको संस्कृति र चाडपर्व अवलम्बन गर्ने गरिएको छ। |
| शान्ति सुरक्षाको अवस्था | • यस गाउँपालिकाको वडा न. १ भालुवाङ्गमा सशस्त्र प्रहरी गण रहेको छ।<br>• इलाका प्रहरी कार्यालय र प्रहरी चौकी भएको हुनाले सुरक्षाको लागि व्यवस्थित पूर्वाधार रहेको छ।<br>• राजमार्गको विभिन्न क्षेत्रमा प्रहरी विट स्थापना रहेको छ। |

## ३.२.४ भौतिक पूर्वाधार

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| यातायात | • पूर्व पश्चिम राजमार्गको भालुवाङ - लमही सडक खण्डको सिङ्गेसम्म (१५ किलोमिटर) र भालुवाङ - देखि गनाहाखोला सम्म ७ कि.मी. कालोपत्रे सडक भाग यस गाउँपालिकमा पर्दछ।<br>• गाउँपालिकाबाट विनियोजन हुने प्रत्येक आर्थिक बर्षको बार्षिक बजेटमा सडकनिर्माण तथा स्तरोन्नती उच्च प्राथमिकता सहित बजेट विनियोजन हुने गरेको छ।<br>• राप्तीको गौरवको रुपमा रहेको राप्ती रिङ्गरोड लगायतको अन्य ठूला सडकहरुको विस्तृत परियोजना प्रतिवेदन तयारभई कार्य आरम्भ गरिएको छ।<br>• नगर तथा गाउँ सडक गुरुयोजना तयार गरिएको छ।<br>• ७१.२३ कि.मि को ३ वटा नगरस्तरीय सडकहरु रहेका छन् भने बाँकी सडकहरुको स्तरोन्नतिको क्रममा रहेको छ।<br>• वडाहरु जोड्ने सहायक तथा ग्रामीण कच्ची सडकहरुको संजाल निर्माण भएका छ।<br>• नियमित रुपमा लामा दुरीका तथा छोटो दुरीका यात्रु वाहक सवारी साधन संञ्चालनमा रहेको छ।<br>• सार्वजनिक वस यातायातको लागि वडा न. १ भालुवाङ्गमा बसपार्क निर्माणको चरणमा छ।<br>• पक्की मोटरेवल पुलहरुको निर्माण भएका र केही डिपिआर उच्च प्राथमिकतामा कार्यान्वयन भईरहेका छन्। |

| | |
|---|---|
| **विद्युत तथा वैकल्पिक उर्जा** | ● सामुदायिक वन प्रसस्त रहेको यस गाउँपालिकाको ५१.७४ प्रतिशत घरधुरीले खाना दाउराले पकाउने गर्दछन् ।<br>● यस गाउँपालिकाको कुल घरधुरी मध्ये ३१.४४ प्रतिशत घरधुरीले सिलिण्डर ग्याँस मार्फत खाना पकाउने गर्दछन् ।<br>● पशुपालन लागि पर्याप्त संभावना भएको यस गाउँपालिकाको १६.३९ प्रतिशत घरधुरीमा बाँयोग्यास जडान गरिएको छ । वडा न. ८ को बिजौरी वस्तीलाई बायोग्याँसको लागि नमूना वस्तीको रुपमा तयार गरिएको छ ।<br>● नेपाल बिद्यूत प्राधिकरण मार्फत वितरण गरिएको राष्ट्रिय प्रसारण लाईन ९०.६८ प्रतिशत घरले उज्यालोको लागि प्रयोग गर्ने गरको पाईन्छ भने विद्यूत विस्तार हुन नसकेको वस्तीहरुमा गाउँपालिकाको बार्षिक कार्यक्रम मार्फत विद्यूत विस्तार उच्च प्राथमिकतामा परेको छ ।<br>● स्वच्छ ऊर्जा प्रवर्द्धन र धुँवाबाट हुने नकारात्मक असर न्यूनिकरणको लागि सुधारिएको चुलो निर्माण प्रति समुदाय ईच्छुक हुनका साथै बगासोती, झुल्के आदि क्षेत्रमा चुलो निर्माण नमूनाको रुपमा शुरुवात गरिएको छ । |
| **संचार तथा प्रविधि** | ● मध्यपश्चिको प्रमुख यातायात केन्द्र भएको साथै यातायातको सहज पहुँच भएकोले राष्ट्रिय दैनिक पत्रिकाहरु नियमित रुपमा आउने गर्दछन् ।<br>● स्थानीय स्तरमा साप्ताहिक देऊखुरी टुडे नामक पत्रिका प्रकाशन हुने गरेको छ ।<br>● गाँउपालिकको गतिविधि साप्ताहिक रुपमा प्रशारण भइरहेको छ ।<br>● राप्ती टेलिभिजन, राप्ती एफ.एम. तथा गाउँपालिकाको आधारिक सामाजिक संञ्चालन पेज मार्फ गाउँपालिका गतिविधिहरु नियमति रुपमा प्रसार गर्दै गरिएको छ ।<br>● नेपाल टेलिकमका पाखापानी कार्यालय स्थापना गरी सेवा प्रदान गरिएको छ ।<br>● ५०० वाटको रेडियो राप्ती ९८.४ मेघाहर्ज स्थापना तथा प्रसारण हुदै आएको छ ।<br>● गाउँपालिकाका मार्फत प्रदान गरिने सेवा तथा सुविधाबारे जानकारीकाले लागि बिद्यूतीय प्रविधि प्रयोग शुरु गरिएको छ ।<br>● गाउँपालिकाको समग्र वस्तुस्थिती विवरणमा पहुँच बृद्धिका लागि मोवाएल एप तयार गरिएको छ । |
| **आवास तथा भवन** | ● पूर्व पश्चिम राजमार्ग आसपासका क्षेत्रहरुमा बजारीकरण बड्दै गएको छ ।<br>● गाउँपालिकाकाले भू उपयोग नीति अनुसार आवास क्षेत्रको पहिचान गरी नक्सापास मापदण्ड तयार गरेको छ ।<br>● गाउँपालिकाका क्षेत्रभित्र निर्माण भएका र निर्माण हुने संरचनाको लागि नक्सापास प्रकृयालाई गाउँपालिका मार्फत सहजीकरण गर्न विकल्प तयार गरिएको छ ।<br>● गाउँपालिका भित्र करिव ४४ प्रतिशत घर पक्की ढलान गरिएर निर्माण भएको छ ।<br>● विभिन्न वडाहरुमा ९ वटा सरकारी भवनहरु मार्फत सेवा प्रवाह भैरहेको छ र बाँकी वडाहरुमा वडा कार्यालय सहित सरकारी भवन निर्माणको चरणमा रहेका छन् ।<br>● आवश्यक्ता अनुसार टोल वस्तीमा सामुदायिक भवनहरु पनि निर्माण गरिएको छ । |

## ३.२.५ संस्थागत तथा सुशासनको स्थिति

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| संस्थागत संरचनाहरु | ● साविकको तीनवटा गाविसको वडाहरुलाई पुर्नसंरचना गरी ९ वटा वडाहरुमा गाउँपालिकालाई विभाजन गरिएको छ ।<br>● वडा कार्यालयमा स्थानीय सरकार संञ्चालनको प्रावधान अनुसार बिषयगत जनशक्ति व्यबस्थानको कार्य व्यबस्थापन गर्दै लगिएको छ ।<br>● गाउँ सभामा जम्मा ४९ सभा सदस्य  रहनु भएको छ ।<br>● गाउँ कार्यपालिकामा १७ सदस्य कृयाशिल रहेको छ ।<br>● ६ विषयगत समितिहरुको व्यवस्था<br>● ९३ टोल विकास संस्थाहरु कृयाशिल रहेका छन् । टोलविकास संस्थाहरुलाई क्षमता विकासको कार्यक्रम निरन्तर संञ्चालन भएको छ ।<br>● १३ सरकारी कार्यालयहरु मार्फत हाल सेवा प्रदान भइरहेको छ ।<br>● गाउँपालिकाको संस्थागत गतिविधिहरु वेभसाईड तथा बिद्युतीय माध्यमबाट सार्वजनिक गर्ने गरिएको छ ।<br>● जनतालाइ सुसजित गर्न प्रत्यक वडा कार्यलयमा सार्वजनिक सुनाइ तथा समिक्षा र गाँउपालिका स्तरीय वर्षमा ३ पटक सार्वजनिक सुनाइ, सामाजिक परिक्षण नियमित अनुगमन, वर्हिगमन(अन्तरक्रिया कार्यक्रम) नियमित रुपमा संञ्चालन हुदै आएका छन् ।<br>● वडा कार्यालय तथा सार्वजनिक सेवा प्रदायक कार्यालहरुमा प्रदान गरिने  सेवा तथा विधिबारे सर्वसाधारणको जानकारीको लागि नागरिक वडापत्र राखिएको छ ।<br>● गाउँपालिकामार्फत सम्पन्न गरिने कृयाकलापहरु तथा सार्वजनिक महत्वका सूचनाहरु आधिकारी समाजिक संञ्जाल पेज मार्फत नियमित सार्वजनिक गर्ने गरिएको छ । |

## ३.२.६ वित्तिय व्यवस्थापन

| | |
|---|---|
| राजश्व | ● स्थानीय स्तरमा गाउँपालिकाले उठाउन पाउने करको दायरा किटान गरी नितिगत कार्यविधि तयार भएको छ।<br>● राजश्व परामर्श समिति गठन तथा परिचालन<br>● संघ, प्रदेश र स्थानीय तह विचको राजश्व वाँडफाँडको मार्गदर्शन<br>● स्थानीय स्तरमा कर, राजस्व संकलन तथा परिचालन शुरु भएको छ<br>● करको दायरा निर्धारण<br>● प्राकृतिक श्रोतवाट उठ्ने राजश्व निर्धारण<br>● राप्ती नदीमा नदीजन्य श्रोत परिचालनको लागि ठेक्का मार्फत आन्तरी श्रोत संकलन भईरहेको छ । |
| अन्य | ● वैदेशिक लगानीको लागि समन्वय तथा साझेदारी<br>● स्थानीय गैर सरकारी संस्थाहरुको लगानी<br>● स्थानीय बचत, समुह सहकारी संस्थाहरुको पूजि परिचालन<br>● वैंक तथा वित्तिय संस्थाहरुको स्थापना |

### ३.३ दीर्घकालिन सोच र रणनीतिक दिशा

सहभागीतात्मक विकास प्रक्रियावाट तय गरिएको दिर्घकालिन सोच र रणनीतिक दिशा निम्नानुसार तय भएको छ । जसलाई एकीकृत ग्रामीण विकास योजना २०७५/७६ देखि २०७९/८० ले उपलब्धिमूलक वनाउने छ ।

### ३.३.१ गाउँपालिकाको दीर्घकालिन सोचः

## "सुन्दर हराभरा समृद्ध राप्ती"
## शिक्षा, स्वास्थ्य, कृषी पर्यटन र पुर्वधार मार्फत समृद्ध राप्ती गाँउपालिकाको आधार

आगामी १५/२० बर्षको लागि राप्ती गाउँपालिकाको समग्र सामाजिक न्यायमा आधारित फराकिलो आर्थिक विकास र पूर्वाधार सहितको दिगो वातावरणीय विकासको लागि राप्ती गाउँपालिकाले मिति २०७५ पौष १२ र १३ गते दुई दिने गाउँपालिका स्तरीय कार्यशाला गोष्ठी आयोजना गरेको थियो । उक्त गोष्ठीमा गाउँपालिकाका निर्वाचित पदाधिकारीज्यूहरु, स्थानीय दलका प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, बिषयगत समितिका संयोजक एंव सदस्यहरु लगायत राप्ती गाउँपालिकालाई प्रतिनिधित्व गर्नुहुने संघसंस्था र सरोकारवाहरुको सर्वपक्षीय उपस्थिति रहेको थियो । उक्त कार्यशाला गोष्ठी मार्फत पहिचान भएको दीर्घकालिन सोच यस प्रकार रहेको छ ।

**दीर्घकालिन सोचको व्याख्याः**

सुन्दरः देउखुरी उपत्यकाको रमणीय स्थान, पूर्वी तथा दक्षिणी सिमावाट राप्ती नदी वहेको, राप्ती गाउँपालिकाको विच भागवाट पूर्वपश्चिम राजमार्गले चिरेर गएको, मुख्य क्षेत्र फाँटिलो, उर्वरभूमी, माथिल्लो क्षेत्र वन जंगलले ढाकेको र सम्पूर्ण क्षेत्र जतासुकैवाट सुन्दर र रमणीय देखिने राप्ती क्षेत्र सुन्दर रहेको छ । पर्यटकीय पूर्वाधारहरुले सम्पन्न भएपछि यो गाउँपालिका क्षेत्र पर्यावरण, कृषि, जैविक विबिधता, प्राकृतिक स्रोत भौगोलिक अवस्थिति आदिले सुन्दर हुनेछ । यो राप्ती क्षेत्र विभिन्न आदिबासी, जनजाति तथा अन्य मौलिक सांस्कृतिक परम्परा रहेका जातजातीहरुको समावेशी बसोबास रहेको छ । यहाँका समुदायले मान्दै आएका स्थानीय कला, धर्म, संस्कृति तथा मौलिक चाडपर्वहरुले राप्तीलाई अझ सुन्दर बनाएको छ । यसलाई थप आर्कषक बनाउन राप्तीवासीको जागरुकता, उत्साह र मेहनतले यहाँको सुन्दरतामा अझ निखार ल्याउने छ । आगामी विकास योजनाहरुले माथि उल्लेखित राप्तीको विशेषताको रुपमा रहेका सुन्दरतालाई उजागर गर्दै मनोरम र सुन्दर राप्तीको प्रत्याभूति भएको हुनेछ ।

हराभराः दाङ जिल्लाको गौरवको रुपमा प्राकृतिक स्रोत साधन अर्न्तगत वन जङ्गल पर्दछ । राप्ती गाउँपालिकाको उत्तरी क्षेत्र यस प्रकारका जङ्गल तथा विभिन्न प्रजातीको रुख विरुवाले भरिपूर्ण छ । प्राकृतिक स्रोतको रुपमा रहेको राप्ती नदीको सिंचित क्षेत्र यो राप्ती उपत्यका कृषि उत्पादनको लागि समेत प्रख्यात छ । फाँटिलो उब्जाऊ योग्य जमिन, खाद्य तथा नगदे र तरकारी बालीको प्रचुर संभावना यहाँ छ । यहाँको खेतिभूमिमा स्थानीय खेति प्रणालीको आधारमा बर्षभरीनै विभिन्न बालीहरु मार्फत उब्जाउ गर्न सकिन्छ । पूर्वाधारको बिकास क्रमसगै मझौला तथा ठूला सिंचाई आयोजनाहरुले राप्तीको हराभरामा थप योगदान पुऱ्याएको छ । जन चाहाना र वातावरणमैत्री अग्रगामी एकीकृत विकास प्रयासहरुले समग्र राप्तीलाई हरभरा र आर्कषक गर्दै नमूना गाउँपालिकाको रुपमा विकास भएको हुनेछ ।

समृद्धिः समृद्धि शब्दको अर्थ राम्ररी बढेको, पूर्ण रुपले बढेको, विकसित भएको, सप्रिएको, राम्रो बृद्धि, बढिबढाउ, सामार्थ्य र शक्ति भएको भन्ने कुरालाई जनाउँदछ । यसले राप्ती गाउँपालिकालाई उन्नत, शिक्षित, स्वच्छ तथा सामजिक, आर्थिक, पूर्वाधार तथा वातावरणीय विकास भएको गाउँपालिका भन्ने जनाउँदछ । राप्ती गाउँपालिको दीर्घकालिन सोचमा समाविष्ट समृद्धि शब्दले तल उल्लेख गरिएको बिषयलाई समेट्न खोजिएको छ ।

१. ग्रामीण तथा साना शहरी पूर्वाधारको पर्याप्त विकास भई सवै जनताको लागि ब्यवस्थित भएको
२. शिक्षा र स्वास्थ्य सेवा सुविधामा सुलभ र सहज पहुँच भई सवै जनताहरु शिक्षित, स्वास्थ्य भएको
३. गाउँपालिकाको संस्थागत क्षमता विकास भई सेवा तथा सुविधामा आम जनताको पहुँच भएको
४. उद्योग, व्यापार, पर्यटन, रोजगारी लगायतका समग्र आर्थिक विकास भई सवै जनसंख्या सम्पन्न भएको
५. कृषि तथा पशुपालन पेशा व्यासायिक र व्यवस्थित भई उत्पादन तथा उत्पादकत्वमा वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूती भएको
६. सामाजिक सुरक्षा, सामाजिक न्याय, अनुशासनको प्रत्याभूती भएको
७. वातावरणमैत्री स्थानीय शासन र विकास भएको

### ३.३.२ विकासको ध्येयः

**शिक्षा, स्वास्थ्य, कृषी पर्यटन र पूर्वधार मार्फत** उपलब्ध स्रोत-साधनको समुचित प्रयोगमा आधारित सहभागितामूलक योजनावद्ध दिगो विकासका माध्यमले राप्तीलाई सुन्दर, हराभरा र समृद्ध बनाउनु रहेको छ ।

### ३.३.३ विकासको लक्ष्यः

राप्ती गाउँपालिकामा सामाजिक, आर्थिक, पूर्वाधारको अवस्थामा सुधार गरी वातावरणमैत्री समुन्नत राप्तीको निर्माण गर्दै सहभागितात्मक तथा समावेशी विकासको माध्यमबाट सुविधासम्पन्न विकशित गाउँपालिकाको निर्माण गर्ने ।

### ३.३.४ राप्ती गाउँपालिकाको समष्टिगत विकासको उद्धेश्यहरुः

१. गाउँपालिकालाई आधारभूत पूर्वाधारले सम्पन्न बनाउने ।
२. समग्र आर्थिक उन्नती तथा समुदायको अवस्था सुधारको लागि कृषि, पशुपालन, पर्यटन र उद्योगधन्दाको विकास र प्रवर्द्धन गर्ने ।
३. राप्ती गाउँपालिका राप्ती क्षेत्रको व्यापारिक केन्द्र तथा नाकाको रुपमा विकास गर्ने ।
४. सामाजिक क्षेत्र विकासको लागि उपयुक्त वातावरण निर्माण गर्दै शिक्षा, स्वास्थ्य, समावेशीता र समाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
५. वातावरण संरक्षण, सम्बर्द्धन र फोहरमैलाको व्यवस्थापन गर्दै जलवायु परिवर्तनका असरहरु सँग जुध्न सक्ने अनुकुलनका उपाय मार्फत स्वच्छ, सफा र सुरक्षित गाउँपालिका तयार गर्ने ।
६. गाउँपालिका र वडा कार्यालय सहित अन्य सेवा प्रदायकहरुको संस्थागत क्षमता अभिबृद्धि गर्दै सेवा एवं सुविधालाई प्रविधि मैत्रीका साथ थप सर्वसुलभ र जनउत्तरदायी बनाउने ।
७. मावन सृर्जित तथा प्राकृतिक प्रकोप र जोखिम न्यूनीकरण गर्ने ।

## ३.४ विकासका निर्देशक सिद्धान्त

विकास योजनाको दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका निर्देशक सिद्धान्तहरु अवलम्बन गरिएको छ :

### ३.४.१ वातावरणमैत्री दिगो एवम् आत्मनिर्भरमुखी विकास

विकासका उपलब्धिहरुलाई दीर्घकालसम्म आत्मनिर्भरमुखी तरिकाले प्राप्त गर्न यस योजनाले विशेष प्राथमिकता दिएको छ । आत्मनिर्भरतामा आधारित विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय स्रोत साधन, सीप र सम्भावनाहरुको पहिचान र परिचालन गरिने छ । साथै कृषिमा व्यवसायीकरण, औद्योगिकरण, भौतिक पूर्वाधार विकासमा प्राकृतिक एवम् वातावरणीय सम्बेदनशील क्षेत्रहरुमा आघात नपुर्‍याई न्यून वातावरणीय क्षतिको सिद्धान्त अवलम्बन गरी पर्यावरणीय सम्वर्द्धन र सन्तुलन कायम राख्दै विकास निर्माणका कार्य सञ्चालन गरिनेछ । जलवायू परिवर्तनको असर न्यूनीकरणमा स्थानीय अनुकुलनका कार्यहरुमा विशेष ध्यान दिईने छ ।

### ३.४.२ स्रोतको समुचित व्यवस्थापन

राप्ती गाउँपालिकाको समष्टिगत विकासका लागि उपलब्ध स्थानीय स्रोत, साधन, सीप र प्रविधिको समुचित उपयोगमा आधारित विकास प्रयास आवश्यक रहेको छ । गाउँपालिकामा उपलब्ध श्रोत, विषयगत सरकारी निकाय, गैह्र सरकारी, सहकारी र निजी क्षेत्र मार्फत उपलब्ध हुने स्रोत, आन्तरिक तथा बाह्य स्रोतलाई भौगोलिक तथा विषयगत सन्तुलन र सामाजिक न्यायको सुनिश्चित हुने गरी समुचित व्यवस्थापनको प्रयास गरिनेछ । आन्तरिक स्रोत अभिवृद्धि गर्न क्षेत्र र विषयको पहिचान एवम् स्रोतको व्यवस्थापनलाई विशेष प्राथमिकता दिइने छ ।

### ३.४.३ लैंगिक समानता, सामाजिक न्याय र समावेशी विकास

विकास निर्माणका प्रत्येक चरणमा लैंगिक भूमिका विश्लेषण गरी महिलाहरुको सहभागिता अभिवृद्धि हुने वातावरण सिर्जना गर्नु पर्नेछ । यसै गरी विकासको प्रक्रिया र प्रतिफलमा सामाजिक आर्थिक दृष्टिले पिछाडि परेका/पारिएका विपन्न तथा गरीब, आदिवासी जनजाती, अल्पसंख्यक, मुस्लिम, भूमीहिन, अपाङ्गता भएका, एकल/विधवा महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक लगायतका क्षेत्र एवम् समुदायलाई विकासको मुलधारमा समाहित गरी समाजिक न्याय र समावेशी विकासको अवधारणालाई स्थानीय तहसम्म पुर्‍याउने तर्फ विशेष ध्यान दिईनेछ । लैङ्गिक समानता, समाजिक सुरक्षा, न्याय र समावेशीकरण सुनिश्चित गर्नका लागि सुविधा

विमुख समूहको सशक्तिकरणका विषेश कार्यक्रमहरु सञ्चालन गरिनेछ । नेपाल सरकारको लक्षित वर्ग कार्यक्रमलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउनु गाउँपालिकाको विशेष दायित्व हुने छ ।

### ३.४.४ साझेदारी एवम् सहभागितामूलक विकास पद्धति

विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा स्थानीय सरकार, विषयत सरकारी तथा गैर सरकारी निकाय, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा राष्ट्रिय एवम् अन्तरराष्ट्रिय दातृ संस्था र साझेदारहरुसँग समन्वय र सहकार्य गरी सम्पूर्ण सरोकारवाला निकायसँग साझेदारी सञ्चालन स्थापना गरिनेछ । आवश्यकता, समस्या र चासोका आधारमा स्थानीय समुदायको प्रत्यक्ष सम्लग्नतामा बस्ती स्तरबाटै छनौट भई आएका योजनाहरुको कार्यन्वयनमा विशेष जोड दिईनेछ ।

### ३.४.५ गरिबी न्यूनिकरण तथा रोजगारी

पिछडिएका ग्रामीण तथा विपन्न वर्गमा आयआर्जन एवम् रोजगारीको अवसर सिर्जना र विस्तार गरी आधारभूत आवश्यकताको परिपूर्तिका साथै भूस्वामित्वमा पहुँच एवम् सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तर्फ विकासका प्रयासहरु केन्द्रित गरिनेछ । खास गरी स्थानीय स्रोत, साधन, सीप र प्रविधि मार्फत स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न, उत्पादनमुलक श्रमको प्रवर्द्धन एवम् युवा स्वरोजगारका विशेष कार्यक्रमहरु कार्यन्वयन गरिनेछ ।

### ३.४.६ संस्थागत विकास, सुशासन तथा विकेन्द्रीकरण

विकासका प्रक्रिया र प्रतिफललाई व्यवस्थित, जनउत्तरदायी, जवाफदेहि, पारदर्शी, चुस्त दुरुस्त बनाउदै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सरकारी, नीजि, गैर सरकारी क्षेत्र, नागरिक समाज एवम् सेवाग्राही समुदाय समेतको सहभागितामा जोड दिईनेछ । संस्थागत विकास, सुशासन प्रवर्द्धन एवम् स्थानीय स्तर सम्म अधिकारको निक्षेपण, प्रत्यायोजन र कार्य विभाजनलाई अपनाईनेछ । सार्वजनिक सेवा प्रवाह र सामाजिक आर्थिक पूर्वाधार तथा सुविधाहरु लक्षित समूदाय, क्षेत्र सम्म पुर्‍याउन साझेदारीमा आधारित कुशल तथा चुस्त व्यवस्थापनको पद्धति अपनाईनेछ ।

### ३.४.७ सरकारी निजी तथा सहकारी साझेदारी

विकासका कार्यक्रमहरुलाई उत्पादन एवम् स्थानीय अर्थतन्त्रसँग जोड्दै स्रोतको समुचित एवम् कुशल व्यवस्थापन एवम् उच्च प्रतिफलमुखी र दिगो बनाउन सरकारी, नीजि तथा सहकारी वीचको उच्चतम् साझेदारीलाई अवलम्बन गरिनेछ । समुदायमा सहकारीका माध्यमबाट संकलित पूजी एवम् नीजि क्षेत्रको पूजी समेतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने तथा सरकारले निर्माण गर्ने भौतिक पूर्वाधारहरुलाई समेत स्थानीय अर्थतन्त्रको विकासमा समाहित गर्न तीनवटै क्षेत्रको सहकार्य र साझेदारीको उचित पद्धतिको विकास र अवलम्बन गरिनेछ ।

### ३.४.८ मानव संशाधन विकास

सामाजिक विकास तथा रोजगारी र आयआर्जनमा सहयोग पुर्‍याउने उत्पादनमूलक आर्थिक समृद्धिका क्रियाकलापहरु मार्फत समग्र विकासमा सहयोग पु-याउन दक्ष, योग्य, प्राविधिक एवम् जीवन उपयोगी शिक्षा प्राप्त मध्यम तथा उच्च स्तरका मानव संशाधन विकास तथा परिचालनमा विशेष जोड दिईनेछ । प्राविधिक शिक्षामा समुदायको पहुँच वृद्धि गरी सिपयूक्त जनशक्ति तयार गरिने छ । साथै वैदेशिक रोजगारीवाट सिप हाँसिल गरी फर्किएका जनशक्तिलाई प्रोत्साहन गर्दै स्थानीय स्तरमा परिचालन गरिनेछ ।

### ३.४.९ अन्तर निकाय साझेदारी

विकासका प्रयाशहरुलाई उचित प्रतिफलमुखी र दिगो बनाउन एवम् स्रोतको समन्वयतात्मक व्यवस्थापनका लागि तुलनात्मक एवम् प्रतिस्तर्धात्मक लाभ हासिल गर्न छिमेकी गाउँपालिकाहरुसँग समेत घनिष्ठ साझेदारी र सहकार्य गरी विकासका कार्यक्रमहरु तर्जूमा एवम् कार्यन्वयन गरिनेछ । अन्य क्षेत्रमा परीक्षण भई सफलता हासिल गरेका ज्ञान, सीप तथा प्रविधिहरुको प्रचार प्रचारमा साझेदारी मार्फत आपसी लाभका विकास कार्यक्रमहरु सञ्चालन तर्फ ध्यान दिईनेछ ।

### ३.४.१० दिगो विकासको लक्ष्यसँगको तालमेल

नेपाल सरकारले समेत प्राथामिकतामा राखी दिगो विकासका निर्धारित लक्ष्यहरु प्राप्तिका लागि राष्ट्रिय तथा स्थानीय प्रयासहरुलाई यस योजनामा समाहित गरी कार्यान्वयन गरिनेछ ।

## ३.५ प्रमुख रणनीतिहरु

- योजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियालाई सहभागितात्मक एवं पारदर्शी बनाउने र यस कार्यमा स्थानीय तह, विषयगत कार्यालय, गैसस र निजी क्षेत्रबीच साझेदारी कायम गर्ने ।

- मानव संसाधन विकासलाई संस्थागत गरी समग्र विकास र जनसाधारण स्वयंका लागि निर्धारित लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिमा जोड दिने ।
- विकासलाई प्रविधिमैत्री वनाउदै सूचना प्रविधिको पहुँच वढाउने ।
- विकास योजनाको कार्यान्वयन र अनुगमनमा लक्षित वर्गको कार्यक्रम तथा प्रत्यक्ष सहभागितालाई सुनिश्चिता गर्ने गराउने ।
- शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता आधारभूत विषयहरुमा गाउँपालिकाको भूमिका संस्थागत गर्ने ।
- पूर्वाधार विकास र सामाजिक परिचालन सम्बन्धी कार्यमा गाउँपालिकाको कार्यान्वयन भूमिकालाई क्रमशः न्यूनीकरण गर्दै त्यस्ता कार्यहरु उपभोक्ता समिति दर्ता, टोलविकास संस्था, गैसस र निजी क्षेत्रमार्फत गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय उत्पादन, अर्थतन्त्रको सवलीकरण र समुदायको जीविकोपार्जन (आम्दानी र रोजगारी) मा प्रत्यक्ष सघाउ पुर्याउने भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालनलाई प्राथमिकता र प्रोत्साहन गरिनेछ ।
- संरचना निर्माण वाल तथा अपाङ्गमैत्री वनाउने ।
- ग्रामीण पर्यटनको अवधारणालाई प्रोत्साहित गर्ने ।
- भूउपयोगको वैज्ञानिक व्यवस्थालाई प्रभावकारी बनाउन बस्ती विकास, बजारकेन्द्र र शहरीकरणलाई व्यबस्थित गर्न भौतिक पूर्वाधार विकासलाई अघि बढाइनेछ ।
- प्रभावकारी र वैज्ञानिक भूउपयोग नीतिले मार्गदर्शन गरे अनुरुप नयाँ राष्ट्रिय कृषि नीतिले परिलक्षित गरेका पकेट क्षेत्र विकास कार्यक्रम अनुरुप कृषिको व्यावसायीकरण, उत्पादन वृद्धि गर्दै औद्योगिकीकरण तर्फको रुपान्तरण नीतिलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ ।
- कृषि उत्पादनलाई व्यावसायीकरण, विविधिकरण तथा औद्योगिकीकरण गर्न सहकारिताको भावनालाई प्रोत्साहन गर्ने ।
- रोजगारमूलक व्यबसायिक सिपविकास तालिम तथा अवसरहरुमा दलित, आदीबासी जनजाती, अल्पसंख्यक, महिला एंव विपन्न वर्गको सहभागितालाई प्रवर्द्धन गर्ने ।
- वातावरणमैत्री प्रांगारिक कृषि उत्पादन क्षेत्रका रुपमा दिगो कृषि विकासलाई जोड दिइने छ ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारी र समन्वयमा विकास कार्यक्रम संञ्चालन गर्ने ।
- स्थानीय सरकारको आन्तरिक स्रोत बृद्धिका लागि स्रोत पहिचान, परिचालन र व्यबस्थापन गर्ने ।
- सामुदायिक वन समूह परिचालन गरी वन विकास र सामुदायिक विकास कार्य सञ्चालन गर्ने साथै चुरे संरक्षण र जलाधार व्यवस्थापनमा स्थानीय समुदायलाई परिचालन गरी विकास कार्य अगाडी वढाउने ।
- जलवायु परिवर्तन, विपद जोखिम व्यवस्थापन, दिगो विकास, वालमैत्री तथा वावतावरण मैत्री स्थानीय शासन प्रणालीलाई विकास योजनामा समाहित गर्ने ।
- भूउपयोग योजना, एकीकृत व्यवस्थित वस्ति तथा शहरी विकासको अवधारणा अनुसार पूर्वाधार विकास कार्यमा प्राथमिकता प्रदान गर्ने ।
- नतिजामा आधारित अनुगमन पद्धत्ति स्थापित गरी सुशासन प्रत्याभूती गर्ने ।

## ३.६ क्षेत्रगत कार्यनीति

| क्षेत्र | कार्यनिति |
|---|---|
| आर्थिक विकास नीति | ● कृषि प्रणालीलाई दिगो, व्यवसायिक, जलवायु परिवर्तन अनुकुलित बनाउदै समग्र कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्दै लगिनेछ ।<br>● राप्ती गाउँपालिकालाई प्रतिष्पर्धी उत्पादनलाई अग्रसर गराउदै अण्डा, दूध र मासु उत्पादनमा आत्मनिर्भर बनाईनेछ ।<br>● कृषि तथा पशुपालनमा कृषक तथा कृषि समूहलाई प्रोत्साहन गर्न उत्कृष्ठ अगुवा कृषकहरुलाई राप्ती कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।<br>● सहकारीमार्फत कृषि व्यवसायीकरण नीति प्राथमिकतामा राखिनेछ ।<br>● छरिएर रहेको पुँजी, सीप र उत्पादनलाई सहकारी मार्फत एकतृत गर्दै गरिवी निवारणको औजारको रुपमा प्रयोग गरिनेछ ।<br>● स्थानीय संभावनाको आधारमा हाटबजार निर्माणको लाग सराकोरवाहरुसँग सघन परामर्श गरी प्रकृया अगाडी बढाइनेछ ।<br>● वैज्ञानिकरुपमा सहभागितात्मक पर्यटन गुरुयोजना तयार गरी स्थानीय संभावनाहरुको विकासलाई एकीकृत रुपमा अगाडी बढाइने छ ।<br>● गाउँपालिका भित्रका मौलिक सास्कृतिक पहिचान बोकेका कम्तिमा ३ वटा वस्तीहरुमा होमस्टे संञ्चालनको लागि समुदाय परिचालन तथा क्षमता विकास गरिनेछ ।<br>● गाउँपालिकाको प्रमुख जलाधार राप्ती नदीमा र्‍याफ्टिङ प्रतियोगिता संञ्चालनको संभाव्यता अध्ययन गरी सहसायिक एवंम् मनोरञ्जनात्मक खेल प्रवर्द्धनकेन्द्रको रुपमा विकास गरिनेछ । |
| पूर्वाधार सम्बन्धी नीतिहरु | ● सडक निर्माण तर्फ राप्तीको गौरवको रुपमा रहेको राप्ती चक्रपथलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा गरिनेछ ।<br>● राप्तीगाउँपालिका भित्र एकीकृत सभाहल निर्माण गरी सार्वजनिक कार्यक्रमहरुलाई संञ्चालनमा सहजता बनाइनेछ ।<br>● गाउँपालिकाको गाउँनगर यातायात गुरुयोजनामा उल्लेख भएअनुसार सडक निर्माणमा तोकिएको मापदण्ड बमोजिम गरिनेछ ।<br>● राष्ट्रिय प्राथमिकतामा परेका ठूला पूर्वाधारहरु ( एयरपोर्ट, रेल स्टेसन) कार्यान्वयनका लागि स्थानीय समन्वय तथा साझेदारीको कार्यलाई आवश्यक सहयोग गरिनेछ ।<br>● गापाको उत्तरी क्षेत्र र दक्षिणी भू भाग जोड्ने सडकको स्तरोन्नतीका लागि तत्काल कार्य शुरुवात गरिनेछ ।<br>● गाउँपालिका भित्र निर्माण भएका ग्रामीण तथा शाखा सडकहरुलाई बाह्रैमहिना यातायात संञ्चालनको लागि सुधार गरी निर्माण अपुरो रहेको सडकलाई योजना अवधिभरमा सम्पन्न गरिनेछ ।<br>● गाउँपालिकाले स्वीकृत गरेको भवन निर्माण मापदण्डलाई लागू गर्दै इजाजत पत्र दिईनेछ ।<br>● गाउँपालिका भित्र घरनक्सा पासलाई एकतृत गर्नको लागि नक्सा डिजाइन परामर्शदाताहरुलाई पूर्व सूचिकृत गरी एकरुपता र सहुलियतपूर्ण तरिकाले सम्पन्न गरिनेछ ।<br>● भूमि प्रयोगलाई योजनाबद्ध किसिमले वर्गीकरण गरी आवश्यक प्रकृया अगाडी बढाइने छ ।<br>● योजना अवधिभरमा बिद्यूत नपुगेका सम्पूर्ण क्षेत्रहरुमा स्तरीय भोल्टेज सहित विद्यूत विस्तार गरिनेछ । साथै नवीकरणीय ऊर्जा प्रवर्द्धन गरिनेछ ।<br>● सभाभवन सहितको गाउँपालिका कार्यालय भवन र वडा कार्यालयहरु निर्माण गरिनेछ ।<br>● खेतियोग्य जमिनमा सिंचाईको लागि मझौला तथा ठूला योजनाहरु संञ्चालन गरिने साथै सतही जलले सिंचाई नहुने क्षेत्रमा भूमिगत पानीलाई डिपबोरिङ मार्फत सिंचाई विस्तार गरिनेछ ।<br>● हरियाली प्रर्वद्धनको लागि घरअगाडी बहुबर्षे बिरुवा रोप्न प्रोत्सहान गरिनेछ ।<br>● स्थानीय योजना पहिचान, छनौट र कार्यान्वयनमा स्थानीय टोलविकास संस्थाहरुलाई अधिकंतम परिचालन गरिनेछ । |

| | |
|---|---|
| **सामाजिक विकास क्षेत्र** | शिक्षा तथा खेलकुद:<br>● गाँउपालिका क्षेत्रभित्र संञ्चालित सामुदायिक बिद्यालयहरुलाई नमूना बिद्यालयको मापदण्ड बमोजिम पूर्वाधार र शैक्षिक स्तरमा सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै अन्य थप बिद्यालयहरुलाई नमूना बिद्यालयको रुपमा विकास गरिनेछ ।<br>● सवै सामुदायिक विद्यालयहरुमा शिक्षक बिद्यार्थी आचारसहिता तयार गरी लागू गरिनेछ ।<br>● निजी स्रोतमा कार्यरत शिक्षकको समानताको आधारमा तलब अनुदान रकम उपलब्ध गराईनेछ ।<br>● गाउँपालिका क्षेत्रभित्र सुविधा सम्पन्न खेलमैदान निर्माणको लागि पहल गरिनेछ ।<br>● गाउँपालिका स्तरीय  प्रतियोगितात्मक खेलहरु आयोजना गरिनेछ ।<br>● औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रम मार्फत साक्षर गाउँपालिकाको रुपमा पहिचान गरिनेछ ।<br>स्वास्थ्यतर्फ<br>● प्राथमिक स्वास्थ्य सेवामा सुलभ पहुँचका लागि  विभिन्न उपचारात्मक, प्रतिकारात्मक, र प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।<br>● गैह्सरकारी संस्था तथा साझेदार निकायहरुसँग समन्वय गरी समग्र स्वास्थ्य क्षेत्रको लागि आवधिक रुपमा एकीकृत कार्यक्रम संञ्चालन गरिनेछ ।<br>● स्वास्थ्य संस्थामा प्रसुती गराउन प्रेरित गर्दै शून्य होम डेलिभरी वडा घोषणा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।<br>● पहाडी क्षेत्र तथा स्वास्थ्य संस्थामा सहज पहुँच नभएका क्षेत्रहरुमा सोको व्यबस्थाको लागि जनशक्ति सहितको स्वास्थ्य एकाइहरु सञ्चालन गरिनेछ ।<br>● क्षयरोगको नियन्त्रणको लागि प्रभावकारी उपायहरु संञ्चालन गरिनेछ । साथै क्षयरोगमैत्री उपचार केन्द्र सञ्चालन गरिनेछ ।<br>● बालबालिका, गर्भवती, सुत्केरीहरुको पोषण स्वास्थ्यलाई मध्यनजर गर्दै पुरक षोषणयुक्त खानेकुरा आपूर्ति तथा पोषण सम्बन्धी संगठीत कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।<br>● गाउँपालिका क्षेत्रभित्र आकस्मिक उपचार सेवाको लागि राप्ती हाइवे अस्पताल र सडक दुर्घटना उपचार केन्द्रको लागि पहल गरिनेछ ।<br>खानेपानी तथा सरसफाई<br>● हाम्रो नगर, सफा गाउँ र बजार भन्ने नारालाई सार्थकता दिन पूर्ण सरसफाईका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।<br>● साना बजारी क्षेत्र तथा स्थानीय क्षेत्रबाट उत्पादन हुने फोहरमैला संकलन, वर्गीकरण र व्यवस्थापनको लागि कार्यक्रम संञ्चालन गरिने साथै गाउँपालिकाको आफ्नै ल्याण्डफिल साइड/प्रशोधन केन्द्र निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ ।<br>● एक पसल एक डष्टविनको आवधारणा अवलम्वन गरिनेछ साथै योजना अवधिभरमा राप्ती गाउँपालिकालाई प्लाष्टिकको झोलामुक्त गाउँपालिका घोषणा गरिनेछ ।<br>● जलप्रदुषणलाई न्यूनिकरण गर्दै राप्ती नदीको किनारी भागमा हरित क्षेत्र बनाउन कार्यक्रम संञ्चालन गरिनेछ ।<br>लैङ्गिक तथा सामाजिक समावेशीकरण<br>● सामाजिक समावेशीको अवधारणा अनुसार सवैप्रकारका विभेदहरुलाई न्यूनिकरण गर्दै राप्तीगाउँपालिकालाई विभेदमुक्त गाउँपालिका घोषणा गरिनेछ ।<br>● जेष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री कार्यक्रम संञ्चालन गर्न अलग्यै कोष स्थापना गरी संञ्चालन गरिनेछ ।<br>● गाउँपालिका भित्र निर्माण गरिने सवै भौतिक संरचनाहरु किशोरमैत्री, फरक क्षमता भएका व्यक्तिमैत्री, वातारणमैत्री, लैङ्गिकमैत्री र बालमैत्री बनाउन पहल गरिनेछ ।<br>कला, धर्म र संस्कृति<br>● गाउँपालिका भित्र रहेका विभिन्न जातजातिहरुको मौलिक कला, धर्म र संस्कृति संरक्षण तथा सम्बर्द्धनका कार्यक्रम संञ्चालन गरिनेछ ।<br>● आदिबासी जनजातिको संस्कृतिको संरक्षण लागि विशेष कार्यक्रम संञ्चालन गरिनेछ ।<br>● ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्वका क्षेत्रहरु पहिचान गरी प्रवर्द्धन गरिनेछ ।<br>● धार्मिक संस्थाहरुको लगायत अन्य सार्वजनिक जग्गाहरुको अतिक्रमण रोक्न थप प्रयास गरिनेछ । |

| | |
|---|---|
| **सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति** | ● गाउँपालिकाको सेवा तथा जानकारीहरुलाई बिद्युतीय प्रविधिमा क्रमश आवद्ध गर्दै लगिनेछ ।<br>● सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भत्ता वितरणलाई बैंकमार्फत आवद्ध गरिनेछ ।<br>● संघीय संचरचना अनुसार ठूला आयोजनाहरु संञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँगको समन्वयमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।<br>● सुशासन अभिबृद्धि, सार्वजनिक जवाफदेयिता तथा सेवा प्रवाहसँग सम्बन्धित विषयहरुमा गाउँपालिकाको संस्थागत क्षमता मजबुद गरिनेछ ।<br>● करदाता शिक्षालाई प्रभावकारी बनाउदै राजश्व प्रशासन र कर प्रणालीलाई जनधारणा अनुसार तय गरिनेछ ।<br>● स्थानीय योजना कार्यान्वयनमा अधिकतंम रुपमा स्थानीय स्रोत र साधनको प्रयोग गरिनेछ ।<br>● वित्तिय जोखिम न्यूनिकरणका लागि आवश्यक उपायहरु अवलम्बन गरिनेछ ।<br>● गाउँपालिका स्तरीय ठूला योजनाहरुको प्राविधिक संभाव्यता अध्ययन सहितको योजना वैंक तय गरिनेछ ।<br>● गाउँपालिकामा कृयाशिल सरकारी, गैह्सरकारी तथा नीजि क्षेत्रसँग सहकार्य तथा साझेदारीमा विकास अभ्यासहरुलाई बढ्वा दिईनेछ ।<br>● खरिद प्रकृयालाई थप व्यवस्थित गर्न बिद्युतीय खरिद प्रकृया - E bidding लागू गरिनेछ । |
| **वातावरण तथा विपद् व्यबस्थापना सम्न्बन्धी नीतिहरु** | ● विपद् व्यबस्थापनमा टोलविकास संस्था र स्थानीय नागरिकसमूहहरुको ससक्त भूमिका बनाउन उद्धारमूलक आवश्यक औजार सहित वडामा सरसफाई दूत परिचालन गरिनेछ ।<br>● आपतकालिन अवस्थामा प्रयोगमा आउने यन्त्रहरु दमकल, एम्बुलेन्स आदिको सहताको लागि सिमावर्ती नगरपालिका तथा गाउँपालिका सँग कार्यगत समन्वय स्थापना गरिनेछ ।<br>● गाउँपालिकाको बजारी क्षेत्रबाट उत्पादन हुने जैविक तथा अजैविक फोहोरमैला व्यबस्थापनको लागि वैज्ञानिक विकल्पहरुको पहिचान गरिनेछ ।<br>● विपद् व्यबस्थापनको लागि आकष्मिक  स्थल पहिचान गरी खुल्ला क्षेत्र निर्धारण गरिनेछ ।<br>● गाउँपालिका स्तरीय विपद् व्यबस्थापन कोष स्थापना तथा परिचालन गरिनेछ । |

## ३.७ एकीकृत ग्रामीण विकास योजनाको प्राथमिकता

विकास योजना तयारी गर्न स्थानीय सरकार संचालन ऐन तथा नियमावलीमा उल्लेख गरिएको योजना तर्जुमा प्रक्रिया अन्तर्गत रहेर वडास्तरवाट प्राप्त आयोजनालाई विषयक्षेत्र अनुसार बिषयगत समिति मार्फत प्राथमिकताक्रम निर्धारण गरिएको छ । प्राथमिकता क्षेत्र निर्धारण गर्दा विश्लेषणको निचोड, बिषयगत उद्धेश्य र राप्तीको बिशेषताका आधारमा बिषयक्षेत्रको निर्धारण गरिएकोछ । यसरी प्राप्त भएको आयोजनाहरू तथा विभिन्न विषयगत कार्यालयहरूबाट कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूमध्येबाट विकास योजनाको दीर्घकालिन सोच, विकासको लक्ष्य तथा उद्देश्य, उपलब्ध स्रोतसाधन विगतका उपलब्धि र क्षमतालाई पनि आधार मानिएको छ ।

### एकीकृत ग्रामीण विकास योजनाको प्राथमिकिकरण

| क्र.सं. | विकासका क्षेत्रहरु | प्राथामिकता | प्राथमिकताका क्षेत्र |
|---|---|---|---|
| १ | पूर्वाधार विकास योजना | I | १. यातायात तथा पुल<br>२. सिंचाई<br>३. भवन तथा सहकारी<br>४. उर्जा<br>५. आयोजना व्यवस्थापन<br>६. पूजिंगत मर्मत सुधार |

| | | | |
|---|---|---|---|
| २ | सामाजिक विकास योजना | II | १. शिक्षा तथा खेलकुद<br>२. स्वास्थ्य तथा पोषण<br>३. खानेपानी तथा सरसफाई<br>४. कला, भाषा, संस्कृती तथा साहित्य<br>५. शान्ति तथा सुरक्षाको अवस्था<br>६.सामाजिक समावेशी विकास क्षेत्र ( आदिवासी जनजाती, महिला, दलित, बालबालिका, वृद्धवृद्धा) |
| ३ | आर्थिक विकास योजना | III | १. कृषि पशुपालन तथा खाद्यसुरक्षा<br>२. वजारीकरण<br>३. पर्यटन विकास<br>४. रोजगारी र गरिवी निवारण<br>५. उद्योग, बाणिज्य तथा सहकारी |
| ४ | संस्थागत विकास तथा सेवा प्रवाह | IV | १. राजश्व परिचालन<br>२. सुचना तथा संचार व्यवस्थापन (विद्युतीय सूचना प्रविधि)<br>३. सुशासन प्रवर्द्धन<br>४. अनुसंधान तथा विकास<br>५. अनुगमन तथा मूल्यांकन |
| ५ | वित्तिय व्यवस्थापन | III | १. वित्तिय अनुसाशन<br>२. स्रोत परिचालन र क्षमता विकास<br>३. आन्तरिक आय अभिबृद्धि<br>४. आन्तरीक नियन्त्रण प्रणाली |
| ६ | वातावरणीय तथा विपद् व्यबस्थापन | V | १. वन तथा भूसंरक्षण<br>२. जलवायु परिवर्तन र अनुकूलन<br>३. फोहोरमैला तथा ढल व्यवस्थापन<br>४. जल उत्पन्न प्रकोप ( भूक्षय, पहिरो तथा नदीकटान)<br>५. प्रकोप व्यवस्थापन कोष (पूर्वसूचना प्रणाली र जोखिम न्यूनिकरण)<br>६. जलश्रोत तथा जलाधार |

## ३.८ राप्ती गाउँपालिकाको विकासको आवधिक लक्ष्य (Target)

विकासको आवधिक लक्ष्य निर्धारण गर्दा आ.ब. ०७५/०७६ लाई आधार मानिएको छ । सम्लग्न क्षेत्रको वृद्धिदर (Growth Rate), परिवर्तनको प्रवृत्ति (Change Trend) तथा अनुमानित समायोजन (Esitmated Adjustment) का आधारमा एकीकृत ग्रामीण विकासको अन्तिम वर्ष एवम् त्यस पछिको ५ वर्ष पछि सम्मको अनुमानित लक्ष्य निर्धारण गरिएको छ । विकासको आवधिक लक्ष्य विषयगत क्षेत्रको आधारमा प्रस्तुत गरिएको छ ।

### ३.८.१ आर्थिक विकास क्षेत्र

एकीकृत ग्रामीण विकासको आवधिक लक्ष्य राप्ती गाउँपालिका आर्थिक संरचना, कूल गार्ह्यस्थ उत्पादन र प्रतिव्यक्ति आय, कृषि तथा पशुपालन, उद्योग, वाणिज्य तथा व्यापार, रोजगारी, सहकारी तथा वित्तिय क्षेत्र तथा पर्यटन लगायतका क्षेत्र समेटि तयार गरिएको छ ।

| क्र.स. | विषय क्षेत्र र सूचकहरु | आ.ब.०७५/७६ (आधार वर्ष) | आ.ब. ०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| १ | **मानवीय विकास सूचक** | | | |
| १.१ | औसत आयू (वर्षमा) HDR UNDP 2017 | ७०.६ | | |
| १.२ | मानव विकास सूचकांक | ०.५७४ | | राष्ट्रिय सूचकलाई आधार मानिनेछ । |
| १.३ | लैङ्गिक असमानता सूचकांक | ०.४८ | | |
| १.४ | लैङ्गिक विकास सूचकांक | ०.९२५ | | |
| १.५ | मानव विकास सूचकांक | ०.४८५ | | (Arithmetic Mean) |
| १.६ | मानव विकास सूचकांक | ०.५३७ | | (Geometric mean) |

| | | | | |
|---|---|---|---|---|
| १.४ | प्रतिव्यक्ति आय ( जिल्ला/ दाङ ) PPP डलर | ११२७ | १२०० | |
| १.५ | Per Capita Gross National income - दाङ /राप्ती) | ७८० डलर | ९०० | |
| १.६ | गरिबीको दर दाङ जिल्ला | २५.०५ | १५ मा झार्ने | |
| १.७ | जनसंख्या बृद्धिदर | १.७८ | १.५ मा झार्ने | |
| १.८ | औषत परिवार संख्या | ५.०७ | कायम राख्ने | |
| २. | **आर्थिक विकास क्षेत्र** | | | |
| २.१ | कृषि तथा पशुपालनसँग प्रत्यक्ष संलग्न जनसंख्या | ७३.०७ प्रतिशत | कायम राख्ने | |
| २.२ | खाद्यबालीको उत्पादन (मे.ट.) | १६६३८ | २०००० | |
| २.३ | तरकारी उत्पादन (मे.ट.) | २१६५ | २५०० | |
| २.४ | फलफूल उत्पादन (मे.ट.) | २५९ | ५०० | |
| २.५ | वार्षिक उत्पादन (मे.ट.) | ६४१ | ८०० | |
| २.६ | दैनिक दूध उत्पादन (लिटर ) | ३५४४ | ५००० | |
| २.७ | तेलहन उत्पादन (मे.ट.) | ३१७ | ४०० | |
| २.८ | दलहन उत्पादन (मे.ट.) | ६१९३ | ८००० | |
| २.९ | कृषि प्राविधिक जनशक्ति व्यबस्थापन | ९ | २० | |
| २.१० | गैर कृषि उद्योग (संख्या) | ४३ | १०० | |
| २.११ | कृषिमा प्रविधिको प्रयोग (प्रतिशतमा) | ३२ | ५० | |
| २.१२ | कृषि पकेट क्षेत्र घोषणा | २ | ५ | मकै सुपरजोन |
| २.१३ | आफ्नो अन्न उत्पादनले ३ महिना भन्दा कममात्र खानपुग्ने घरपरिवार प्रतिशत | ६.२२ | ४ मा झार्ने | |
| २.१४ | भोगचलन अनुसार नीजि स्वामित्वको जमिनमा आफ्नो घर भएको घरधुरी प्रतिशत | ७५.६३ | ८० | |
| ३ | **पशुपालन** | | | |
| ३.१ | गाई र गोरु | ४,०११ | कायम राख्ने | |
| ३.२ | भैसी | ४,२०७ | कायम राख्ने | |
| ३.३ | कुखुरा हाँस | ६०,२६२ | ११०,००० | |
| ३.४ | वाखा | २०,४१८ | २५,००० | |
| ३.५ | भेडा | १,८१२ | २००० | |
| ३.६ | पशुपालन सम्बन्धी ठूला व्यबसायिक फर्म | १२ | २० | |
| ४ | **पर्यटन तथा रोजगार** | | | |
| ४.१ | पहिचान भएको पर्यटकीय स्थल | ४ | १० | खड्गेश्वरी, खौराहावावा, भद्राक्षी देवी, हर्सेडाँडा |
| ४.२ | होमस्टे संञ्चालन पहिचान भएको क्षेत्र | ३ | ५ | |
| ४.३ | सहासिक पर्यटन प्रवर्द्धनको लागि पहिचान भएको क्षेत्र | ० | १ | राप्ती र्‍याफ्टिङ, बोटिङ |
| ४.४ | वार्षिक बाह्य तथा आन्तिरिक पर्यटक आगमन | | १० प्रतिशतले बृद्धि गर्ने | |
| ४.५ | पार्क तथा उद्यान | ५ | १० | |
| ४.६ | बैदेशिक रोजगारीमा तेस्रो मुलुक गएको जनसंख्या | २,१२१ जना | १८०० मा झार्ने | |
| ४.७ | कम्तिमा एकजना बैदेशिक रोजगारीमा संलग्न भएको घरधुरी प्रतिशत | १९ | १५ मा झार्ने | |
| ४.८ | आफ्नो नाममा जग्गाको लालपुर्जा नभएको घरधुरी प्रतिशत | २१ | राज्यको निति अनुसार | |
| ४.९ | अतिगरिव वर्गको घरधुरी प्रतिशत | ६.२२ | ३ मा झार्ने | |
| ४.१० | बार्षिक ७० हजार भन्दा कम आय हुने परिवार प्रतिशत | २५.७३ | १५ मा झार्ने | |
| ४.११ | पर्यटन गुरुयोजना | १ | कार्यान्वयमा लैजाने | |
| ५ | **सहकारी, उद्योग** | | | |
| ५.१ | सहकारी संख्या | २३ | समायोजन गर्ने | सहकारी ऐन अनुसार |
| ५.२ | बैंक तथा वित्तिय संस्था संख्या | १३ | २० | |
| ५.३ | सहकारीमा आवद्ध संख्या | १९९४ | २५०० | |
| ५.४ | घरेलु तथा साना उद्योगको संख्या | ६० | | सरकारी निति अनुसार |
| ५.५ | उद्योगको संख्या (मझौला तथा ठूला) | ५ | | |

## ३.८.२ सामाजिक विकास क्षेत्र

यस क्षेत्र अन्तरगत जनसंख्या, शिक्षा तथा खेलकूद, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सूचना तथा सञ्चार, भाषा तथा संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, (महिला तथा बालबालिका, आदिवासी/जनजाती/अल्पसंख्यक/ लोपोन्मुख जाती, दलित तथा उत्पीडित, ज्येष्ठ नागरिक, युवा तथा अपांगता/भिन्न क्षमता भएका) समावेश गरिएका छन् ।

| क्र.स. | विषय क्षेत्र र सूचकहरु | आ.ब.०७५/७६ (आधार वर्ष) | आ.ब. ०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| १ | **जनसंख्या** | | | |
| १.१ | कूल घरपरिवार संख्या | ८७६३ | | |
| १.२ | कूल जनसंख्या | ४४४३३ | | |
| १.३ | जनसंख्या वृद्धिदर दाङ | १.७८ | कायम राख्ने | |
| १.४ | कूल प्रजनन् दर (दाङ) | २.६ | | |
| २ | **शिक्षा तथा खेलकुद** | | | |
| २.१ | सरदर साक्षरता प्रतिशत | ८७.१४ | ९९.५ | |
| २.२ | महिला साक्षरता प्रतिशत | ८१ | ९८.५ | |
| २.३ | पुरुष साक्षरता प्रतिशत | ९२ | ९९.५ | |
| २.४ | सामुदायिक सिकाइ केन्द्र | २ | ९ | |
| २.५ | बैकल्पिक विद्यालय | १ | कायम राख्ने | |
| २.६ | बिद्यालय जाने औषत उमेर | ३.८३ | ४ | |
| २.७ | आधारभूत बिद्यालय पुग्न पैदल एक घण्टा भन्दा धेरै लाग्ने घरधुरी प्रतिशत | ९ | सहज वनाउने | |
| २.८ | ईन्टरनेट सुविधा उपलब्ध भएको सामुदायिक बिद्यालयको विवरण | ३ वटा | सतप्रतिशत | |
| २.९ | बालविकास केन्द्र तथा पूर्व प्राथामिक कक्षा | ३४ | ४५ | |
| २.१० | आधारभूत तहको बिद्यालय संख्या | २३ | २५ | |
| २.११ | माध्यमिक तह | ९ | ११ | |
| २.१२ | मदरसा संख्या | २ | ४ | |
| २.१३ | क्याम्पस | १ | २ | |
| २.१४ | सामुदायिक पुस्तकालय | ० | २ | |
| ३ | **स्वास्थ्य** | | | |
| ३.१ | ४ पटक गर्भवती जाँच गराएका गर्भवती (प्रतिशत) | ८१.३७ | १०० | |
| ३.२ | आईरन चक्कीको पूरा मात्रा लिएका गर्भवती (प्रतिशत) | ८१ | १०० | |
| ३.३ | स्वास्थ्य संस्थामा सुत्केरी हुने आमा (प्रतिशत) | ८०.५१ | १०० | |
| ३.४ | प्रसुती पछि स्वास्थ्य जाँच गराउने सुत्केरी आमा प्रतिशत | ५९.६५ | १०० | |
| ३.५ | ५ वर्ष मुनिका कुपोषित बालबालिका (प्रतिशत) | ९ | ० मा झार्ने | |
| ३.६ | स्वास्थ्य सेवामा सुलभ पहुँच भएको घरधुरी (प्रतिशत) | ९२.७६ | १०० | |
| ३.७ | एकघण्टा भन्दा धेरै समयमा मात्र प्राथमिक स्वास्थ्यसेवा प्रदायक संस्था भेट्ने परिवार प्रतिशत | २६.३९ | सहज वनाउने | |
| ३.८ | अपाङ्गता भएको जनसंख्या (प्रतिशतमा) | १.२४ | | |
| ३.९ | आयोडिनयुक्त नून प्रयोग गर्ने घरधुरी प्रतिशत | ८९.९१ | १०० | |
| ३.१० | स्वास्थ्य चौंकी संख्या | ३ | ९ | |
| ४ | **खानेपानी तथा सरसफाई** | | | |
| ४.१ | व्यवस्थित खानेपानी प्रयोग गर्ने जनसंख्या -प्रतिशत) | ९१.५४ | १०० | |
| ४.२ | पाइप प्रणालीबाट खा.पा. उपभोग गर्ने जनसंख्या -प्रतिशत) | ४४.०२ | ६० | |
| ४.३ | आधा घण्टा भन्दा धेरै समय खानेपानी संकलनको लागि खर्च पर्ने घरधुरी प्रतिशत | ३.७८ | ० मा झार्ने | |
| ४.४ | नछोपिएको खुल्ला इनार, कुवा, जरुवा आदिबाट खानेपानी संकलन गर्ने घरधुरी | १०.८५ | ० मा झार्ने | |

| | | | | |
|---|---|---|---|---|
| ४.५ | मापदण्ड युक्त शौचालय प्रयोग गर्ने घरधुरी प्रतिशत | ८५ | १०० | |
| ४.६ | शौचालय नभएको घरधुरी | ७.८१ | ० मा झार्ने | |
| ४.७ | सार्वजनिक शौचालयका संख्या | २० | २५ | |
| **५** | **महिला तथा बालबालिका** | | | |
| ५.१ | महिला घरमुली भएको घरधुरी प्रतिशत | ३३ | ४० | |
| ५.२ | महिलाको नाममा अचल सम्पत्ति भएको घरधुरी प्रतिशत | २६.४ | ३५ | |
| ५.३ | महिलाको नाममा वैंक खाता भएको घरधुरी प्रतिशत | ३७.२ | ५० | |
| ५.४ | अपाङ्ता भएका बालबालिकाहरुलाई लक्षित गरी ब्रेललिपि माध्यमबाट पठनपाठन हुने बिद्यालयको संख्या | १ | निरन्तरता दिने | आदर्श मा.वि. |
| ५.५ | बालविकास केन्द्रको संख्या | ३० | ३५ | |
| **६** | **कला भाषा संस्कृति** | | | |
| ६.१ | आदीबासी जनजाति मातृभाषामा पठन पाठन हुने विद्यालय संख्या | १ | ५ | |
| ६.२ | थारु सांस्कृतिक संग्रालय | ० | १ | |
| ६.३ | मगर जातीय संगालय | ० | १ | |
| ६.४ | बार्षिक सास्कृति प्रर्वद्धन कृयाकपाल संख्या | २ | ९ | |
| **७** | **शान्ति तथा सुरक्षा** | | | |
| ७.१ | प्रहरी गण संख्या | १ | कायम राख्ने | |
| ७.२ | प्रहरी चौकी संख्या | २ | ४ | |
| ७.३ | अस्थायी प्रहरी विट संख्या | १ | ५ | |

## ३.८.३ पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तरगत संभावनाहरुको आधारमा सडक, पुल, सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार, जलबिद्युत उत्पादन, लगानी, ठूला मझौला उद्योग स्थापना, पर्यटकीय पूर्वाधार निर्माण, प्राकृतिक सम्पदा संरक्षण, चिया र जडीबुटी प्रवर्द्धन, औद्योगिक क्षेत्र तयारी, जैविक विविधता संरक्षण, विपद व्यवस्थापन, ग्रामीण पूर्वाधार आदिमा बहुक्षेत्र लगानी तथा उपयोगको विषयहरु यस योजनामा समेटिएको छ ।

| क्र.स. | विषय क्षेत्र र सूचकहरु | गाउँपालिकाको आ.ब.०७५/७६ (आधार वर्ष) | आ.ब. ०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| **१** | **सडक तथा यातायात** | | | |
| १.१ | मोटरबाटो/सडक (कि.मी.) | १०० | १७५ | |
| १.२ | कालो पत्रे (कि.मी.) | ३५ | ७५ | |
| १.३ | ग्राभेल सडक | ४७ | ७५ | |
| १.४ | ग्रामीण धुले सडक | ३० | ५० | |
| १.५ | ग्रावेल सडक पहुँच भएका घरधुरीको प्रतिशत | ४७.५९ | ९० | |
| १.६ | पक्की सडकले छोएको घरधुरी प्रतिशत | १०.३४ | ३० | |
| १.७ | झोलुंगे पुल (संख्या) | ३ | ५ | |
| १.८ | लोकल बस स्टप संख्या | १९ | २५ | |
| १.९ | पक्की मोटरपुल | ३ | ८ | |
| १.१० | कल्बर्ट | २० | ४० | |
| १.११ | अटो भिलेज संख्या | ० | १ | |
| २ | **बिद्यूत तथा वैकल्पिक ऊर्जा** | | | |
| २.१ | विद्युत जडान गरिएको संख्या (प्रतिशत) | ९१ | १०० | |
| २.२ | गोबरग्याँस प्रयोग गर्ने घरपरिवार ( संख्या) | १६.३८ | २५ | |
| २.३ | सौर्य उर्जा प्रणाली प्रयोग गर्ने घर (प्रतिशत) | ५ | | |
| २.४ | सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी प्रतिशत | ९.५२ | २० | |
| २.५ | सिलिण्डर ग्यांस प्रयोग गर्ने घरधुरी प्रतिशत | ३१ | ५० | |
| २.६ | परम्परागत माटोको चुलो प्रयोग गर्ने घरधुरी प्रतिशत | ४२.२१ | २५ | |
| २.७ | सौर्य उर्जा तथा विधुत पम्पिङ्ग प्रणालीवाट खानेपानी योजना | १ | ५ | |

| | | | |
|---|---|---|---|
| | सौर्य सिंचाई प्रणाली | ० | २ |
| **३** | **संञ्चार** | | |
| ३.१ | रेडियो स्टेसन संख्या | १ | २ |
| ३.२ | PSTN टेलिफोन सेवा लिने संख्या | ५६८ | १६०० |
| ३.३ | ADSL इन्टरनेट सेवा लिने संख्या | ३१६ | १५०० |
| ३.४ | कम्प्यूटरमा पहुँच भएको घरधुरी प्रतिशत | ९ | ३० |
| ३.५ | हुलाक सेवा कार्यालयको संख्या | २ | व्यबस्थित गर्ने |
| ३.५ | मोवाईल प्रयोग गर्ने जनसंख्या | ४५ प्रतिशत | ९० |
| **४** | **सिंचाई** | | |
| ४.१ | कूल कृषियोग्य जमिन मध्ये सिंचित क्षेत्रफल हेक्टर | ७४७९० | ८५,००० |
| ४.२ | ठूला तथा मझौला सिंचाई आयोजना | ५ | ७ |
| ४.३ | साना सिंचाई कुलो संख्या | ९ | १५ |
| **५** | **आवास संरचना** | | |
| ५.१ | जस्तापाताको छाना भएको घरधुरी प्रतिशत | २९.६१ | ३७ |
| ५.२ | पक्की वा ढलान गरिएको छत भएको घरधुरी | ४४.७६ प्रतिशत | ६० |
| ५.३ | टायल वा झिगटीको छाना भएको घरधुरी | ६.१६ | १ |
| ५.४ | खर वा फुसको छाना भएको घरधुरी प्रतिशत | १५.१२ | २ प्रतिशतमा झार्ने |
| **६** | **अन्य पूर्वाधार** | | |
| ६.१ | बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य केन्द्र संख्या | २ | ९ |
| ६.२ | सामुदायिक स्वास्थ्य केन्द्र संख्या | २ | ५ |
| ६.३ | आफ्नै कार्यालय भएका वडा कार्यालय | २ | ९ |
| ६.४ | आवास सहितको स्तरीय होटल संख्या | ७ | ३५ |
| ६.५ | ल्याण्डफिल्ड साईड | ० | १ |

## ३.८.४ वन, वातावरण तथा प्रकोप

यस क्षेत्र अन्तरगत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायू परिवर्तन, फोहोरमैला व्यवस्थापन, (सरसफाई, सेनीटरी ल्याण्डफिल्ड, फोहोर पानी व्यवस्थापन, ठोस फोहोर व्यवस्थापन) जलउत्पन्न प्रकोप नियन्त्रण, वन, वनस्पति, जैविक विविधता, सिमसार र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम तथा योजना समावेश गरिएको छ ।
त्यसैगरी प्रकोप रोकथाम तथा न्यूनिकरण, प्रकोप जोखिम मूलप्रवाहीकरण, नीतिगत तथा संस्थागत विकास, प्रकोप पूर्वतयारी र प्रभावकारी प्रतिकार्यका माध्यमबाट आगामी दिनमा गाउपालिका भित्र उत्पन्न हुने विषय क्षेत्रहरु यस अन्तरगत समेटिएका छन् ।

| क्र.स. | विषय क्षेत्र र सूचकहरु | गाउँपालिकाको आ.ब.०७५/७६ (आधार वर्ष) | आ.ब. ०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| **१** | **वन** | | | |
| १.१ | वनको कूल क्षेत्रफल (वर्ग कि.मि.) | ८३.८८ | कायम राख्ने | |
| १.२ | सामुदायिक वन उपभोक्ता समिति संख्या | १४ | कायम राख्ने | |
| १.३ | सामुदायिक वनको क्षेत्रफल -हे.) | ७३१४ | कायम राख्ने | |
| **२** | **वातावरण** | | | |
| २.१ | घरभित्रको धुवाँमुक्त टोल (संख्या) | ० | ५ | |
| २.२ | वातावरणमैत्री वडा (संख्या) | ० | ९ | |
| २.३ | जलवायू अनुकुलन गाउँ | ० | ३ | |
| २.४ | संरक्षण क्षेत्र | १ | ४ | पशुवृद्धाश्रम |
| २.५ | नदी कटान क्षेत्र हेक्टर | १४१ | ८०मा झार्ने | |
| २.६ | ल्याण्डफिल्ड साइड (फोहोरमैला विर्सजन स्थल) | ० | १ | |
| २.७ | तालतलैया, प्राकृतिक पोखरी तथा सिमासार संख्या | ५ | कायम राख्ने | |
| २.८ | जलाधार तथा उपजलाधार क्षेत्र | ११ | कायम राख्ने | |
| २.९ | सुरक्षित पशुवधशाला | १ | २ | |
| **३** | **बिपद् तथा जोखिम** | | | |
| ३.१ | जोखिम क्षेत्रमा वसोवास गर्ने परिवार संख्या | २३१ | ८५ मा झार्ने | |
| ३.२ | विपत तथा प्रकोपवाट हुने मानविय क्षती (वार्षिक) | ३ | ० मा झार्ने | |
| ३.३ | आपतकालिन अवस्थाको लागि तोकिएको खुल्ला क्षेत्र | ० | १५ | |
| ३.४ | आपतकालिन यातायातका साधन (एम्बुलेन्स) संख्या | ५ | ७ | |
| ३.५ | दमकल सेवा | ० | १ | |

### ३.८.५ संस्थागत विकास एवम् सुशासन

यस क्षेत्र अन्तरगत विकास प्रशासन व्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह, मानव संसाधान/जनशक्ति विकास, संस्थागत क्षमता विकास, पूर्वाधार, नागरीक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग लगायतका पक्ष समावेश भएका छन्

| क्र.स. | विषय क्षेत्र र सूचकहरु | गाउँपालिकाको आ.ब.०७५/७६ (आधार वर्ष) | आ.ब. ०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थागत विकास | | | |
| १.१ | सामुदायिक सूचना केन्द्र | ० | ९ | |
| १.२ | विकास प्रक्रियामा महिला सहभागिताको प्रतिशत | ३३ | ५० | |
| १.३ | गाउँपालिकाको गतिविधि सम्बन्धी नियमित बुलेटिन | १२ | २४ | |
| १.४ | सांस्कृतिक अधिकार सम्बन्धी कार्यरत संघ-संस्था | २ | ९ | |
| १.५ | यूवा क्लब संख्या | ५ | ९ | |
| १.६ | बालक्लब तथा बाल संजालको संख्या | २५ | ५५ | |
| १.७ | कृषि तथा पशुपालनसँग आवद्ध समूह संख्या | ३४ | ४५ | |
| १.८ | टोल विकास संस्था संख्या | ९३ | कायम राख्ने | |
| १.९ | सामुदायिक संस्थामा आवद्ध परिवार संख्या | ३३४७ | ४००० | |
| १.१० | गाउँपालिकाको वेभ साईड | १ | १ | |
| १.११ | मोवाएल एप्लिकेसन तयारी | ० | १ | |

### ३.८.६ वित्तिय व्यवस्थापन तथा सुशासन

यस शीर्षक अर्न्तगत राजश्व परिचालन, वित्तिय अनुशासन, आन्तरीक लेखा परीक्षण, आन्तरीक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण, वेरुजु फरछ्यौंट, सूचना तथा संचार व्यवस्थापन आदि पर्दछन् ।

| क्र.स. | वित्तिय व्यवस्थापन तथा सुशासन | गाउँपालिकाको आ.ब.०७५/७६ (आधार वर्ष) | आ.ब. ०७९/०८० | कैफियत |
|---|---|---|---|---|
| १ | वित्तिय अनुसाशन | | | |
| १.१ | वेरुजु फर्स्यौट | | ० मा राख्ने | |
| १.२ | स्रोत परिचालन र क्षमता विकास | ४४५,०८५,७६७ | ६५१,६५०,००० | |
| १.३ | आन्तरिक आय अभिबृद्धि | २२,०००,००० | ८,०००,०००० | |
| १.४ | समन्वय र साझेदारी | | बढवा गर्ने | |
| १.५ | आन्तरीक नियन्त्रण प्रणाली | | नियमित व्यबस्थापन गर्ने | |
| १.६ | सामाजिक परीक्षण | ० | नियमित गर्ने | |
| १.७ | लैङ्गिक बजेट परीक्षण पटक | ० | ५ | |
| १.८ | सार्वजनिक सुनुवाई | ९ | ३० | |
| १.९ | आय व्ययको सार्वजनिकरण | मासिक त्रैमाषिक वार्षिक | नियमित गर्ने | |

# परिच्छेद ४

# विषयगत क्षेत्रगत समस्या, उद्धेश्य, कार्यक्रम र कार्यनीति

## ४.१ पृष्ठभूमि

विकासको समष्टिगत समस्या पहिचान, विषयगत उद्देश्य, कार्यक्रम र कार्यनीति निर्धारण सहभागितात्मक योजना तर्जुमा गोष्ठीको माध्यमबाट गरिएको छ । यस क्रममा वडास्तरको वस्तुस्थिति विश्लेषणका निष्कर्षलाई समेत आधार मानिएको छ । सम्बन्धित बिषयक्षेत्रको वस्तुगत अवस्था, प्रमुख सवाल, त्यसका कारण, आगामी योजनाको उद्धेश्य, प्रमुख क्रियाकलाहरु पहिचान गरिएको छ । उक्त आयोजनाहरु यस एकीकृत ग्रामीण विकास योजनाको निर्धारित समयावधिभित्र सम्पन्न भई समग्र गाउँपालिकाको विकासमा कोषेढुङ्गाको रुपमा स्थापित हुनेछ । यस योजनामा उल्लेख गरिएका क्षेत्रगत विकास गतिविधिहरुलाई विकासका साझेदारहरुले आफ्ना बार्षिक कार्यक्रमहरु छनौट गर्ने अनुमान गरिएको छ । उक्त निर्दिष्ट उद्देश्यहरू हासिल हुन सहयोग गर्ने गरी राप्तीको विशेषताको आधारमा कार्यनीतिसँग तालमेल गरिएको छ । यस परिच्छेदमा समग्र गाउँपालिका स्तरमा बिषयगत क्षेत्रको आधारमा मुख्य मुख्य कार्यक्रमहरुलाई समायोजन गरी प्रस्तुत गरिएको छ । सहभागितात्मक योजना तर्जुमाको लागि वडा तथा वस्तीस्तरबाट पहिचान र छनौट भएका प्रमुख समस्याहरु, स्थान र समाधानको उपायहरु वडागत र सम्बन्धित क्षेत्रअनुसार अनुसुची एकमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा उल्लेख भएका कार्यक्रमहरुको क्षेत्रगत रुपमा अनुमान गरिएको बजेट तथा स्रोतहरुलाई परिच्छेद पाँचमा शीर्षकअनुसार प्रस्तुत गरिएको छ ।

## ४.२ आर्थिक विकास योजना

कृषि तथा पशुपालन व्यवसायले यस राप्ती गाउँपालिका क्षेत्रमात्र नभएर दाङ जिल्लामा समेत पहिचान बनाएको छ । जसवाट जिल्लाको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुगेको छ । यस क्षेत्रको विकासको लागि जनतावाटै पहिचान भएका समस्या तथा सवालहरुको आधारमा उद्धेश्य तथा कार्यक्रमहरु तय गरी यस आर्थिक विकास योजनामा समावेश गरिएकोछ । यसमा समावेश भएका योजना तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन हुदै जाँदा राप्ती गाउँपालिकाको आर्थिक उन्नतिमा अपेक्षाकृत सुधार हुनेछ ।

### ४.२.१ कृषि, सिंचाइ, पशुपालन, खाद्य सुरक्षा, सहकारी, उद्योग, बाणिज्य तथा पर्यटन क्षेत्रको योजना

कृषि, सिंचाई, पशुपालन, खाद्य सुरक्षा, सहकारी, उद्योग, बाणिज्य तथा पर्यटनसँग सम्बन्धित वस्तुगत विवरण तथा बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका मूल समस्या, कारण र असरहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

#### ४.२.१.१ कृषि तथा पशुपालन क्षेत्रको समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| कृषि तथा पशुपालन पेशा व्यावसायिक र रोजगारमूलक हुन नसक्नु | • कृषि क्षेत्रमा सरकारले लगानीकर्ताहरुलाई प्रोत्साहित गर्न नसक्नु<br>• उत्पादनको बजार र बजारीकरणका लागि संगठित प्रयास कमी<br>• जमिनको खण्डिकरण<br>• बाली तथा पशु बीमा प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।<br>• बैदेशिक रोजगारीलाई प्रबर्द्धन गरिनु ।<br>• कृषि तथा पशुजन्य उत्पादनहरुको भण्डारण, प्रशोधन र बजारको समस्या रहनु ।<br>• शिक्षा, अनुसन्धान र कृषि प्रसारका कार्यक्रममा समन्वय नहुनु ।<br>• दिघकालीन योजनामा आधारित रहेर बजेट तथा कार्यक्रम बनाउने परिपाटीको विकास कमी ।<br>• उन्नत प्रविधिमा आधारित कृषि तथा पशुपालन प्रविधिहरुको हस्तान्तरण हुन नसक्नु ।<br>• नगदेवाली खेतीलाई प्राथमिकता कमी ।<br>• पशुपालन व्यवसायिक नहुनु ।<br>• उन्नत जातको पशुनश्ल सुधारमा कमी | • गैरकृषि पेशा प्रतिको आकर्षण बढी स्वरोजगारमूलक पेशा व्यवसायबाट युवाहरु पलायन हुनु ।<br>• स्थान विशेष उपयूक्त प्रविधिको विकास हुन नसक्नु ।<br>• सुख्खा र जमिनको क्षयीकरण वढनु ।<br>• जमीन वाँझिनेक्रम बढ्नु ।<br>• पशुपालनवाट आशातित आम्दानी लिन नसक्नु ।<br>• समग्र उत्पादन र उत्पादकत्वको परिमाण र गुणस्तरमा ह्रास आउनु । |

| | | |
|---|---|---|
| उद्योग, बाणिज्य तथा पर्यटन क्षेत्रको विकास एवम् प्रबर्द्धन हुन नसक्नु । | • स्थानीय उद्योग स्थापनाको लागि उपयुक्त सीप र प्रविधिको कमी<br>• उद्योगको लागि आवश्यक कच्चापदार्थहरुको कमी ।<br>• औधोगिक पूर्वाधारहरुको कमी हुनु ।<br>• पर्यटन सम्बन्धी प्रचार प्रसारको कमी ।<br>• स्थानीयस्तरमा पर्यटन व्यवसायलाई कम प्राथमिकता दिनु ।<br>• औधोगिक विकासमा व्यवसायिक ज्ञान र सचेतनाको कमी<br>• औधोगिक परामर्श र सेवाप्रदायकको कमी<br>• कृषि तथा पशुजन्य उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहनको कमी<br>• महत्वपूर्ण सम्पदाहरुको पहिचान तथा संरक्षण र प्रचार प्रसारको कमी ।<br>• स्रोत र लगानी क्षेत्रको अध्ययन र पहिचानको कमी ।<br>• स्थानीय निकायहरुले उद्योग, व्यापार, व्यवसायहरुको प्रबर्द्धनमा लगानी कम ।<br>• जलवायु परिवर्तनका असरबाट खाद्य संकट देखा पर्नु । | • जीविकोपार्जनका लागि परम्परागत कृषि प्रणालीमा मात्र आश्रित जनसंख्या धेरै हुनु ।<br>• रोजगारीका लागि युवाहरु विदेश पलायन हुनु ।<br>• श्रमशक्तिको अभाव देखिनु ।<br>• शैक्षिक बेरोजगारी बृद्धि हुनु ।<br>• कृषि तथा स्थानीय उद्योगमा यूवा आर्कषण कम हुनु ।<br>• बार्षिक खाद्य उत्पादन र निर्भरतामा असर देखा पर्नु । |

## ४.२.१.२ कृषि तथा पशुपालन क्षेत्रको प्रमुख उद्धेश्य र कृयाकलापहरुको विवरण

| उद्धेश्य | कियाकलाप विवरण |
|---|---|
| **उदेश्य:** कृषिलाई व्यावसायिक वनाउदै कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने । | समग्र कृषि उत्पादनमा वृद्धि गर्ने |
| | खाद्यान्न उत्पादक कृषक प्रबर्द्धन कार्यक्रम |
| | तरकारीवाली उत्पादक कृषक प्रबर्द्धन कार्यक्रम |
| | फलफूलखेती प्रसार तथा प्रबर्द्धन सहयोग |
| | तरकारी कृषकहरुलाई टनेल लगायतका सामाग्री अनुदान कार्यक्रम |
| | फलफूल, तरकारी, दलहन, तेलहन उत्पादन तथा प्रशोधनको कार्यमा सहयोग |
| | उच्चमूल्यका नगदेवाली प्रवर्द्धन र विकास |
| | प्राङ्गारिक मल उत्पादनमा कृषकहरुलाई सहयोग |
| | खाद्यन्नबाली उत्पादनको पकेटक्षेत्र अवधारणा अनुसार उत्पादन र उत्पादकत्व बृद्धि गर्ने |
| | कृषि प्रणालीलाई वैज्ञानिक, व्यबसायिक गर्ने र कृषि विमा कार्यक्रम संचालन |
| | उन्नत मल बिऊ विजनको सहज प्राप्तिको लागि सहकारीहरुसँग साझेदारी गर्ने |
| | कृषि प्रणाली सहजताका लागि यान्त्रीकरणको अभ्यास प्रवर्द्धन गर्ने |
| | कृषिमा आधारित मूल्य श्रृखंला विधिको प्रसार प्रसार गर्ने |
| | कृषक समूह तथा सहकारी मार्फत किसानहरुलाई प्लाष्टिक टनेल, उन्नत बिऊविजन र फलफूलको विरुवा अनुदानमा उपलब्ध गराउने |
| | तरकारी बाली तथा करेशाबारी प्रवर्द्धन गर्ने |
| | अगुवा कृषक भ्रमण तथा प्रोत्सहानमूलक कार्यक्रम संञ्चालन गर्ने |
| | मह उत्पादनको लागि आद्युनिक प्रविधि सहयोग तथा क्षमता विकास कार्यक्रम |
| | जलबायु अनुकुलित कृषि प्रणाली अवलम्बन गर्दै कृषक समूहहरुको क्षमता विकास गर्ने |
| | तरकारी, नगदेवाली तथा खाद्यान्नबाली र पशुपालक किसानका लागि अनुदान सहयोग |
| | व्यवसायिक कृषि प्रबर्द्धक/ सेवाप्रदायक सबलीकरण |
| | औद्योगिक कृषि प्रबर्द्धक तालिम, महोत्सव |
| | संस्थागत कृषि उपजको बजारीकरण सहयोग |
| | घरवगैचा कार्यक्रम तालिम तथा सहयोग |
| | वाली तथा बिऊ सुरक्षण कार्यक्रम । |
| | बाली विमा कार्यक्रम विस्तार गर्ने । |
| | व्यावसायिक कृषि सम्बन्धी अध्ययन, अनुसन्धान, |
| | कृषकहरुबाट उत्पादन भएको कृषि जन्य उपजहरुको सहज बजारीकरणको लागि संकलन केन्द्र स्थापना गर्ने । |
| | गाउँपालिका भित्र कृयाशिल सहकारी संस्थाहरुले कृषिमा लगानी वृद्धि |

| | |
|---|---|
| उद्धेश्यः व्यवसायिक पशुपालनसगै पशुजन्य उत्पादनमा बृद्धि गर्ने । | उन्नत नश्लका पशुपालन व्यवसायी/कृषक प्रोत्साहन |
| | दुध तथा दुधजन्य पदार्थको उत्पादनमा सहयोग |
| | मासु, अण्डा तथा मासुजन्य पदार्थको उत्पादनमा सहयोग तथा उत्पादनमा आत्मनिर्भर बनाउने |
| | व्यवस्थित पशु वधशाला निर्माण |
| | छालाजन्य बस्तुहरुको उत्पादनमा सहयोग |
| | पशुपालन सम्बन्धी ठूला फर्म स्थापना तथा अनुदान व्यबस्था |
| | पशुपालनलाई प्रवर्द्धन गर्न पशु विमा कार्याक्रमलाई अभियानको रुपमा संञ्चालन गर्ने |
| | उन्नत जातको पशु नश्ल सुधार तथा व्यवसायिक पशु पक्षी पालनको लागि कार्यक्रम संञ्चालन गर्ने |
| | उत्कृष्ठ पशुपालन कृषक प्रोत्साहन कार्यक्रम |
| | पशुपालनको लागि गोठसुधार तथा भकारो सुधार कार्यक्रम संञ्चालन गर्ने |
| | पशुपालनमा आधारित सहकारी समूह/संस्था सबलीकरण |
| | व्यावसायिक दुध संकलन तथा प्रशोधन केन्द्र प्रवर्द्धन |
| | व्यावसायिक र व्यवस्थित फेसहाउस प्रबर्द्धन |
| | पशुजन्य उत्पादन बजारीकरणाका लागि सेवाप्रदायक संस्था सबलीकरण |
| | पशुजन्य उत्पादनका लागि उद्योग स्थापना तथा संचालन |
| | पशुधन सुरक्षण कार्यक्रम |
| **उद्योग, वाणिज्य तथा पर्यटन क्षेत्रको कार्यक्रमको विवरण** | |
| उद्धेश्यः लघु, घरेलु तथा साना उद्योगको विस्तार तथा प्रबर्द्धन गर्ने । | स्थानीय उद्यमीहरुको क्षमता अभिवृद्धि तालिम |
| | स्थानीय समुदायमा व्यवसाय अभिमुखीकरण तालिम |
| | स्थानीय सीप, प्रविधि र कच्च पदार्थमा आधारित उद्योग स्थापना |
| | सीप हस्तान्तरण सम्वन्धि तालिम |
| | वस्तु उत्पादनका लागि पकेट क्षेत्र पहिचान तथा विस्तार |
| उद्धेश्यः बाणिज्य तथा व्यवसायको प्रबर्द्धन तथा विस्तार गर्ने । | औद्योगिक क्षेत्रको रुपमा विस्तार गर्न संभाव्यता अध्ययन |
| | वस्तु विकास तथा वजार विकासको लागि व्यवसाय प्रबर्द्धन सम्वन्धी कार्यशाला |
| | सार्वजनिक नीजि साझेदारी अवधारणा मार्फत व्यबसाय प्रोत्सहान कार्यक्रम |
| उद्धेश्यः उद्यमशीलताको माध्यमबाट लघुउद्यमी सिर्जना भई रोजगारीमा बृद्धि गर्ने । | उद्यमशीलताको लागि लघुउद्यमी विकास तथा सहयोग |
| | स्वदेशी उत्पादन, स्वदेशी रोजगारीका लागि  सीप विकास कार्यत्र |
| | रोजगारी सृजनाका लागि आयआर्जन कार्यक्रम संचालन |
| | उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापना र संचालन |
| | पशु तथा पंक्षीपालन सम्बन्धी व्यबसायीहरुलाई प्रवर्द्धन |
| | साना तथा मझौंला उद्योग स्थापना तथा संचालन |
| उद्धेश्यः पर्यटन क्षेत्रको प्रबर्द्धन तथा विकास गर्ने । | पर्यटन विकास गुरु योजना अनुसार कार्यान्वयन शुरुवात |
| | नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान तथा विकास |
| | पर्यटकीय क्षेत्रको एकीकृत पूर्वाधार विकास तथा सभाव्यता अध्ययन |
| | होम स्टे अवधारणा अनुसार गन्तव्य स्थान प्रवर्द्धन |
| | राप्ती नदीमा र्‍याफ्टिङ्गको अध्ययन र संचालन |
| | कृषि पर्या पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन तथा विकास |
| | पर्यटन विकास सम्वन्धि जानकारीमूलक सामाग्री प्रकाशन तथा वितरण |
| | धार्मिक पर्यटन प्रवर्द्धनकालागि पहिचान भएका स्थानहरुमा पूर्वाधार निर्माण |
| उद्धेश्यः न्यूनतम खाद्य सुरक्षाको प्रत्याभूति गर्ने । | खाद्यबाली प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व बृद्धिको लागि प्राविधिक सहयोग गर्ने |
| | स्थानीय तथा रैथाने बालीहरुको संरक्षण तथा प्रवर्द्धन |
| | जलबायु परिवर्तन सम्बन्धी स्थानीय कृषक तहमा सचेतना कार्यक्रम संञ्चालन गर्ने । |
| | कृषिमा परेको जलबायु परिवर्तनको असर न्यूनिकरण गर्न अनुकुलन कार्यक्रम संञ्चालन गर्ने । |
| | जलबायु अनुकुलन कृषि प्रविधि तथा कृषि कार्यक्रमहरु संञ्चालन गर्ने |
| | कृषि उपज भण्डारन सम्बन्धी कार्यक्रम संञ्चालन गर्ने । |

## ४.२.१.३ कार्यक्रम कार्यनीति

- राप्तीमा पहिले देखि नै पहिचान कमाएका र स्थापित हुदै गएका तरकारी, फलफूल, मह लगायतका नगदेबालीलाई कृषकहरुको आयआर्जन र रोजगारीको प्रमुख स्रोतका रुपमा विकास र विस्तार गर्दै लगिने छ ।

- व्यवसायिक कृषि अन्तरगत नगदेबाली उत्पादन र बजार व्यवस्थापनका लागि सहकारी संस्था, गैह्र सरकारी संस्था र नीजि क्षेत्रलाई प्रभावकारी परिचालन गरी स्थानीय स्तरमानै प्राविधिक जनशक्ति उत्पादन, कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न जोड दिइने छ ।

- व्यवसायिक पशुपालन अन्तरगत उन्नत नश्लका गाइपालन, कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार, बाखा, बंगुर तथा कुखुरा पालन गरी पशु उत्पादन र उत्पादकत्व वृद्धि गर्न विशेष जोड दिइने छ ।

- विषयगत तथा क्षेत्रगत आधारमा सहकारीहरुको उत्पादनमूलक सहभागिता, लगानी र पूंजी प्रवाहको माध्यमबाट कृषि उत्पादन वृद्धि तथा बजारीकरणका लागि जोड दिइने छ ।
- राप्तीमा उत्पादन हुने उच्च मूल्य भएको निकासीजन्य कृषि उत्पादनहरु बजारीकरणको लागि बजार प्रवर्द्धनमा जोड दिइनेछ ।
- कृषिको आधुनिकीकरण तथा प्रविधिको उपयोगलाई प्रोत्साहन गरी स्थान विशेष तथा वातावरणमैत्री ज्ञान, सीप र प्रविधिको विकास र हस्तान्तरणका लागि जोड दिदै वित्तीय पहुँच वृद्धि गर्न सरकारी, गैह्र सरकारी, सहकारी, नीजि क्षेत्र तथा वित्तीय संस्थाहरु वीच समन्यव र साझेदारीलाई जोड दिइने छ ।
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका नकारात्मक असर न्यूनिकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गर्दै लगिनेछ ।
- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रुपमा विकास गरी युवा शक्तिलाई व्यवसायिक कृषि तर्फ आकर्षित गर्ने युवामैत्री, सिर्जनशील, कृषिमा आधारित उद्योग व्याबसाय सञ्चालन गरिने छ ।
- ग्रामीण कृषि पर्यापर्यटनको विकास र प्रवर्द्धनमा जोड दिइने छ ।
- राप्तीको प्रमुख पर्यटकीय गन्तब्यहरुमा स्थानीय समुदाय, विषयगत कार्यालय, गैसस र नीजि क्षेत्रको साझेदारीमा सडक, पदमार्ग, सञ्चार, सुरक्षा, स्वास्थ्य, दृश्यावलोकन प्वाइन्ट, खानेपानी, विद्युत लगायतका पर्यटनमैत्री एकीकृत पूर्वाधार विकासका लागि प्राथमिकता सहित विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- पर्यटन प्रवर्द्धन तथा विकासका लागि नीजि क्षेत्रको सहभागिता र लगानीलाई प्रोत्साहन गर्न विशेष समन्वयात्मक कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।
- सामुदायिक, ग्रामीण पर्यापर्यटन, कृषि पर्यटन, खेलपर्यटन, पदयात्रा पर्यटन, वन्यजन्तु पर्यटन एवम् घरबास (होमस्टे) पर्यटन लगायतका पर्यटकीय सम्भावना र अवसरहरुलाई विकास र विस्तार गर्न पर्यटन व्यवस्थापन योजनाको प्रभावकारी कार्यान्वयनका लागि जोड दिइने छ ।
- स्थानीय मठमन्दिर, देवीद्यौराली, चर्च, मस्जित लगायतका आध्यात्मिक तथा धार्मिक आस्था केन्द्रहरुको आवश्यक मर्मत सम्भार, सौन्दर्यीकरण तथा सांस्कृतिक, आर्थिक र वातावरणीय विशेषतायुक्त एकीकृत पर्यटन प्रबर्द्धनका लागि लगानी अभिवृद्धि गरिनेछ ।
- धार्मिक पर्यटक क्षेत्र, दृष्यावलोकन र जैविक विविधता क्षेत्रको पर्यटकीय थलोको रुपमा विकास गरिनेछ ।
- पर्यटन आगमनको दरलाई वृद्धि गर्न पर्यटकमैत्री होटल, यातायात, ट्राभल्स/टुर, ट्रेकिङ, पथप्रदर्शक निकाय, भ्रमण सञ्चालक, होमस्टे लगायतका निकायहरुको गुणस्तरीय सेवा अभिवृद्धि, क्षमता विकास, दक्ष जनशक्ति उत्पादन, तालिम, प्रोत्साहन, र लगानी वृद्धिका लागि उपयुक्त वातावरण सिर्जना गर्दै लगिनेछ ।
- पर्यटन विकास योजना तर्जुमा गरी योजनाको प्रभावकारी कार्यान्वयनका लागि जोड दिइनेछ ।
- स्थानीय नगदेवालीहरुमा आधारित उद्योग र उत्पादन विविधिकरण लगायतका स्थानीय उद्योगहरुलाई मूल्य श्रृङ्खला मार्फत सहकारीताको माध्यमबाट कृषकहरुलाई संगठित र परिचालन गरी विकास र विस्तार गर्न जोड दिइने छ ।
- उत्पादन हुने उच्च मूल्यका कृषि नगदेबाली एवम् उपजहरुको मूल्य अभिवृद्धिका लागि प्रारम्भिक प्रशोधन, औद्योगिकरण र विविधीकरणका लागि सरकारी, सहकारी र नीजि क्षेत्रको सहभागिता र साझेदारीतामा आधारित कार्यक्रम प्राथमिकता सहित सञ्चालनमा ल्याइने छ ।
- ठूलो मात्रामा स्थानीय रोजगारी र आयआर्जनमा प्रत्यक्ष सघाउ पुर्‍याउने वातावरणमैत्री उद्योगहरुलाई निश्चित मापदण्ड निर्माण गरी अनुदान, सहुलियत, वित्तीय पहुँच र बजारीकरणमा सहजीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

## ४.३ भौतिक पूर्वाधार विकास

### ४.३.१ यातायात, सिंचाई, संचार, विद्युत, वैकल्पिक उर्जा, भवन तथा आवास

राप्तीको वस्तुगत विवरण तथा बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल र अन्तरक्रियाबाट पहिचान भएका भौतिक पूर्वाधार विकास क्षेत्रसँग सम्बन्धित मूल समस्या साथै त्यसका कारण र असरहरुलाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

#### ४.३.१.१ भौतिक पूर्वाधार विकास क्षेत्रको समस्या विश्लेषण

| समस्या | कारण | असर |
|---|---|---|
| **सडक तथा यातायात** | | |
| गाउँपालिको सवै क्षेत्रमा सुलभ यातायातको सेवा सुविधामा पहुँच नहुनु | • निर्मित संरचनाको गुणस्तर र दिगोपना कायम हुन नसक्नु<br>• संञ्चालित ग्रामीण सडकहरुलाई बर्षभरी संञ्चालन गर्न नसक्नु ।<br>• सवै सडकहरु प्राविधिक अध्ययन विना निर्माण हुनु<br>• सडकहरुको स्वीकृत मापदण्ड अनुसार प्रभावकारी कार्यान्वयन गर्न नसक्नु ।<br>• वनक्षेत्रमा सडक निर्माण गर्न नीतिगत कठिनाई हुनु ।<br>• यथार्थपरक संभावना (वस्ती विकास, भूमि उपयोग) नहेरी योजना वन्नु<br>• छरिएको वस्ती र बासोबास हुनु<br>• नियमित यातायात संञ्चालनको लागि खोलाहरुमा पक्कीपूल, कलभर्ट नभएकोले कठिनाई | • उपभोक्ताले सडक आयोजनाप्रति अपनत्व कम अपनाउनु<br>• बिद्यमान शाखा सडकहरुका नियमित यातायात संञ्चालन नहुनु ।<br>• अव्यस्थित रुपमा सडक निर्माणको कारणले भूक्षय तथा पहिरोमा बृद्धि भई सडक आवागमनमा अवरोध हुनु ।<br>• भूक्षय, वाढि तथा पहिराको जोखिम बृद्धि हुनु । |
| **सिंचाई** | | |
| सवै खेतियोग्य भूमिमा सिंचाई सुविधा कम भई उत्पादनमा असर पर्नु । | • वृहद सिंचाईको योजनाले सवै खेतीयोग्य क्षेत्र समेटन नसक्नु ।<br>• प्राकृतिक पानीका मुहानहरु सुक्दै जानु र पोखरी निर्माण तथा संरक्षण कार्यक्रमहरु नहुनु ।<br>• गाउँपालिकाको उत्तरी क्षेत्रमा सिंचाईको सुविधा उपलब्ध नहुनु<br>• निर्माण भएका ठूला नहरहरुले सवै क्षेत्रलाई सिंचाई समेट्न नसक्नु । | • कृषि बाली उत्पादन कम हुनु ।<br>• मौषमी सिंचाईमा भर पर्नुपर्ने बाध्यता<br>• संभावना भएपनि सिंचाई सुविधा कमीको कारण नगदेबाली प्रवर्द्धन गर्न नसक्नु ।<br>• पानीमा आधारित कृषिका अन्य वैकल्पिक उपायहरु अपनाउन नसक्नु । |
| **बिद्युत तथा वैकल्पिक ऊर्जा** | | |
| गाउँपालिका सवै क्षेत्र तथा घरधुरीहरुमा विद्यूत तथा वैकल्पिक ऊर्जाको पहुँच नहुनु | • टोलका सवै गाउँहरुमा विद्यूत वितरण लाईन पुऱ्याउन नसक्नु ।<br>• समुदायको सवै घरधुरीमा वैकल्पिक ऊर्जा प्रविधि विस्तार नहुनु ।<br>• बिद्यूत विवरण प्रणाली भोल्टेजको कारण व्यबस्थित नहुनु<br>• ऊर्जा वैकल्पिक स्रोतबारे अध्ययन र अनुसन्धान नहुनु ।<br>• खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग बढ्नु । | • पर्याप्त श्रोत र संभावना भएपनि दुर्गम क्षेत्रमा उर्जाको पहुँचमा कमी ।<br>• विद्युत सेवावाट समुदाय वन्चित हुनु ।<br>• खाना पकाउन दाउराको विकल्प कम भएकोले वनमा चाप पर्नु ।<br>• सुधारिएको धुँवारहित चुलो प्रर्वद्धनमा कमी |
| **सूचना तथा संञ्चार** | | |
| सूचना तथा संञ्चार सेवा कम गुणस्तरीय हुनु । | • स्थानीय पत्रपत्रिकाहरु गाउँपालिका भरी पहुँच नहुनु<br>• संचार प्रविधिमा गुणस्तर व्यबस्थापनमा भन्दा संख्या विस्तारमा जोड दिनु ।<br>• सवै दुर्गम वस्तीलाई लक्षित गरी मोवाइलको टावर नहुनु<br>• हुलाक सेवालाई प्रभाकारी रुपमा संचालन गर्न नसक्नु । | • दुर्गम एंव पिछडिएका क्षेत्रका समाचार संकलन कम हुनु ।<br>• हुलाक सेवा आधुनिकीकरण नहुनु<br>• मोवायल सेवा सवैतिर प्रभावकारी नहुनु । |

| भवन तथा आवास | | |
|---|---|---|
| अव्यस्थित बसोबास तथा सार्वजनिक निर्माण कार्यको गुणस्तरमा कमी हुनु | • सार्वजनिक निर्माणमा स्थानीय सहभागिता कम हुनु ।<br>• वस्तीको संभावना हरेर एकीकृत वस्ती विकास योजना नहुनु ।<br>• एकीकृत सेवा केन्द्रको अवधारणा नहुनु ।<br>• सार्वजनिक र सरकारी जमिनहरुको वास्तविक तथ्याङ्क नहुनु ।<br>• भूमिहिन तथा सुकुम्बासी समस्या व्यवस्थापनमा समस्या<br>• नगरोन्मुख/शहरोन्मुख क्षेत्रहरुमा एकीकृत भौतिक विकास योजना नहुनु<br>• भवन निर्माण मापदण्ड अनुसार पुराना संरचनाहरुको व्यबस्थापन गर्न कठिनाई | • बसाई सराई तथा अव्यबस्थित बसोबास बृद्धि भएकोले खेती योग्य जमिन प्लटिङ्गको क्रम देखा पर्नु ।<br>• बसोबास अव्यस्थित र असुरक्षित हुनु<br>• शहरी तथा बजारी क्षेत्रहरुमा खानेपानी र फोहर व्यबस्थापनमा समस्या देखिनु ।<br>• शहरी सौन्दर्यमा नकारात्मक असर पर्नु<br>• सार्वजनिक संरचनाको मर्मत खर्च वृद्धि |

## ४.३.१.२ भौतिक पूर्वाधार विकास क्षेत्रको प्रमुख उद्धेश्य र कृयाकलाप

| उद्धेश्य | कियाकलाप |
|---|---|
| उद्धेश्य<br>यातायात पूर्वाधारहरुको विकास तथा विस्तार गर्ने । | राप्ती चक्रपथ निर्माण तथा स्तरोन्नती गर्ने । |
| | राप्ती गाउँपालिकाको गाउँ नगर यातायात गुरुयोजनाले लक्षित गरेको सडक योजनाहरु कार्यान्वयन गर्ने |
| | ग्रामीण सडक निर्माण |
| | ग्रामीण सडक मापदण्ड अनुरुप स्तरोउन्नती |
| | ग्रावेल सडहरुलाई कालोपत्रे |
| | झोलुङ्गे पुल निर्माण, मर्मत तथा स्तरोउन्नती |
| | मोटरएवल पुल तथ कलभर्टहरुको निर्माण |
| | पर्यटकीय पदमार्ग पहिचान निर्माण |
| | वसपार्क निर्माण तथा विस्तार |
| | राष्ट्रिय प्राथमिकता अनुसार निर्माण हुने पूर्व पश्चिम रेलमार्गको कनेक्सन पोइन्टको रुपमा विकास गर्ने । |
| | राप्ती गाँउपालिका क्षेत्र भित्र मझौला एअपोर्ट निर्माणको लागि संभाव्यता अध्ययन गर्ने । |
| | स्थानीय योजना कार्यान्वयन र अपनत्वको लागि टोलविकास संस्थाहरुको क्षमता विकास मार्फत परिचालन गर्ने |
| | खिनैटा मझनी जोड्ने दोलखोला मोटरपुल निर्माण गर्ने |
| | पथ्थरगढवा मोटरपुल निर्माण गर्ने |
| | आपँखोली- बगासोती -स्यानीघोष छाउलीटोल- करङ्गे - सडक कालोपत्रे |
| | हर्षेडाँडा -लालमटिया खुरुरिया सडक कालोपत्रे निर्माण सम्पन्न गर्ने |
| | बसन्तापुर - श्रीनारायणचोक- देवीकोट सिम्ले वावरी सडक कालोपत्रे निर्माण सम्पन्न गर्ने |
| | महादेवा बड्का सिसहनिया- करङ्गे पुनखोला सडक स्तरोन्नती  कालोपत्रे सहित निर्माण सम्पन्न गर्ने |
| | बगरापुर- सगरापुर- पथ्थरवगढवा- पहरुवा- भुल्के सडक स्तरोनन्ती सहित कालोपत्रे गर्ने |
| | राप्तीको पहाडी भूभाग जोड्ने सडकलाई बाह्रैमहिना संञ्चालनको सडकको स्तरोन्नती गर्ने |
| | वडा स्तरीय पूर्वाधार विकास कार्यक्रम |
| | वडास्तरमा सुलभ स्वास्थ्य सेवाको लागि स्वास्थ्य चौकी  र सामुदायिक स्वास्थ्य भवन निर्माण गर्ने । |
| | गाउँपालिकाको एकीकृत सेवा  प्रवाहको लागि बहुउद्देश्यीय सभाहल निर्माण गर्ने । |
| | सवै वडा कार्यालयको कार्यालय भवनको प्राविधिक लगत तयार गरी निर्माण सम्पन्न गर्ने |
| उद्धेश्यः<br>सिंचाइ सुविधामा बृद्धि भएको भई उत्पादनमा वृद्धि गर्ने । | मौसमी कूलोहरु तथा पुराना नहरको मर्मत सम्भार |
| | पानीका श्रोत भएका स्थानहरुमा तलाउ पोखरी वनाउदै सुधारिएको सिंचाई प्रविधि प्रयोगका लागि सहयोग |
| | राप्ती नदीवाट पम्पिङ्ग गरी सिंचाई योजना संचालन |
| | भूमिगत जलस्रोत सिंचाई योजना संञ्चालन |
| | सौर्य प्रविधिमा आधारित साना तथा मझौला सिंचाई योजना संञ्चालन |
| | सिंचाइ आयोजनाहरुको निर्माण, मर्मत सुधार र व्यवस्थापन |
| | सतही पानीलाई नहर /कुलो तथा भूमिगत पानीलाई बोरिङ्ग मार्फत सिंचाई विस्तार गर्ने |

| | |
|---|---|
| उद्धेश्य: विद्यूत तथा वैकल्पिक ऊर्जाको विस्तार र उपयोगमा वृद्धि गर्ने । | बिद्युत प्रशारण लाईन विस्तार |
| | ग्रामीण बिद्यूतिकरण |
| | घरायसी तथा संस्थागत बायोग्याँस विस्तार कार्यक्रम |
| | सुधारिएको चुलो मार्फत घरभित्रको धुवाँ मुक्त गाउँ निर्माण |
| | वैकल्पिक ऊर्जा प्रवर्द्धन सम्बन्धी चेतनामूलक कार्यक्रम |
| | सौर्य उर्जा प्रवर्द्धन |
| | गाउँपालिका सवै घरधुरीमा पूर्ण भोल्टेज क्षमताको विद्यूत विस्तार गर्ने |
| | वैकल्पिक उर्जाको प्रवर्द्धन र विस्तार |
| उद्धेश्य: सूचना र संञ्चार सेवा तथा सुविधा विकास, प्रविधि विस्तार मार्फत गुणस्तरीयता सेवा उपलब्ध गराउने । | सामुदायिक अध्ययन केन्द्र स्थापना तथा व्यवस्थापन |
| | इन्टरनेटसेवा बृद्धि तथा वैकल्पिक प्रविधि विस्तार |
| | सामुदायिक रेडियो सुद्धिढिकरण तथा विस्तार कार्यक्रम |
| | सुलभ संचार सेवा प्रवर्द्धन तथा मोवाएल टावर विस्तार |
| | आमसंचार पत्रकारिता क्षमता विस्तार |
| | हुलाक कार्यालयको पूर्वाधार सहित स्तरोन्नति |
| **उद्धेश्य: भू उपयोग योजनाको आधारमा ग्रामीण तथा शहरी वस्ती व्यवस्थापन गर्ने ।** | भवन निर्माण आचारसंहिता सम्बन्धी अभिमुखिकरण तथा प्रचार प्रसार |
| | सडक अधिकार क्षेत्र सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन |
| | भूउपयोग नीति तथा रणनैतिक योजना तयारी |
| | सार्वजनिक जमिन प्रयोग सम्बन्धी मापदण्ड तयारी |
| | नगरउन्मुख तथा बजारीकरण भएका क्षेत्रहरुमा एकीकृत भौतिक विकास गुरुयोजना तयारी |
| | ग्रामीण सडकहरुको लगत कट्टा तथा अभिलेख अद्यावधिक |
| | व्यबस्थित र स्तरीय खेलमैदान तयारी |
| | धार्मिक तथा ऐतिहासिक स्थालको संरक्षण तथा प्रचारप्रसार |
| | संरचना तथा भवन निर्माण मापदण्डलाई कढाइका साथ लागू गर्ने |
| | विभिन्न वडाहरुमा निर्माण भएका घरनक्सा पास तथा अभिलेखिकरणलाई व्यबस्थित गर्ने |
| | पूर्वाधार निर्माण योजनामा मर्मत संभार प्रयोजनको लागि To Sustain fund को प्रावधान राख्ने |
| | गाउँपालिकाभित्र सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार सिटी हल निर्माण गर्ने |
| | गिद्ध संरक्षण तथा पशु बृद्धाश्रमलाई थप व्यबस्थापन गर्ने |
| | वनभोज स्थल निर्माण तथा व्यबस्थापन गर्ने । |
| उद्धेश्य: ठोस फोहोरमैला व्यबस्थापनको लागि प्रविधि विकास तथा संयन्त्र स्थापना गर्ने । | स्यानिटरी ल्याण्डफिल साईड निर्माण गर्ने । |
| | स्यानिटरी साइडमा फोहर प्रशोधन केन्द्र स्थापना गर्ने । |
| | घरबाट उत्पन्न हुने फोहरमैला वर्गीकरण तथा व्यवस्थापन गर्ने । |
| | कम्पोष्ट विन वितरण तथा गार्वेज पिट तयारी गर्ने । |
| | सार्वजनिक नीजि साझेदारी अवधारणा क्षमता विस्तार गर्ने । |
| | फोहरमैला व्यबस्थापनको लागि टोलविकास संस्थाको क्षमता विकास गर्ने । |
| | राजमार्गको निश्चित स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने । |

### ४.३.१.३ कार्यक्रम कार्यनीति

- सडक गुरुयोजनाका आधारमा सडक निर्माण एवम् सुधारका लागि प्राथमिकता साथ लगानी अभिवृद्धि गरिनेछ ।
- ग्रामीण तथा अन्य सडकहरुको संरचनागत स्तारोन्नति गर्दै बाह्रै महिना चल्ने सडक तयार गरिनेछ ।
- छिमेकी गाउँपालिका, नगरपालिका, जिल्ला, ठूला बजारकेन्द्र, सघनबस्ती, एवम् ठूला विकास पूर्वाधार भएका क्षेत्रसँग जोडिएका र जोड्ने सडकहरुको स्तरोन्नति गर्न विशेष प्राथमिकता दिइने छ ।
- प्रमुख पर्यटकीय स्थलहरु जोड्ने सडकहरु निर्माणलाई प्राथमिकताका साथ लगानी गरिने छ ।
- गाउँपालिका सवै टोलहरुमा बिद्यूत सुविधा उपलब्ध गराइनेछ ।
- तरकारी, फलफूल, नगदेबाली लगायतका कृषि उत्पादन पकेट क्षेत्र एवम् प्रशोधन, भण्डारण आदि उद्योगहरुका लागि सडक ताथ विद्युत सुविधा यथाशिघ्र सहज रुपमा उपलब्ध गराउन निजी क्षेत्र र सरकारको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने छ ।

- गाउँपालिकाका सबै वडा भवनहरु निर्माणका लागि विद्यमान भवन पूर्वाधार अवस्थाको लेखाजोखा गरी प्राथमिकताका आधारमा संरचनाहरु निर्माण गर्दै लगिने छ ।

- सिंचाई सुविधा विस्तारका लागि नयाँ सिंचाई योजना संञ्चालन तथा पुराना योजनाहरुको मर्मतलाई प्राथमिकता दिईनेछ ।

- सामुदायिक विद्यालय तथा स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्यकेन्द्र, प्रहरी चौकी भवन एवम् महिला, असहाय, बालबालिका लगायत जोखिममा रहेकाहरुका लागि सुरक्षित आवास एवम् सामुदायिक भवनहरुको निर्माणका लागि प्राथमिकताका आधारमा लगानी गरिने छ ।

- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सो सम्बन्धी सार्वजनिक/सरकारी सेवा प्रदायक निकायहरुलाई पूर्वाधार सम्पन्न बनाउन आवश्यक नीतिगत एवम् लगानीका लागि पहल गरिनेछ ।

- सरकारी लगायतका सामुदायिक पूर्वाधारहरुको निर्माण, दिगो सञ्चालन एवम् व्यवस्थापनका लागि जनसहभागिता र साझेदारीलाई प्रोत्साहन गरी सञ्चालनमा ल्याइनेछ ।

- सुरक्षित, किफायति, वातावरणमैत्री एवम् भूकम्पीय जोखिममुक्त सार्वजनिक तथा नीजि भवनहरु निर्माणका लागि प्रचलित मापदण्ड, आचारसंहिता र प्रावधानहरुको प्रभावकारी कार्यन्वयन एवम् प्रोत्साहित गरिनेछ ।

- प्रमुख बस्ती, बजार एवम् शहरोन्मुख क्षेत्रमा दिगो र व्यवस्थित शहरी तथा बस्ती विकासका कार्यक्रमहरु तर्जूमा गरी कार्यन्वयन गरिने छ ।

- प्रमुख बजारकेन्द्र एवम् सघनबस्ती रहेका क्षेत्रहरुमा बढ्दै गएको सबै प्रकारका प्रदुषणलाई नियन्त्रण गर्न फोहोरमैला व्यवस्थापन लगायतका सघनबस्ती पूर्वाधार विकास र विस्तारमा जोड दिइनेछ ।

- वातावरणमैत्री एवम् प्राकृतिक स्रोत र पर्यावरणीय सन्तुलनमा प्रतिकूल असर नपार्ने एवम् निर्माणकार्यबाट तुलनात्मक रुपमा न्यून वातावरणीय क्षति हुने पूर्वाधार विकासमा प्राथमिकता र जोडदिइनेछ ।

- पुरातात्विक महत्वका धार्मिक सांस्कृतिक र ऐतिहासिक स्थल, मठमन्दिर, चर्च, मस्जिद एवम् सार्वजनिक स्थल आदिको संरक्षण एवम् पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

## ४.४ सामाजिक विकास योजना

### ४.४.१ शिक्षा, खेलकूद, युवा तथा संस्कृति

शिक्षा, खेलकूद, युवा तथा संस्कृतिसँग सम्बन्धित समग्र गाउँपालिका क्षेत्रको वस्तुगत विवरण तथा बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका मूल समस्या, कारण र असरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

४.४.१.१ शिक्षा, खेलकुद, यूवा तथा संस्कृति क्षेत्रको समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| **विद्यालय र कलेजहरुमा भौतिक पूर्वाधार एवम् आधुनिक शैक्षिक वातावरणको कमीले वालवालिका र युवाहरुमा सर्वसुलभ गुणस्तरीय शिक्षा तथा खेलकूद विकास सुनिश्चित हुन नसक्नु।** | • आधुनिक शिक्षा प्रणालीका लागि पूर्वाधार र जनशक्ति कमी हुनु।<br>• सामुदायिक विद्यालयहरुमा अभिभावहरुमा जागरुपताको कमी।<br>• सबै विद्यालयमा भरपर्दो विज्ञान प्रयोगशाला र पुस्तकालयको अभाव हुनु।<br>• विद्यालयहरुमा भवन, फर्निचर, शौचालय, खानेपानी, घेरावार, खेलमैदान जस्ता आधारभूत पूर्वाधारहरु पर्याप्त नहुनु।<br>• सवै विद्यालयमा छात्रामैत्री शौचालय व्यवस्था नहुनु<br>• वालमैत्री शिक्षण विधि र आवश्यक शैक्षिक सामग्रीहरुको नहुनु<br>• सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय अभिभावकहरुको लगानी कम हुनु।<br>• विद्यालयहरुमा अतिरिक्त कियाकलापहरु नियमित हुन नसक्नु।<br>• अपाङ्गमैत्री संरचना र शैक्षिक अवसरहरुको कमी हुनु।<br>• सबैप्रकारका खेदकूद विकासका लागि आवश्यक पूर्वाधार र खाली जमिनको अभाव हुनु। | • वालवच्चाको शिक्षाका लागि वाहिर जानु पर्ने।<br>• युवा पलायन हुनु।<br>• निर्देशित र कोरा शैक्षिक जनशक्ति उत्पादन हुनु।<br>• सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा ह्रास आउनु।<br>• निजी विद्यालय प्रतिको आकर्षणका कारण शैक्षिक क्षेत्रमा पारिवारिक लगानी बढ्नु ।<br>• अपाङ्ग र पछाडि परेका समुदायका वालवालिका प्रतिष्पर्धामा आउन नसकी शैक्षिक लगाब कम हुनु।<br>• शैक्षिक आचार संहिता र नियम कानूनहरुको प्रभावकारी कार्यान्वयनमा चुनौती थपिनु।<br>• यूवा तथा खेलकुद प्रवर्द्धनात्मक गतिविधि कम हुनु। |
| **विकास निर्माण र सिर्जनात्मक कार्यमा युवावर्गको सहभागिता कम हुनु।** | • युवा नेतृत्व विकासमा कम लगानी हुनु।<br>• स्वरोजगारमूलक बनाउन सरकारले भरपर्दो लगानी नगर्नु ।<br>• युवापरिचालन नीतिको अभाव।<br>• यूवावर्गमा उद्यमशीलताको कमी। | • रोजगारी र शिक्षाका लागि युवाहरु पलायन हुनु।<br>• सामाजिक अपराधहरु बढ्नु। |
| **स्थानीय मौलिक संस्कृतिहरु लोप हुदै जानु** | • भाषा लिपि, कला, साहित्य, संस्कृति र हाम्रा सभ्यताहरुको बारेमा प्रचार प्रसार, चेतना अभिवृद्धि र अभिमुखीकरणको अभाव।<br>• वाहिरी मुलुक र समाजसँगको अन्तरघुलन र विकृतिहरुको अनुकरण<br>• स्थानीय तथा मातृभाषा शिक्षा नीति प्रभावकारी रुपमा कार्यान्वयन नहुनु।<br>• सांस्कृतिक धरोहरहरुको पहिचान, अनुसन्धान र जगेर्नाका लागि लगानी हुन नसक्नु।<br>• आदीबासी जनजाति समुदायको परंम्परागत भेषभुषा तथा मौलिक कलाको प्रवर्द्धनमा लगानी कम हुनु। | • सांस्कृतिक पर्यटनमा कमी आउनु।<br>• सांस्कृतिक पहिचान हराउदै जानु।<br>• मौलिक संस्कृतिहरुको पुस्तागत हस्तान्तरण हुन नसक्नु। |

### ४.४.१.२ शिक्षा, खेलकुद, यूवा तथा संस्कृति क्षेत्रको प्रमुख उद्धेश्य तथा कृयाकलापहरु

| उद्धेश्य | कियाकलाप |
|---|---|
| उद्धेश्यः शिक्षा सर्वसुलभ र गुणस्तरीय वनाउने । | सबै सामुदायिक बिद्यालयहरुमा पूर्व प्राथमिक कक्षा र बालमैत्री शैक्षिक संरचना तयारी |
| | बालमैत्री शैक्षिक तालिम |
| | स्थानीय मातृभाषा शिक्षा प्रवर्द्धन |
| | विद्यालयमा स्वच्छ खानेपानीको व्यबस्था र छात्र-छात्रामैत्री शौचालय निर्माण |
| | शैक्षिक सामग्री व्यवस्थापन |
| | मावि र निमावि तहमा कम्प्यूटर शिक्षा संचालन |
| | विद्यालय तहमा पुस्तकालय स्थापना र संचालन |
| | विद्यालय तहमा सूचना प्रविधि स्थापना र संचालन |
| | शैक्षिक अवसर सहजताका लागि सामुदायिक बिद्यालयमा स्रोतसहितको जनशक्ति व्यबस्थापन गर्ने |
| | गाउँपालिका भित्र रहेका सामुदायिक बिद्यालयहरुलाई नमूना बिद्यालयमा रुपान्तरण गर्ने |
| | स्थानीय भाषाको पाठ्यक्रम तयार गरी परीक्षणको रुपमा पढनपाठन शुरुवात गर्ने |
| | सवैका लागि शैक्षिक अवसर भन्ने नारा अनुसार पूर्ण भर्ना अभियानलाई सफल गर्ने |
| | सबै बिद्यालयहरुमा शिक्षक विद्यार्थी आचारसहिता अनिवार्य गर्ने |
| | औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्ण साक्षर गाउँपालिका तयार गर्ने |
| | गाउँपालिका स्तरीय सुविधा सम्पन्न खेलमैदानको पूर्वाधार निर्माण गर्ने |
| | पुस्तकालय, विज्ञान प्रयोगशाला स्थापना र संचालन |
| | अपाङ्ग, वाल तथा छात्रामैत्री विद्यालय/कलेज भवन निर्माण |
| | आवश्यकता र औचित्यको आधारमा बिद्यालय मर्च तथा दरबन्दी मिलान गर्ने । |
| | सामुदायिक विद्यालयहरुको पूर्वाधार विकास गरी तहगत स्तरोन्नती गर्ने |
| उद्धेश्यः व्यवसायिक खेलकूदको विकासको लागि पूर्वाधार र जनशक्ति विकास गर्ने । | स्थानीय खेलकूल प्रशिक्षक प्रशिक्षण तालिम |
| | विद्यालयहरुमा खेल सामग्रीहरु सहितको पूर्वाधार तयारी |
| | खेलकूद प्रशिक्षण संचालन केन्द्रको स्तरोन्नति |
| | प्रतियोगितात्मक खेलकुद कार्यक्रम आयोजना मार्फत युवा व्यक्तित्व विकास व्यवसायिक खेलाडीहरु उत्पादन गर्ने |
| | प्रतियोगितात्मक अन्तर गाउँपालिका खेलकूदका लागि आवश्यक सार्वजनिक संरचना निर्माण |
| | व्यसायिक खेलाडी विमा |
| | प्रतियोगितात्मक खेलकुदम प्रवर्द्धनका |
| | गाउँस्तरीय खेदकूद प्रतियोगिताहरु संचालनका लागि स्टेडियम निर्माण |
| | सामुदायिक बिद्यालयहरुमा भएको खेलमैदानको स्तरोन्नती |
| उद्धेश्यः स्वरोजगारमूलक व्यवसायहरुमा युवाहरुको संलग्नता वृद्धि गर्ने । | युवा स्वरोजगार तालिम संचालन |
| | युवा स्वरोजगार ऋण परिचालन तथा व्यवस्थापन |
| | यूवा तथा प्रौढ साझेदारी कार्यक्रम |
| | गुणस्तरीय तथा जिवनोपयोगी शैक्षिक वातारणको अवसर सृजना गर्ने |
| | बेरोजगारहरुको संख्या अद्यावधिक गर्ने |
| | स्थानीय सीप र प्रविधिमा आधारित यूवा उद्यमशीलता विकास कार्यक्रम संञ्चालन गर्ने । |
| | युवा व्यवसायिक प्रबर्द्धनात्मक कार्यक्रम |
| उद्धेश्यः स्थानीय भाषा, कला, साहित्य र सांस्कृतिक धरोहरहरुको संरक्षण र सम्बर्द्धन मार्फत समावेशी विकास गर्ने । | स्थानीय मातृभाषा शिक्षा विद्यालय सुधार |
| | भाषा, कला, साहित्य र सांस्कृतिक समारोह, भेला, मेला आदि गतिविधिहरुको प्रबर्द्धन |
| | आदीबासी जनजाति समुदायको भाषा, कला, साहित्य तथा सांस्कृति सम्वन्धी प्रकाशन |
| | भाषा, कला, साहित्य र सांस्कृतिक श्रष्टा सम्मान |
| | पंरम्परागत तथा मौलिक सांस्कृतिक अधिकार स्थापना |
| | मठ, मन्दिर, गुम्बा, चर्च, चौरालीहरुको निर्माण, मर्मत सम्भार |
| | सांस्कृतिक पर्यटन विकास तथा प्रबर्द्धन |
| | स्थानीय आदिवासी जनजातीहरुको भाषा लिपि, संस्कृति र कलाको संरक्षण तथा प्रबर्द्धन र विकासको लागि संग्राहलय निर्माण |
| | आयमूलक सीपमूलक कार्यक्रमहरुमा आदिबासी जनजाति र अल्पसंख्यक समुदायलाई प्राथमिकता दिन बिषयगत निकाय र सरोकारवालाहरुसँग समन्वय |

### ४.४.१.३ कार्यक्रम कार्यनीति

- सामुदायिक विद्यालयहरुमा नतिजामुखी गुणस्तरीय शिक्षा अभिवृद्धि गर्न सबै सरोकारवालाहरुको सहभागिता एवम् सहकार्यमा उच्च प्राथमिकता सहित विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

- सामुदायिक विद्यालयहरुको भवन, लैंगिक तथा बालमैत्री शौचालय, पुस्तकालय, प्रयोगशाला, फर्निचर, खानेपानी लगायतका भौतिक पूर्वाधार एवम् सुविधाहरुको स्तरवृद्धि गरी आधुनिक प्रविधि मार्फत शिक्षण सिकाईको वातावरण सिर्जना गर्न प्रोत्साहन गरिने छ ।

- सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनउपयोगी, सीपमूलक, रोजगारीमुखी एवम् समसामयिक बनाउन विशेष प्राथमिकता र प्रोत्साहन दिइने छ।
- शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यवहारिक, समावेशी र समतामूलक बनाउदै लैजाने नीतिलाई निरन्तरता प्रदान गरिने छ।
- राप्ती गाउँपालिकालाई पूर्ण साक्षर घोषणा गर्ने कार्यक्रमलाई उच्च प्राथमिकता र अभियानका रुपमा सञ्चालन गरिने छ।
- यूवाहरुलाई सामाजिक रुपान्तरण प्रक्रियामा अगाडी वढाउन युवाप्रौढ साझेदारी कार्यक्रम संचालन गरिने छ।
- विपन्न, सीमान्तकृत समुदाय र अपांगता भएका व्यक्तिहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित वर्ग विशेष शैक्षिक कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।
- आदिबासी जनजाति तथा दलितसमुदायलाई ससत्तिकरणका माध्यमबाट शिक्षा, स्वास्थ्य, रोजगार तथा जिवनोपयोगी सीप र पेशाका अवसरहरुमा सहज पहुँच पुऱ्याई थप मूल प्रवाहमा समाहित गरिनेछ।
- विकास निर्माणको हरेक पक्ष योजना तर्जुमा, कार्यानवयन तथा अनुभमन र मुल्याकंनमा आदिवासी जनजाती, महिला, दलित तथा लक्षित वर्ग सहभागीता सुनिस्चित गरिने छ।
- बालविकास केन्द्रहरुको प्रभावकारी सञ्चालन एवम् सामुदायिक विद्यालयहरुको प्रभावकारी अनुगमन, रेखदेख र व्यवस्थापन सुधार लगायतका कार्यक्रमहरुलाई थप प्रभावकारी बनाई लागू गरिने छ।
- सामुदायिक एवम् संस्थागत विद्यालय वीचको नतिजा एवम् गुणस्तर सम्बन्धी अन्तरलाई अन्त्य गर्न सामुदायिक विद्यालयहरुका शिक्षक, अभिभावक, विद्यार्थी, व्यवस्थापन एवम् सम्बद्ध सरोकारवालाहरुको सहभागिता र सहकार्यमा निश्चित मापदण्ड, समयसीमा र कार्ययोजना सहित सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने र स्थानीय भाषा, कृषि, आय-आर्जन सम्बन्धी विषयहरुलाई ऐच्छिक विषयको रुपमा पठनपाठन गर्ने आधारमा विशेष कार्यक्रम बनाई लागू गरिने छ।
- सामुदायिक विद्यालय एवम् अन्य शैक्षिक संस्थाहरुमा आधुनिक सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने कार्यक्रम लागू गरिनेछ।
- स्थानीय गाउँमा बोलिने विभिन्न भाषा, धर्म, चाडपर्व, भेषभुषा, रितिरिवाज, मौलिक ज्ञान, सीप, संस्कृतिहरुको अभिलेखीकरण, संरक्षण र सम्वर्द्धनका लागि अलग्गै कार्ययोजना निर्माण गरी कार्यन्वयनमा ल्याइने छ।
- सबै उच्च शिक्षाका शैक्षिक संस्थाहरुलाई व्यवस्थित र गुणस्तरीय शिक्षाको केन्द्रका रुपमा विकास गर्न भौतिक पूर्वाधार, सुविधा एवम् जनशक्ति उपलब्धतालाई विशेष जोड दिइने छ।
- विभिन्न खेलकूद प्रतियोगिता सञ्चालनका लागि खेलमैदान, कवर्डहल, मापदण्डयुक्त रंगशाला लगायतका आवश्यक भौतिक पूर्वाधारको निर्माण र सुव्यवस्थित सञ्चालनका लागि विशेष जोड दिइनेछ।
- राप्ती गाउँपालिकालाई सास्कृतिक आकर्षणको केन्द्रको रुपमा विकास गरिनेछ।

### ४.४.२ स्वास्थ्य तथा जनसंख्या

स्वास्थ्य तथा जनसंख्या सम्बन्धी वस्तुगत विवरण तथा बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका मूल समस्या, कारण र असरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ

४.४.२.१ स्वास्थ्य तथा जनसंख्या क्षेत्रको प्रमुख समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| **आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता, पहुँचमा कमी** | • आवश्यकता अनुसार दक्ष स्वास्थ्यकर्मी र उपकरणहरुको कमी हुनु ।<br>• स्वास्थ्य सेवा सुलभ र सेवाको पहुँचमा जटिलता रहनु ।<br>• स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार कमजोर हुनु ।<br>• दरबन्दी अनुसारको दक्ष प्राविधिक जनशक्तिको पदपूर्ति नहुनु ।<br>• ग्रामीण क्षेत्रहरुमा दरबन्दी अनुसारको जनशक्ति उपलब्ध नहुनु<br>• सरकारले घोषणा गरे बमोजिमको सबै निःशुल्क औषधीहरुको समयमानै प्रबन्ध हुन नसक्नु ।<br>• महामारी र मौसमी रोगहरु निवारण र नियन्त्रणका लागि पूर्वतयारी र आवश्यक पूर्वाधारहरुको कमी हुनु ।<br>• स्वास्थ्य अधिकार बारे समुदायमा चेतनाको कमी हुनु ।<br>• जटिल रोगहरुको निदान र उपचार गाउँपालिका भित्र हुन नसक्नु ।<br>• घरपरिवारमा स्वास्थ्य सम्वन्धि चेतनाको कमी र स्वास्थ वीमाको ज्ञान नहुनु ।<br>• हाइवेक्षेत्रमा आकष्मिक उपचार केन्द्र निर्माण नहुनु ।<br>• नसर्ने गम्भिर प्रकारका रोगहरुको वृद्धि हुनु । | • मातृ तथा शिशुको अवस्थामा उल्लेख्य सुधार नहुनु ।<br>• सरुवा रोगहरुमा न्यूनीकरण नहुनु<br>• स्वास्थ्य सेवा लिन वाहिरसम्म जानु पर्ने<br>• स्वास्थ्य क्षेत्रमा समुदायको लगानी वृद्धि हुनु ।<br>• समयमानै रोग पहिचान गर्न नसुकिएकोले आर्थिक क्षति धेरै हुनु । |

## ४.४.२.२ स्वास्थ्य तथा जनसंख्या क्षेत्रको प्रमुख उद्धेश्य र कृयाकलापहरु

| उद्धेश्य | क्रियाकलाप |
|---|---|
| उद्धेश्यः<br>आधारभूत स्वास्थ्य सेवाको उपलब्धता र पहुँचमा वृद्धि गर्ने । | संस्थागत प्रसूति सेवा विस्तार र जनचेतनामूलक कार्यक्रम |
| | एकीकृत विशेषज्ञ स्वास्थ्य शीविर संचालन |
| | आमा र वच्चाको लागि पोषण कार्यक्रम संचालन गर्ने |
| | प्रसूतिकेन्द्र स्थापना तथा संचालनमा सहयोग |
| | स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण तथा सुधार |
| | महिला प्रजनन् स्वास्थ्यमा सुधार कार्यक्रम |
| | स्वास्थ्य संस्थाहरुमा पहुँच बाटो निर्माण तथा मर्मत सम्भार |
| | राजमार्ग आसपासका स्वास्थ्य संस्थाहरुमा आपतकालिन सेवाको क्षमतामा वृद्धि |
| | स्वास्थकर्मीहरुको पदपूर्ति व्यवस्थापन |
| | आधारभूत औजार तथा उपकरणहरुको आपूर्ति प्रबन्ध |
| | स्वास्थ्य संस्थाहरुमा विद्युत र खानेपानीको प्रबन्ध |
| | खोपकेन्द्र र गाउँघर क्लिनिकहरुको सुधार र संचालन सहयोग |
| | महिला स्वास्थ्य स्वयम्सेविकाहरुको वृत्तिविकासका लागि लगानी |
| | सडक दुर्घटना उपचार केन्द्र (ट्रमा सेन्टर) स्थापना गर्ने |
| | गाउँपालिका क्षेत्र भित्र कम्तिमा ५० शैयाको अस्पताल संञ्चालन गर्ने |
| | शुन्यहोम डेलिभरी वडा तयार गर्ने |
| | स्वास्थ्य संस्थाहरुमा समयमानै निशुल्क औषधीको प्रवन्ध गर्ने |
| | सामुदायिक स्वास्थ्य इकाई संञ्चालन तथा व्यबस्थापन |
| | व्यक्तिगत सरसफाई तथा सामुदायिक स्वास्थ्य सम्बन्धी प्रर्वद्धनात्मक क्रियाकलाप संञ्चालन गर्ने |
| | सुरक्षित मातृत्व कार्यक्रम प्रवर्द्धन गर्ने |
| | वडामा रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्ने |
| | नसर्ने रोग पहिचान तथा न्यूनिकरण सम्बन्धी कार्यक्रम संञ्चालन |
| | स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार सहित थप जनशक्ति व्यवस्थापन गर्ने |
| | अति विपन्न तथा असाहय दिर्घरोगीहरुलाई स्वास्थ्य उपचार सहयोग गर्ने |

| | |
|---|---|
| उद्धेश्य:<br>संक्रामक रोगहरुको पहिचान, निदान र नियन्त्रणका लागि पूर्वतयारी गर्ने । | मौसमी संक्रामक रोग/महामारी नियन्त्रणमा लगानी |
| | सम्भावित स्वास्थ्य संक्रमण अध्ययन, अनुसन्धान र नियन्त्रण संरचना तयारी |
| | आधुनिक प्रयोगशाला स्थापना र संचालन |
| | गाउँपालिकाका सबै घरधुरीमा स्वच्छ र सुलभ खानेपानी आपूर्तिको व्यबस्था गर्ने |
| | सबै बिद्यालयहरुमा शुद्ध पिउनेपानीको व्यबस्था गर्ने |
| | वस्ती भन्दा तलतिर पानीको मुहान भएको पहाडी बस्तीहरुमा सोलार लिफ्ट प्रविधिमा आधारित खानेपानी योजना संञ्चालन गर्ने । |
| | राप्ती गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिकाको रुपमा स्थापित गर्ने |
| | साना बजारी केन्द्र तथा सार्वजनिक कार्यक्रम स्थलमा सार्वजनिक शौचालय निर्माण गर्ने । |
| | आयुर्वेदिक उपचार प्रचार-प्रसार र अनुसन्धानात्मक गतिविधि सहयोग |
| | आयुर्वेद  अस्पताल/औषधालय स्तरोन्नति र सुधार |

## ४.४.२.३ कार्यक्रम कार्यनीति

- शिशु मृत्यूदर, बाल मृत्यूदर तथा मातृ मृत्यूदरलाई न्यून गर्न महिला प्रजनन् स्वास्थ्यमा सुधार गर्न सबै वडाहरुमा प्राथमिकताका आधारमा बर्थिङ सेन्टर निर्माण गरिनेछ ।

- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्था र प्राविधिक जनशक्तिको क्षमता विकास, भौतिक सुविधा एवम् औषधी उपकरण, तालिम लगायतका सुविधाहरुको विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- ग्रामीण तथा पिछाडी परेका पारिएका क्षेत्रका लक्षित समूदायहरुलाई स्वास्थ्य सम्बन्धी सचेतना, वालवालिका तथा आमा र वच्चाको लागि पोषण सम्वन्धि कार्यक्रम, स्वास्थ्य सेवा र उपचारका लागि आवधिक रुपमा विशेष सेवा सहितको स्वस्थ्य शिविर, मोबाइल क्याम्प, आउटरिच क्लिनिक, गाँउघर क्लिनिक, सामुदीयक स्वास्थ्य सेवा केन्द्र लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- विभिन्न प्रकारका विपद् तथा दुर्घटनाहरुलाई दृष्टिगत गरी राजमार्ग आसपासका स्वास्थ्य संस्थाहरुमा आपतकालिन सेवाको क्षमतामा वृद्धि गर्दै लगिने छ ।

- स्वास्थ्य वीमाको अवधारणालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न सम्बद्ध सरोकारवालाहरुसँग समन्वय गर्दै लगिनेछ ।

- राप्तीमा स्थापना भई सञ्चालनमा रहेका र स्थापना हुने सामुदायिक तथा नीजि स्वास्थ्य संस्था एवम् क्लिनिकहरुको सेवा र मापदण्डलाई नीतिगत रुपमा व्यवथापन गरी प्रभावकारी बनाइनेछ ।

- बालबालिका तथा मातृ स्वास्थ्यमा उल्लेख्य सुधार ल्याउन गर्भवती र बालबालिकाको पोषण अवस्थामा सुधार गर्न विशेष कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।

- प्राथमिक स्वास्थ्य सेवा केन्द्र एवम् स्वास्थ्य चौकीहरुमा परामर्श तथा उपचार, सर्पदंश उपचार लगायतका विशेष स्वास्थ्य सेवा इकाईहरु स्थापना गर्न विशेष पहल गरिनेछ ।

## ४.४.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई सम्बन्धी वस्तुगत विवरण तथा बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका मूल समस्या, कारण र असरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.४.३.१ खानेपानी तथा सरसफाई क्षेत्रको प्रमुख समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| **स्वच्छ खानेपानीको कमी तथा सवै टोलमा सहज खानेपानी सुविधा विस्तार नहुनु साथै व्यवस्थित सरसफाईको कमी हुनु ।** | • खानेपानीका स्रोतहरु कम र विवादित हुनु ।<br>• राप्ती गाउँपालिका क्षेत्रमा प्रतिवर्ष उल्लेखनीय रुपमा घरसंख्या थपिने हुँदा पानीको समस्या वढनु ।<br>• मुहानबाट बस्तीसम्म खानेपानी विस्तार गर्ने कार्य जटिल र योजनाहरु खर्चिलो हुनु ।<br>• स्रोत संरक्षण तथा व्यवस्थापनमा कमी ।<br>• स्थानीय स्तरवाट हुने लागत सहभागीता कम र जटिल हुनु ।<br>• वस्तीको बनोट छरिएको र अव्यवस्थित हुनु ।<br>• विगतमा निर्माण भएका आयोजनाहरुको दिगो संचालनको प्रबन्ध नहुनु ।<br>• भूमिगत खानेपानीका श्रोतहरुमा आर्सनीक देखिनु<br>• आयोजना संचालनका लागि अनुगमन, मूल्यांकन र निरीक्षणको नियमित प्रबन्ध नहुनु ।<br>• सार्वजनिक स्थानमा शौचालय र खानेपानीको प्रबन्ध गर्न नसक्नु ।<br>• गाउपालिकको माथिल्लो क्षेत्रमा पानीका श्रोतहरु  कम हुनु र डाँडाका वस्तिहरु भएको स्थान पानीको श्रोतभन्दा माथि हुनु।<br>• खानेपानी मुहानहरु प्रदुषित हुनु ।<br>• व्यक्तिगत तथा सामुदायिक सरसफाईमा कमी | • पानीजन्य सरुवा रोगहरुको प्रकोप देखापर्नु ।<br>• पानीका स्रोतहरुको संरक्षण, सम्बर्द्धन र उपयोगमा स्थानीय समुदायको अपनत्व कमजोर हुनु ।<br>• पानी र सरसफाई सम्बन्धी विबादहरु देखापर्नु ।<br>• पर्यटन गतिविधिहरुमा नकारात्मक असर देखापर्नु ।<br>• गाउँपालिका केही वस्तीहरुमा फोहरमैला व्यबस्थापन नभएकोले विभिन्न प्रकोप उत्पन्न हुने खतरा |

### ४.४.३.२ खानेपानी तथा सरसफाई क्षेत्रको प्रमुख उद्धेश्य तथा कृयाकलापहरु

| उद्धेश्य | कियाकलाप |
|---|---|
| उद्धेश्य:<br>स्वच्छ खानेपानी विस्तार र गुणस्तर वृद्धि गर्ने । | खानेपानी अपुग वस्ती तथा क्षेत्रहरुमा नयाँ खानेपानी योजना संञ्चालन गर्ने |
| | पुराना जीर्ण र मर्मत योग्य खानेपानी योजनाहरुको आवधिक मर्मत संभार गर्ने । |
| | पाईपलाइनबाट वितरण योग्य क्षेत्रमा खानेपानी विस्तार गर्ने |
| | निजी धारा (मिटर जडान) विस्तार गर्ने |
| | खानेपानी स्रोत संरक्षण तथा सामुदायिक खानेपानी आयोजना निर्माण, मर्मत सम्भार र संचालन सहयोग |
| | खानेपानीका श्रोतहरुको संरक्षण, प्रशोधन तथा गुणस्तर सुधार |
| | सौर्य पम्पिङ्ग खानेपानी योजना निर्माण संचालन गर्ने । |
| | बर्षातको पानी संकलन प्रविधि विस्तार गर्ने । |
| | पानी सुद्धिकरण प्रविधिबारे जनचेतना विस्तार गर्ने । |
| उद्धेश्य:<br>सबै वस्ती र जनसंख्यामा  आधार भूत सरसफाई सेवा पुऱ्याउने । | सरसफाई जनचेतना अभिवृद्धि र अभियानको निरन्तरता |
| | पक्की शौचालय निर्माण तथा प्रयोग प्रवर्द्धन |
| | पूर्ण सरसफाई अभियान संचालन |
| | सार्वजनिक शौचालय निर्माण तथा संचालन व्यवस्थापन |
| उद्धेश्य:<br>वातावरणीय र सरसफाई तथा फोहरमैला व्यवस्थापनका सेवा सुविधामा गर्ने । | घरायशी तथा सार्वजनिक फोहरमैला बर्गीकरण र पुनरप्रयोग अभियान प्रबर्द्धन |
| | फोहर विसर्जन ल्याण्डफिल्ड साईट निर्माण तथा संचालन |
| | प्रमुख बजारकेन्द्रमा ढल निकासको प्रबन्ध र विस्तार |
| | घरभित्रको धुँवामुक्त प्रदुषणमुक्त वडा घोषणा अभियान |
| | फोहरमैला संकलन तथा विसर्जन साधन र जनशक्ति व्यवस्था |
| उद्धेश्य:<br>खानेपानी तथा सरसफाईका सरोकारवालाको संस्थागत विकास गर्ने । | खानेपानी मर्मत सम्भार प्राविधिक तालिम संचालन |
| | खानेपानी तथा सरसफाई उपभोक्ता समिति क्षमता विकास |
| | स्थानीय तहमा खानेपानी र सरसफाई सम्बन्धी छुट्टै इकाईको स्थापना तथा संचालन |
| | खानेपानी र सरसफाईको क्षेत्रमा कियाशील गैसस  साझेदारी तथा उपभोक्ता समिति प्रोत्साहन |

### ४.४.३.३ कार्यक्रम कार्यनीति

- यस योजनाको अवधि भित्रमा सबै घरपरिवारलाई स्वच्छ, सुरक्षित एवम् पर्याप्त खानेपानी सुविधा प्रदान गर्ने लक्ष्यलाई प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।
- खुला दिशामुक्त घोषणा गरिसकिएको सन्दर्भमा यसको दिगोपनाका लागि प्रभावकारी अनुगमन व्यवथा मार्फत सबै सार्वजनिक निकायमा पूर्णसरसफाईको मापदण्ड अनिवार्य रुपमा लागू गरिनेछ ।
- सम्पन्न आयोजनाहरुबाट प्राप्त हुने प्रतिफल सुनिश्चित गर्न मर्मत सम्भार कार्यलाई छुट्टै कोष र सञ्चालन एवम् प्रभावकारी अनुगमन पद्धतिको विकास गरी लागू गरिनेछ ।
- पानीको वैकल्पिक व्यवस्थापनका लागि वर्षादको पानी संकलन, सोलार खानेपानी पम्पीङ्ग प्रणाली योजनाहरु संचालन गर्दै लगिनेछ ।
- गाउँमा गठन गरिएका खानेपानी सरसफाई तथा स्वच्छता समितिलाई थप क्षमता, स्रोत सम्पन्न र सक्रिय बनाई खानेपानी तथा सरसफाई अभियानलाई प्रभावकारी बनाउन सहश्राब्दी विकास लक्ष्य द्रुत खाका अनुरुप राष्ट्रिय एवम् स्थानीय लक्ष्य हासिल गर्न प्राथमिकता दिइनेछ ।
- परम्परागत खानेपानीका स्रोतहरुको संरक्षणका लागि विशेष प्राथमिकता सहित कार्यक्रम सञ्चालन गरिनेछ ।
- खानेपानी तथा सरसफाई निर्माण, सञ्चालन एवम् उपयोग पद्धतिलाई वातावरणमैत्री र जलवायु परिवर्तन अनुकूल हुने व्यवस्थालाई अवलम्बन गर्दै लगिनेछ ।
- स्वच्छ खानेपानी व्यवस्थाका लागि पानीका श्रोतहरुको संरक्षण र पानीको गुणस्तर परीक्षण गरी पानी शुद्धिकरणको कार्य प्रभावकारी वनाईने छ ।

### ४.४.४ आदीबासी जनजाती, महिला, बालवालिका तथा लक्षितवर्ग

महिला, बालवालिका र लक्षितवर्ग सम्बन्धी वस्तुगत विवरण तथा बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका मूल समस्या, कारण र असरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.४.४.१ आदीबासी जनजाती, महिला, बालबालिका तथा लक्षितवर्गको प्रमुख समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| • **लक्षित वर्गको क्षमता विकासमा कमी हुनु ।** | • आदीबासी जनजातीहरुको मौलिक संस्कृति संरक्षणमा कम पहल हुनु ।<br>• लैङ्गिक तथा सामाजिक हिंसा र विभेद कायम रहनु ।<br>• गरिवीका कारण जीवनोपयोगी शिक्षा र सीप प्राप्त गर्न नसक्नु ।<br>• समावेशी शासन प्रणालीको अभ्यास र पूर्णपरिपालना नहुनु ।<br>• महिला र वालवालिकाको पारिवारिवारिक कार्यबोझ कायम रहनु ।<br>• पिछडिएको वर्ग र समुदाय भित्र पनि टाठाबाठाको एकाधिकार रहनु ।<br>• महिला, वालवालिका र अपाङ्गमैत्री संरचनाहरुको कमी हुनु ।<br>• जातीय तथा छुवाछुत विभेद न्यूनिकरणमा कमी साथै बालविवाह नरोकिनु ।<br>• लक्षित वर्ग र जातीहरुको पेशागत आधुनिकरण हुन नसक्नु<br>• निर्णय प्रक्रियामा महिला, दलित र सिमान्तकृत समुदायको उपस्थिति न्यून हुनु । | • गरिवी र पछौटेपन कायम रहनु ।<br>• स्थानीय शासन र विकास निर्माण प्रक्रियामा चौतर्फी सहभागीता र अपनत्वको भावना कमी हुनु ।<br>• समतामूलक समाज वन्न नसक्नु ।<br>• लैङ्गिक हिंसाका घटनाहरु कमी नहुनु ।<br>• बालविवाह न्यूनकरण हुन नसकेको |

### ४.४.४.२ आदिबासी जनजाति, महिला, बालबालिका तथा लक्षितवर्ग क्षेत्रको प्रमुख उद्धेश्य तथा कृयाकलापहरु

| उद्धेश्य | कियाकलाप |
|---|---|
| उद्धेश्यः<br>महिला, वालवालिका र लक्षितवर्गको जीवनयापन अवसरमा बृद्धि गर्ने । | लक्षितवर्ग नेतृत्व विकास तालिम र पुनस्थापना सहयोग |
| | लक्षितवर्ग सामाजिक सुरक्षाका लागि स्वास्थ्य बीमा |
| | लक्षितवर्ग कार्यक्रम प्रबर्द्धनका लागि साझेदारी |
| | आयआर्जन र स्वरोजगारमूलक तालिम र उद्यम व्यवसाय संचालनका लागि आर्थिक तथा प्राविधिक सहयोग |
| | सबै प्रकारका हिंसा पीडितहरुको उद्धार, उपचार र न्यायसेवाका लागि आर्थिक तथा कानूनी सहयोग |
| | महिला, वालवालिका र अपाङ्गमैत्री संरचना निर्माण र सुधारका लागि सहयोग |
| | बालप्रोफायल तयार गरी कार्यान्वयन गर्ने । |
| | सार्वजनिक संरचना निर्माणमा मापदण्ड अनुसार अपाङ्गता भएका व्यक्ति मैत्री, बालमैत्री र लैङ्गिक मैत्री गर्ने । |
| उद्धेश्यः<br>सबै प्रकारका भेदभावको न्यूनिकरण गर्दै सशक्तिकरणका माध्यमले सामाजिक मूलप्रवाहीकरण गर्ने । | लक्षितवर्ग विद्यालय सहयोग कार्यक्रम |
| | लैङ्गिक तथा जातीय भेदभाव न्यूनिकरण मार्फत सवैप्रकारका विभेदमुक्त गाउँपालिका तयार र घोषणा गर्ने |
| | महिला, वालवालिका, अपाङ्ग, जेष्ठनागरिक सत्संङ्ग तथा सेवा परामर्श केन्द्र स्थापना र संचालन |
| | लक्षितवर्गका लागि कियाशील संघसंस्थालाई सहयोग |
| | लक्षितवर्ग उपचार तथा राहत कोष स्थापना र संचालन |
| | लक्षितवर्ग मूलप्रवाहीकरण योजना तर्जुमा |
| | वालवालिकाका लागि खुल्ला शिक्षालय स्थापना र संचालन |
| | लक्षितवर्गका लागि सरकारी सेवाप्रवेश तालिम |
| | जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवहरुलाई पुस्ता हन्तान्तरणको लागि अध्ययन केन्द्रको स्थापना गर्ने |
| | गाउँपालिका स्तरीय जेष्ठनागरिक, महिला तथा बालबालिका कोष स्थापना गर्ने |
| | अल्पसंख्यामा रहेका जातजातीको संस्कृति संरक्षणको लागि विशेष कार्यक्रम संञ्चालन गर्ने |
| | आदीबासी, दलित, भूमिहिन सुकुम्बासी र मुक्त कमैया वर्गको लागि आर्थिक समृद्धि तथा क्षमता विकास मूलक कार्यक्रम संञ्चालन गर्ने |
| | स्थानीय कला, मौलिक संस्कृतिको पहिचान, खोज र प्रवर्द्धनात्मक कार्यक्रम संञ्चालन गर्ने |
| | गाउँपालिका भित्र भएको ऐतिहासिक पुरातात्विक, धार्मिक र सांस्कृति महत्वका मठ मन्दिर, संरक्षण तथा सम्बर्द्धन गर्ने |
| | आदीबासी थारु तथा मगर संङ्लायको स्थापना गर्ने । |
| | लक्षितवर्ग एकीकृत स्वास्थ्य परीक्षण शीविर संचालन |
| उद्धेश्यः<br>आदीबासी जनजाति समुदायको क्षमता विस्तार मार्फत सामाजिक मूलप्रवाहीकरण गर्ने । | आदिबासी जनजाति मातृभाषा शिक्षण कार्यक्रम |
| | मातृभाषा स्रोत शिक्षक तयारी |
| | गाउँ समन्वय समितिको कार्यालय संञ्चालन |
| | आदीबासी जनजाति तथा लापोन्मूख जातिको संग्राहलय स्थापना |
| | आदीबासी जनजाति समुदायका मौलिक कला संस्कृति संरक्षण |
| | क्षमता विकास तथा नेतृत्व विकास तालिम |

### ४.४.४.३ कार्यक्रम तथा कार्यनीति

- विकास निर्माणका सबै कार्यक्रमहरु तर्जुमा एवम् सञ्चालन गर्दा तथ्यांकहरुको आधारमा ग्रामीण, दुर्गम लगायतका सबै क्षेत्रहरुलाई समेट्ने गरी क्षेत्रीय सन्तुलन र प्राथमिकता अनुसार सञ्चालन हुने व्यवस्था मिलाईने छ ।

- लक्षित समुदाय तथा आदिबासी जनजाति सम्बन्धी कार्यक्रम र सो सम्बन्धी संस्थाहरुको क्षमता अभिवृद्धि गरी सोही समूहको

सहभागिताबाट सञ्चालन हुने व्यवस्था अवलम्बन गरिने छ ।

- स्थानीय स्तरमा रहेका लक्षित वर्ग समन्वय समितिहरुलाई संस्थागत सुदृढिकरण र क्षमता अभिवृद्धिका लागि योजना तर्जुमा, नेतृत्व विकास, समावेशीकरण, सहभागिता लगायतका क्षेत्रहरुमा विशेष कार्यक्रम बनाई कार्यन्वयन गरिने छ ।
- सबै प्रकारका बाल श्रमको उन्मूलन गरिने छ ।
- बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- अपांगता, विपन्नता, वृद्धवृद्धा, लक्षित समूदाय एवम् जोखिमका आधारमा बालबालिकाको न्यायोचित विकास, संरक्षण र विकास प्रक्रियामा सहभागिताका लागि विशेष सामाजिक सुरक्षाको व्यवस्था गर्न कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।
- महिलाको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तिकरणका लागि विकास प्रक्रियाका सबै चरणहरुमा लैगिक भूमिका, महिला अधिकार, अर्थपुर्ण सहभागिता एवम् पहुँचलाई सशक्त बनाउदै लगिने छ ।
- महिला विरुद्ध हुने सबै प्रकारका घरेलु तथा सार्वजनिक क्षेत्रका हिंसा, विभेद र बहिस्करणको अन्त्य गर्न विशेष प्राथमिकता सहितका सहज कानुनी उपचार प्रणाली लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- लैंगिक बजेट प्रणालीलाई संस्थागत बनाउदै प्रभावकारी कार्यन्वयनमा ल्याइने छ ।
- अपांगता भएका, एकल तथा विधवा महिलाहरुको लागि आयआर्जन, क्षमता विकास, सशक्तिकरण एवम् रोजगारी लगायतका कार्यक्रमहरु पहिचान गरी सञ्चालन गरिने छ ।
- खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत सेवा एवम् स्रोत साधनमा बञ्चितिकरणमा परेका विपन्न एवम् लक्षित वर्गको पहुँच अभिवृद्धि गर्न तथा मुलप्रवाहीकरणका लागि विशेष जोड दिइनेछ ।
- भिन्न क्षमता (अपांगता) भएका व्यक्तिहरुलाई सामाजिक आर्थिक रुपमा सशक्त बनाई रोजगारी र स्वरोजगारीको सिर्जना गर्ने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता साथ सञ्चालन गरिने छ ।
- विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक भवन, सडक यातायात, सार्वजनिक स्थल तथा निकायहरु अपांगमैत्री बनाइने छ ।
- अपांगता भएका व्यक्तिहरुलाई सांकेतिक भाषा/अपांगतामैत्री प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र उपचारमा छुट एवम् सार्वजनिक सवारीहरुमा सहुलियत व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गर्दै लगिने छ ।
- विभिन्न प्रकृतिका अपांगता भएका व्यक्तिहरुको एकीकृत तथा अद्यावधिक अभिलेख तयार पारी सहज ढंगले परिचय पत्र तथा सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था मिलाइने छ ।
- सामाजिक सुरक्षा भत्ता क्रमशः बैंकिङ प्रणालीबाट भुक्तानी गर्दै जाने व्यवस्था अवलम्बन गरिने छ ।
- स्थानीय समुदाय विशेषतः आदिवासी जनजातीहरुमा जलवायु परिवर्तनका नकारात्मक असरका सम्बन्धमा आदिवासी जनजाती समुदायको सहभागितामा सचेतना र शसक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

### ४.५ संस्थागत विकास, सेवा प्रवाह, राजश्व परिचालन र सुशासन

संस्थागत सुशासन तथा मानव संशाधन विकाससँग सम्बन्धित वस्तुगत विवरण, बिषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका मूल समस्या, कारण र असरहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.५.१ संस्थागत विकास तथा मावन संशाधन विकास योजनाको प्रमुख समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| **सार्वजनिक सेवा तथा सुविधामा नागरिक पहुँच तथा सेवा सर्वसुलभ, सहज र गुणस्तरीय नहुनु ।** | • विकासका सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी प्रणाली पूर्ण रुपमा स्थापित हुन नसक्नु ।<br>• सूचना, स्रोतसाधन र निर्णय प्रक्रियामा नागरिक तथा लक्षितवर्गको पहुँच र सहभागिता कम हुनु ।<br>• स्रोतसाधनको सीमितताका कारण मागअनुसार वितरण हुन नसक्नु ।<br>• उपलब्ध आवश्यक जनशक्ति कमी हुनु ।<br>• सेवाप्रदायक र सेवाग्राही बीच नियमित संबाद र प्रभावकारी संचार प्रणालीको कमी हुनु ।<br>• स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा कमी ।<br>• नतिजामुखी विकास, अनुगमन तथा मूल्यांकन प्रणाली व्यवस्थित हुन नसक्नु ।<br>• उपलब्ध ऐन, नीतिनियम, कानून, कार्यविधि/निर्देशिका र औजारहरु बारे पर्याप्त सूचना, जानकारी प्रचार प्रसार कमी हुनु ।<br>• स्थानीय स्तरमा समूह, समिति, संस्था र संजालहरुको प्रभावकारी परिचालन हुन नसक्नु र निर्देशित काममा सीमित हुनु ।<br>• स्थानीय तह संचालनका लागि आवश्यक भौतिक सामग्री कमी ।<br>• स्थानीय तह संचालन तथा सशक्तिकरणका लागि स्थानीय नागरिक सहभागिता कम हुनु ।<br>• सार्वजनिक निकायबाट प्रदान गरिने सेवाहरुबारे बिद्युतीय माध्यमबाट दिईने सूचना सवैले जानकारी लिन सक्ने पूर्वाधार तयार नहुनु । | • सार्वजनिक सेवा प्रवाहको जानकारी सवै समुदाय सम्म प्रभावकारी रुपमा जान नसक्नु<br>• वस्ती तथा वडातहबाट पहिचान तथा उठान भएका सवै मागहरु संबोधन गर्न नसक्नु ।<br>• विकास आयोजनाहरु दिगो नहुनु र सार्वजनिक अपनत्व विकास गर्न नसक्नु । |

## ४.५.१.१ संस्थागत विकास तथा मावन संशाधन विकास क्षेत्रको प्रमुख उद्धेश्य तथा कृयाकलाप

| उद्धेश्य | कार्यक्रम |
|---|---|
| उद्धेश्यः<br>स्थानीय शासनको संस्थागत तथा क्षमता विकास गर्ने । | व्यवस्थित कार्यालय भवन निर्माण तथा संचालन |
| | निर्वाचित जनप्रतिनिधिहरुको लागि क्षमता विकास कार्यक्रम |
| | बिषयगत समिति तथा उपसमितिहरुको दक्षता बृद्धि |
| | स्थानीय तह संञ्चालन सम्बन्धी ऐन,कानून, कार्यविधि निर्माण |
| | वडा कार्यालयहरुको निजी भवन निर्माण तथा संचालन व्यवस्था |
| | दरबन्दी अनुसारको जनशक्ति आपूर्ति प्रबन्ध |
| | क्रियाशील समूहहरुको पूर्वाधार तथा क्षमता विकास |
| | सामाजिक परिचालक तथा स्थानीय सुशासन अभियन्ताहरुको वृत्ति विकास सहयोग |
| | कृयाशिल गैह्सरकारी संस्था, सहकारी, समूहहरुसँग साझेदारी तथा क्षमता विकास |
| | स्थानीय तह र सेवाप्रदायकहरुको सशक्तिकरण र सेवा तथा कार्यसम्पादन प्रभावकारिताका सम्बन्धी कार्यक्रम |

| | |
|---|---|
| उद्धेश्यः<br>स्रोत परिचालन श्रमता अभिवृद्धि भै विकास योजना, सेवाप्रवाह र सुविधाहरु पारदर्शी र प्रभावकारी वनाउने । | आन्तरिक कर, शुल्क आदि संकलन गर्ने वडा स्तरीय संरचना तयारी |
| | स्थानीय तह आन्तरिक स्रोत परिचालन नीति र कार्यविधि तयारी |
| | स्थानीय तह स्रोत परिचालन सशक्तिकरण कार्यक्रम |
| | स्थानीय सरकारको सेवा प्रभावकारी बनाउन बिषयगत कर्मचारी जनशक्ति परिचालनको लागि संघीय सरकारसँग पहल गर्ने |
| | गाउँपालिकाको प्रोफायल तथा अन्य सेवाहरु बारे बिद्यूतीय सामाग्री मार्फत प्रविधि आत्मसाथ गर्ने |
| | सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत भक्ता वितरण प्रकृयालाई वैंक मार्फत संञ्चालन गर्ने । |
| | संघीय तथा प्रान्तीय बजेट आर्कषण तथा परिचालन गर्न गाउँपालिका स्तरीय ठूला आयोजनाहरुको प्राविधिक ईष्टिमेट सहितको  योजना वैंक तयार गर्ने |
| | ठेक्का प्रणालीलाई बिद्यूतीय कारोबार मार्फत नियमन गर्ने |
| | गाउँपालिका मार्फत प्रदान गरिने सेवाबारे नागरिक सन्तुष्टि र प्रभावकारीता बारे नियमित रुपमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई तथा सर्भेक्षणहरु गर्ने । |
| | एकीकृत  सम्पत्ति कर र अन्य राजश्व प्रणालीलाई व्यबस्थित गर्दै सफ्टवेयर मार्फत अद्यावधिक र बिजक जारी गर्ने |
| | वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन सम्बन्धी नागरिक क्षमता विकास |
| | स्थानीय तहको गतिविधि समावेश गरिएको जानकारीमूलक बुलेटिन तथा प्रकाशनलाई नियमित गर्ने |
| | जनशक्ति विकास/तयारी |
| उद्धेश्यः<br>स्थानीय शासन तथा निर्णय प्रकिया थप सहभागितामूलक, पारदर्शी र उत्तरदायी वनाउने । | नागरिक सशक्तिकरण र सुशासन क्षेत्रमा क्रियाशील संघसंस्थाहरु पूर्वाधार तथा क्षमता विकास |
| | सार्वजनिक सेवाप्रदायकहरुको सामाजिक परीक्षणका लागि सामुदायिक लेखाजोखा गर्ने |
| | सेवाप्रदायकहरुका लागि सुशासनका औजारहरुको प्रयोग सम्बन्धी अभिमुखीकरण, तालिम र क्षमता विकास |
| | स्थानीय समुदायमा क्रियाशील औपचारिक संघ-संस्थाहरुको शासन सुधार तथा क्षमता विकास |
| | स्थानीय तह र सेवाप्रदायकहरुमा सुशासन प्रबर्द्धनका लागि इलेक्ट्रोनिक सूचना र संचार माध्यम (इबुलेटिन, वेवसाइट) आदिको प्रबर्द्धन |
| | वडा स्तरमा स्थानीय सरकार उत्तरदायित्व अभिवृद्धि कार्यक्रम संचालन |
| उद्धेश्यः<br>लक्षित बर्ग तथा समुदायको सशक्तिकरण र मूलप्रवाहीकरण गर्ने । | सामाजिक परिचालनको प्रक्रियाद्वारा संगठित समूह, टोल विकास संस्था तथा संरचना र मञ्चहरुको सशक्तिकरण |
| | सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिताका लागि आवश्यक संरचना तयारी,  सुधार तथा स्तरोन्नति/प्रोत्साहन |
| | बाल क्लव, आमा समूह, युवा क्लव जस्ता सामाजिक संस्थाहरुलाई मूल प्रवाहमा आवद्ध गर्न एकीकृत कार्यक्रम संञ्चालन गर्ने |

## ४.५.१.२ कार्यक्रम कार्यनीति

- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेहि, निष्पक्ष, नतिजामूलक र प्रभावकारी बनाउन जनगुनासो व्यवस्थापन, सार्वजनिक निकायका सूचनामा नागरिकको पहुँच अभिवृद्धि तथा कार्ययोजनामा आधारित कार्य सम्पादन आदिलाई लागू गरिनेछ ।
- आन्तरिक स्रोत पहिचान गरी यसको क्षेत्र फराकिलो, प्रभावकारी र पारदर्शी बनाई राजस्व वृद्धि गर्ने तर्फ विशेष जोड दिइनेछ ।
- सार्वजनिक सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि, आधुनिक सूचना व्यवस्थापन र प्रवाह प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- सार्वजनिक सेवा र विकास आयोजनाहरुको नतिजामूलक पद्धतिमा आधारित सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकनमा जोड दिइनेछ ।
- सबै सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुको सार्वजनिक सेवा र विकास आयोजनाहरुको सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण, जनसर्वेक्षण, सार्वजनिकीकरणको व्यवस्थालाई प्रभावकारी बनाउदै लगिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई जनमुखी बनाउन सबै सरोकारवाला निकायहरुमा क्षतिपूर्ति सहितको वडापत्र अनिवार्य गर्ने व्यवस्थालाई कार्यन्वयनमा ल्याउन जोड दिइनेछ ।
- विकास आयोजनाको प्रभावकारी, नतिजामूखी कार्यन्वयन तथा दिगोपना अभिवृद्धिका लागि विकास आयोजना समयमै सम्झौता, कार्यांन्वयन र फरफारक गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्दै लगिनछ ।
- नेपाल सरकारको प्रशासनिक, राजस्व र वित्तीय सुशासन सम्बन्धी नीति अनुरुप सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता र वित्तीय जोखिम न्यूनिकरण कार्ययोजना लागू गरी सेवा प्रवाहको गुणस्तरीयता, पारदर्शिता र उत्तरदायित्वलाई सुदृढ गर्न जोड दिइनेछ ।

- गाउँपालिकाको आम्दानी र खर्चको विवरण लगायत विकास आयोजना र उपलब्धिहरुको विवरण विभिन्न माध्यमबाट नियमित सार्वजनिक गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

- शान्ति सुरक्षा, अपराध नियन्त्रणमा नागरिक तथा सुरक्षा निकाय वीच समन्वय र सहकार्यलाई सबै सम्बन्धित सरोकारवालाको समन्वय र सहकार्यमा जोड दिइनेछ ।

- विकास निर्माणमा उपभोक्ता समितिको क्षमता अभिवृद्धि, लक्षित वर्गको समावेशीकरण, पारदर्शीता र जवाफदेहितामा अभिवृद्धि गर्न विशेष जोड दिइने छ ।

- गाउँपालिकाको आन्तरीक स्रोत पहिचान तथा बृद्धिका लागि राजश्व परामर्श समितिलाई ससक्त बनाईनेछ ।

## ४.६ वातावरण तथा विपद् व्यवस्थापन

### ४.६.१ वन, वातावरण, जैविक विविधता, जलाधार व्यबस्थापन, फोहरमैला तथा प्रकोप व्यबस्थापन

वस्तुगत तथा विषयगत स्थिति विश्लेषण र सहभागितात्मक छलफल तथा अन्तरक्रियाबाट पहिचान भएका वन, वातावरण, जैविक विविधता, जलाधार व्यबस्थापन, फोहरमैला तथा प्रकोप व्यबस्थापन क्षेत्रसँग सम्बन्धित मूल समस्या र सोको कारण तथा असरहरु देहायबमोजिम प्रस्तुत गरिएको छ ।

#### ४.६.१.१ वातावरण व्यवस्थापन क्षेत्रको प्रमुख समस्या विश्लेषण

| प्रमुख समस्या | कारण | असर |
|---|---|---|
| **वातावरणीय असन्तुलनमा बृद्धि हुनु** | • वनजन्य पैदावरमा चाप पर्नु<br>• बाढिपहिरो, नदीकटान तथा भूक्षयको प्रकोप<br>• वनमा आगजनी<br>• जैविक विविधता संरक्षणमा कमी<br>• प्राकृतिक पोखरी, मुहान तथा नदी संरक्षण नहुनु ।<br>• मुख्य वजार क्षेत्रको ठोस फोहोर व्यवस्थापन नहुनु<br>• कृषिजन्य नगदेवालीहरुमा रासायनिक मलको बढ्दो प्रयोग<br>• निर्माण कार्यमा ठूला उपकरण प्रयोग<br>• अव्यवस्थित फोहोर विर्सजन<br>• रैथाने जातका रुख पोथ्रा लहरा फलफूल मासिदै जानु | • वन्यजन्तु र वनस्पति लोप<br>• माटो तथा खेती भूमि प्रदुषण<br>• खेती योग्य जमिन कटान तथा क्षयीकरण हुनु<br>• पानी तथा नदी प्रदुषण<br>• फोहोरजन्य रोगको बृद्धि |
| **वन, जैविक विविधता तथा जलाधारमा ह्रास आउनु ।** | • वनको उचित संरक्षण र व्यवस्थापन हुन नसक्नु<br>• भूउपयोग अव्यवस्थित हुनु<br>• जडीबुटी, वन्यजन्तु, गैरकाष्ठ र काष्ठ वनपैदावार अवैज्ञानिक निकासी तथा वनमाथि निरन्तर अतिक्रमण हुनु<br>• काठ दाउराको खपत बढ्नु, वन फडानी कायम हुनु<br>• वन क्षेत्रमा अनियन्त्रित रुपमा सडक निर्माण हुनु | • भूमिको उत्पादकत्वमा ह्रास आउनु<br>• प्राकृतिक प्रकोपहरुमा बृद्धि हुनु<br>• भूक्षय, पहिरो, नदी कटानमा बृद्धि हुनु<br>• पानीको मुहान सुक्दै जानु<br>• वनको हैसियतमा ह्रास आउनु |

| | | |
|---|---|---|
| **स्थानीय तहमा विपद्को यथेष्ट पूर्व तयारी र व्यवस्थापन नहुनु साथै विपद्जन्य जोखिम बृद्धि हुनु ।** | • विपद् व्यवस्थापनको लागि आवश्यक स्रोतसाधनको कमी<br>• विपद पूर्वसूचना प्रणालीको अभाव<br>• विपद् व्यवस्थापनको लागि पूर्व तयारीको कमी<br>• विपद् पश्चात तत्काल उद्धार गर्न, राहत संञ्चालन गर्न क्षमता विश्लेषण कम हुनु<br>• प्रकोप पूर्व तयारी कार्यक्रम तथा संस्थागत क्षमताको कमी<br>• विपद् जोखिम सम्बन्धि अध्ययन, अनुसन्धान पऱ्याप्त रुपमा नहुनु<br>• विपद जोखिम न्यूनीकरण अवधारणालाई विकास व्यवस्थापनमा मूलप्रवाहीकरण नहुनु<br>• जलवायु परिवर्तनको स्थानीय असर देखिदै जानु<br>• अव्यवस्थित बसोबास बढ्दै जानु<br>• विपद व्यवस्थापनसँग सम्बन्धित निकाय र संस्थाहरु बीच समन्वयको कमी हुनु<br>• विपद व्यवस्थापन सम्बन्धि आवश्यक तथ्याङ्क तथा संस्थागत विवरण कम हुनु<br>• विपद जोखिम न्यूनीकरण सम्बन्धि जनचेतनाको कमी<br>• विषादी प्रयोगमा कमी गर्न नसक्नु<br>• फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसक्नु | • धनजनको क्षति<br>• कृषि भूमिको क्षयिकरण तथा नष्ट<br>• संकटको अवस्थामा व्यवस्थापन चुनौती संभावना<br>• आगलागीको घटनामा वृद्धि हुनु<br>• तापक्रम वृद्धि, भूक्षय, बाढी, पहिरो जस्ता घटनामा वृद्धि हुनु<br>• निर्मित संरचनाहरु टिकाउ नहुनु र मर्मत संभारमा बढी खर्च हुनु<br>• राहत तथा उद्धार प्रभावकारी हुन नसक्नु<br>• बालीनाली नष्ट हुनु<br>• नयाँ नयाँ रोग तथा किराको प्रकोप बढ्नु |

## ४.६.१.२ वातावरण व्यवस्थापन क्षेत्रको प्रमुख उद्धेश्य तथा कृयाकलाप

| उद्धेश्य | क्रियाकलाप |
|---|---|
| उद्धेश्यः<br>वन तथा वातावरण संरक्षणका कार्यक्रमहरु संचालन गरी वातावणीय नकारात्मक असर न्यूनिकरण गर्ने । | ल्याण्डफिल साइट निर्माण |
| | फोहोरपानी प्रशोधनशाला निर्माण |
| | पाँचबर्षे वन विकास कार्ययोजनाको प्रभावकारी कार्यान्वन |
| | राष्ट्रपति चुरे क्षेत्र संरक्षण कार्यक्रम कायान्वर्यन |
| | वनमा आधारित उद्यमशिलता विकास |
| | वन व्यवस्थापन मार्फत वातावरण सेवा भुक्तानी संयन्त्र तथा संस्थागत क्षमता विकास |
| | वन विकास कार्यक्रम तथा डिजिटल नक्साङ्कन |
| | सरकारी वन संरक्षण तथा व्यवस्थापन |
| | प्राकृतिक स्रोतहरुमा स्थानीय आदिबासी जनजातिहरुको हक स्थापना तथा पैरवी |
| उद्धेश्यः_दिगो फोहोरमैला व्यवस्थापन प्रणाली संचालन गर्ने । | श्रोतमा नै फोहोर वर्गीकरण तथा सून्य फोहोर कार्यक्रम |
| | फोहरमैला व्यवस्थापन तथा उत्पादन स्थलमै फोहर न्यूनिकरणका लागि टोलविकास संस्थाहरुको क्षमताविकास गर्ने |
| | प्रत्येक वडाहरुमा सरसफाई दुत परिचालन गर्ने |
| | राप्ती गाउँपालिकालाई पोलिथिन प्लाष्टिक झोला मुक्त गाउँपालिका तयार र घोषणा गर्ने |
| | गाउँपालिकाका क्षेत्रबाट निस्कासन हुने फोहरमैलाई संकलन, वर्गीकरण व्यवस्थापनको कृयाकलाप संञ्चालन गर्ने |
| | एक घर एक डष्टविन मार्फत फाहोरको उत्पादन र श्रोतमै वर्गीकरणको उपाय अवलम्बन गर्ने |
| | गाउँपालिकाको उचित स्थानमा ल्याण्डफिल्ड साईडको निर्माण गर्ने |
| | नदी/पानी प्रदुषण नियन्त्रण गर्ने |

| | |
|---|---|
| उद्धेश्य: | विद्यालय वातावरण सुधार कार्यक्रम |
| हरियाली प्रर्वद्धन गर्ने । | विद्यालय नर्सरी स्थापना कार्यक्रम |
| | हरियाली प्रवर्द्धनका लागि पत्येक घरमा बहुबर्षे विरुवा रोपणलाई लागू गर्ने |
| | सौन्दयीकरण र स्वच्छता मार्फत अटो भिलेजको रुपमा गाउँपालिकालाई रुपान्तरण गर्ने |
| उद्धेश्य: | वायुप्रदुषण मापदण्ड कार्यान्वयन तथा मापन |
| दिगो वातावरण व्यवस्थापनको लागि | अर्गानिक कृषि पद्धतिको प्रभावकारी कार्यान्वयन |
| नीतिनियमहरु निर्माण गरी कार्यान्वयनमा | उद्योग, कलकारखानालाई आवासीय क्षेत्रबाट टाढा स्थापना योजना |
| ल्याउने । | स्थानीय वातावरण मैत्री गाउँपालिका घोषणा |
| उद्धेश्य: | जलवायु परिवर्तन ग्रहण क्षमता विकास |
| स्थानीय विकास योजनाहरुमा जलवायु | जलबायु परिवर्तन स्थानीय अनुकूलन योजना तथा कार्यन्वयन |
| परिवर्तन मूल प्रवाहीकरण गर्ने । | जलवायु परिवर्तन सम्बन्धी समुदायको क्षमता विस्तार |
| | जलबायु अनुकुलन टोल तथा गाउँ योजना तयारी र कार्यान्वयन |
| | स्मार्ट कृषि प्रविधि विकास तथा विस्तार |
| उद्धेश्य: | नदी कटान नियन्त्रण कार्यक्रम |
| विकास योजनाहरुमा विपद न्यूनीकरण | गल्ली नियन्त्रण कार्यक्रम |
| सम्बन्धी अवधारणा मूलप्रवाहीकरण गर्ने । | सडक किनारमा बायोइन्जिनियरिग |
| | जोखिम युक्त बस्तीहरुको पहिचान तथा कार्ययोजना तयारी |
| | वडा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण |
| | खाली तथा बाँझो जमिन परिचालनको लागि विकल्पहरुको छनौट गर्ने |
| | बिद्यूत पोल तथा वितरण प्रणालीमा रहेको जोखिम न्यूनिकरण गर्ने |
| | वडा कार्यालयमा मार्फत आकस्मिक उद्धार सामाग्री व्यास्थापन तथा प्राथमिक उद्धार वा सम्बन्धी दक्ष जनशक्ति तयार गर्ने |
| | लमहीनगरपालिका तथा गढवा गाउँपालिकासँग समन्वयमा संयुक्त विपद् उद्धारकेन्द्र स्थापना गर्ने |
| | गाउँपालिका स्तरीय विपद् व्यबस्थापन कोष स्थापना गर्ने |
| | स्थानीय टोल तथा वस्ती स्तरमा विपद् न्यूनिकरण योजना निर्माण तथा कार्यान्वयन |
| उद्धेश्य: | पूर्वसूचना प्रणाली स्थापना |
| सरोकारवालाहरुमा विपद व्यवस्थापन | आपतकालिन कोष स्थापना |
| क्षमता अभिवृद्धि गर्ने | विपद् व्यबस्थापनका लागि तत्कालिन उपायहरुको पूर्वतयारी योजना तयारी तथा समीक्षा |
| | महामारी नियन्त्रण कक्ष स्थापना |
| | जोखिम न्यूनिकरणको लागि संस्थागत क्षमता विश्लेषण |
| | विपद व्यवस्थापनका लागि क्षमता अभिवृद्धि |
| | विपद् व्यबस्थानका लागि विद्यालय स्तरमा चेतना मूलक कार्यक्रम |
| | समुदाय स्तरमा बिपद् न्यूनिकरण सम्बन्धी अभिमुखीकरण |
| | ट्रमा सेन्टरको स्थापना |
| | आपतकालिन उद्दार सामाग्रीको व्यवस्थापन |

### ४.६.१.३ कार्यक्रम कार्यनिति

- वन क्षेत्रको दिगो एवम् वैज्ञानिक व्यवस्थापन एवम् समुचित उपयोगबाट आधारभूत आवश्यकताका वन पैदावारको सुलभ आपूर्ति, आम्दानी, रोजगारी सिर्जना र स्थानीय समुदायको जीविकोपार्जनमा जोड दिइनेछ ।
- सरकारी, सार्वजनिक, सामुदायिक एवम् नीजि क्षेत्रहरुमा वृक्षारोपण गरी वन क्षेत्र संरक्षणका कार्यक्रम ल्याइने छ ।
- सामुदायिक वन लगायत समुदायमा आधारित दिगो वन व्यवस्थापन र संरक्षणलाई विकास र विस्तार गरिनेछ ।
- वनस्पति, वन्यजन्तु, पंक्षी लगायत सबै प्रकारका जैविक विविधताको अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण र सूचना प्रवाहलाई प्राथमिकता दिइनेछ ।
- दुर्लभ, लोपान्मुख तथा संरक्षित वनस्पति, जीवजन्तु तथा जैविक विविधता प्रचूरक्षेत्र र वासस्थानको संरक्षणका लागि समुदायको सहभागिता सुनिश्चित गर्दै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- सामुदायिक वन क्षेत्र भित्र जैविक विविधता र वासस्थान एवम् पारिस्थितीकीय प्रणाली संरक्षणलाई सहयोग पुर्‍याउन वन कार्ययोजनामा नै विशेष संरक्षण क्षेत्र (ब्लक) छुट्याई व्यवस्थापन गर्ने कार्यलाई प्रोत्साहन गर्दै लगिने छ ।

- वन पैदावारमा आधारित वातावरणमैत्री उद्यम, व्यवसाय एवम् उद्योगको पहिचान, विकास एवम् विस्तारका लागि आवश्यक अध्ययनका आधारमा सार्वजनिक-सामुदायिक-नीजि-सहकारी क्षेत्रको साझेदारीमा लगानी र प्रतिफल प्रवर्द्धनमा जोड दिइनेछ ।

- भूसम्वेदनशीलता एवम् जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन, संरक्षण एवम् स्थानीय समुदायको जीविकोपार्जन सुधारका लागि चुरे क्षेत्र विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

- जलबायु परिवर्तनबाट स्थानीय आदीबासी जनजातिहरुमा परेको नकारात्मक असर न्यूनिकरण गर्दै वैकल्पिक अवसरहरुको सृजना गर्दै लगिनेछ ।

- प्राकृतिक सिमसार, पोखरी एवम् जलाधार क्षेत्रहरुको संरक्षण र सम्वर्द्धनमा विशेष जोड दिइने छ ।

- भौतिक पूर्वाधार एवम् विकास आयोजनाहरुमा प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गराई वातावरणीय क्षति न्यूनिकरण, अनुकूलन योजनाको प्रभावकारी कार्यान्वयन एवम् वातावरणीय न्यायलाई सुनिश्चित गर्दै लगिनेछ ।

- दाउराको प्रयोग हुने परम्परागत चुलोलाई सुधारिएको चुलो निर्माण गरी दाउराको खपत न्यूनिकरण गर्दै वनजंगल माथिको चाप घटाउदै लगिनेछ ।

- वातावरणमा नकारात्मक असर पार्ने प्लाष्टिक (पोलिथिन झोला सहित)को प्रयोगको सट्टा वातावरणमैत्री समाग्री प्रयोगलाई नीजि क्षेत्रसँगको सहकार्यमा न्यूनिकरण गर्दै सफा क्षेत्र घोषणा कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

- फोहोरमैला व्यवस्थापनका लागि नीजि तथा सार्वजनिक क्षेत्रको साझेदारीमा फोहोर उत्सर्जन घटाउने, वर्गीकरण गर्ने, पुनप्रयोग तथा रिसाइक्लिङ माध्यमबाट आम्दानी र रोजगारी सिर्जना हुने गरी उपयुक्त प्रविधिको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

- जलबायु परिवर्तनबाट परेको असरलाई अनुकूलन गर्न उपयुक्त जातहरुको चयन तथा वीउको उपलब्धताको लागि बालीविमा तथा विऊवैकको स्थापना गरिनेछ ।

- वातावरण मैत्री स्थानीय शासन अवधारणलाई मूल प्रवाहीकरण गरिनेछ ।

- स्थानीय विपद् जोखिम व्यवस्थापन समितिहरुको सचेतना, क्षमता र कार्यकुशलतामा अभिवृद्धि गर्न विशेष जोड दिइने छ ।

- विपद्का दृष्टिले सम्बेदनशील स्थान र समुदायको पहिचान एवम् यसको सघनताका आधारमा वर्गीकरण गरी पूर्वतयारी एवम् व्यवस्थापनका लागि ठोस् कार्ययोजनाका आधारमा कार्यक्रम तर्जुमा गरी लागू गरिने छ ।

- बाढी, पहिरो, नदीकटान लगायतका जलउत्पन्न प्रकोप न्यूनिकरण तथा व्यवस्थापनका लागि बहुपक्षीय सरोकारवालाहरुको समन्वय साथै जनसहभागितामा आधारित कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।

- नदीकटान, बाढी, नदीधार र वहाव परिवर्तन, डुबान लगायतका विकराल समस्याहरुको स्थायी समाधानका लागि नवीनतम् प्रविधिको उपयोग गरी नदी व्यवस्थापन, तटबन्ध निर्माण, विपद् पूर्वतयारी एवम् प्रभावकारी सूचना प्रवाहका कार्यक्रमहरुलाई प्राथमिकता दिइने छ ।

- सबै वडामा विपद व्यवस्थापन कोष स्थापना र संचालन गरी गाविसहरुको आकस्मिक प्रतिकार्य (Emergency Response) गर्ने क्षमता अभिवृद्धि गरिनेछ ।

- विपद व्यवस्थापन क्षेत्रमा आवश्यक जनशक्तिको क्षमता विकास गरी स्थानीयस्तरमा विपद प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ ।

# परिच्छेद ५

# लगानी योजना तथा वित्तीय स्रोत व्यवस्थापन

## ५.१ पृष्ठभूमी

एकीकृत गाउँ विकास योजना तयारीको क्रममा यस वित्तिय विश्लेषण अत्यन्तै महत्वपूर्ण हुन्छ। राप्ती गाउँपालिकाको यो पहिलो एकीकृत योजना तयारी तथा वार्षिक योजना अनुसारको कार्यक्रमको लागि तय भएको श्रोत प्रवाहको स्थितिको विश्लेषण गर्दै आगामी ५ वर्षको लागि प्राप्त हुनसक्ने अनुमानित श्रोत प्रक्षेपण गरिएको छ। उक्त श्रोतको तथा सूचनाको आधारमा निम्नानुसार राप्ती गाउँपालिकाको वित्तिय विश्लेषण गरिएको छ।

## ५.२ वित्तिय स्रोतको विश्लेषण

राप्तीको आन्तरिक आम्दानीको श्रोत तर्फ गत बर्षको चालु राजश्व तर्फको विश्लेषण गर्दा राजश्वको बृद्धि औषत १० प्रतिशतले बृद्धि भएको देखिन्छ। समग्र मुलुकमा सरकारको लगानीमैत्री वातावरणका कारण विभिन्न आर्थिक क्रियाकलापहरुले तिव्र रुपले गति लिने अपेक्षा छ। आगामी ५ बर्षको आन्तरिक राजस्व वृद्धि दर २.४ प्रतिशतबाट १० प्रतिशत पुर्‍याउने लक्ष्य राखी अनुमान गरिएको छ। आन्तरिक राजशवमा बृद्धि भई कूल ४ करोड ४५ लाख ८५ हजार पुग्ने अनुमान गरिएको छ। त्यसै गरी प्राप्त गर्ने केन्द्रिय तथा प्रादेशिक अनुदानमा विगत बर्षको अनुदानलाई विश्लेषण गर्दा बार्षिक औषत १० प्रतिशतले बृद्धि भएको देखिन्छ। आगामी दिनमा राप्ती गाउँपालिकाले विकासका सबै मापदण्ड पुरा गर्ने लक्ष्य राखी केन्द्रिय अनुदानलाई नियामानुसार बृद्धि हुने अनुदान प्राप्त गर्ने लक्ष्य राख्दै एकरुपता पाउनेछ भन्ने मान्यता राखिएको छ। साथै नेपाल सरकारको नीति अनुसार स्थानीय तहलाई पूर्वाधार विकास सम्वन्धि कुनै योजना कार्यान्वयन गर्दा योजनाको संभाव्यता, लागत, प्राप्त हुने प्रतिफल, भौतिक क्षमता र जनशक्ति र प्राथामिकताको आधारमा समपुरक अनुदान प्रदान गर्न सकिने उल्लेख छ। त्यसै गरी कुनै खास आधारभूत सेवा र सन्तुलित विकासको लागि विशेष अनुदान प्रदान गर्न सक्ने भएकाले यस्ता योजना समेत वजेटमा समाजेश गरिएको छ। राप्ती गाउँपालिकाको क्षेत्रगत ५ वर्षको श्रोतको व्यवस्थापन निम्नानुसार अनुमान गरिएको छ।

### ५.२.१ वार्षिक वित्तिय श्रोत योजना

| सि.नं. | आर्थिक श्रोतको शिर्षक | अनुमानित वार्षिक प्रस्तावित वजेट (000) | | | | |
|---|---|---|---|---|---|---|
| क | अनुदान | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| १ | **वित्तिय सामान्विकरण अनुदान** | | १४१,५०४ | १५५,६५४ | १७१,२२० | १८८,३४२ |
| | प्रदेश सरकारवाट प्राप्त | ४,५४० | ४,९९४ | ५,४९३ | ६,०४३ | ६,६४७ |
| | संघीय सरकारवाट प्राप्त | १२४,१०० | १३६,५१० | १५०,१६१ | १६५,१७७ | १८१,६९५ |
| २ | **राजश्व बाँडफाँड** | | १००,१२२ | ११०,१३४ | १२१,१४८ | १३३,२६२ |
| | प्रदेश सरकारवाट प्राप्त | ५,४५६ | ६,००२ | ६,६०२ | ७,२६२ | ७,९८८ |
| | संघीय सरकारवाट प्राप्त | ८५,५६४ | ९४,१२० | १०३,५३२ | ११३,८८६ | १२५,२७४ |
| ३ | **सशर्त चालु अनुदान** | | १४३,९९० | १५८,३८९ | १७४,२२८ | १९१,६५१ |
| | प्रदेश सरकारवाट प्राप्त | ९,६०० | १०,५६० | ११,६१६ | १२,७७८ | १४,०५५ |
| | संघीय सरकारवाट प्राप्त | १२१,३०० | १३३,४३० | १४६,७७३ | १६१,४५० | १७७,५९५ |
| ४ | **सामाजिक सुरक्षा भत्ता** | ४५,००० | ४९,५०० | ५४,४५० | ५९,८९५ | ६५,८८५ |
| ख | **आन्तरिक आम्दानी** | २०,००० | २२,०००.०० | २४,२००.०० | २६,६२०.०० | २९,२८२.०० |
| ग | **समसुरक तथा विशेष अनुदान (संघीय तथा प्रदेश सरकार)** | २२,४४४ | २४,६८८.४० | २७,१५७.२४ | २९,८७२.९६ | ३२,८६०.२६ |
| घ | **अन्य** | ७,०८१ | ७,७८९ | ८,५६८ | ९,४२५.०० | १०,३६८ |
| | **जम्मा** | ४४५,०८५ | ४८९,५९३ | ५३८,५५३ | ५९२,४०८ | ६५१,६५० |

आ.ब. २०७४/०७५ मा राप्ती गाउँपालिकाको कूल वार्षिक बजेट ३६ करोड ८७ लाख २१ हजार रहेकोमा आ.ब. ०७५/०७६ मा ४४ करोड ५० लाख ८५ हजार पुगेको देखिन्छ। आर्थिक वर्ष अनुसार बजेटको आकार विश्लेषण गर्दा समष्टिगत बजेटको आकार १० प्रतिशतले वृद्धि भएको देखिन्छ। यसै अनुरुप राप्तीको वार्षिक बजेट १० प्रतिशतले वृद्धि गरी योजना तर्जुमा भएको छ।




## ५.२.२ वार्षिक लगानी योजना

राप्ती गाउँपालिकाको आगामी ५ वर्षको लगानी योजनालाई विगतमा भएको गाउँपालिकाले प्रस्तुत गर्दै आएको समग्र क्षेत्रगत योजनाको आधारमा वार्षिक रुपमा १० प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरी प्रस्तुत गरिएको छ। कार्यक्रमको अवस्था हेरी हरेक वर्षको वजेटको प्रतिशतमा एकरुपता हुन सकेको छैन। एकीकृत योजनाको लागि प्रस्ताव गरिएको बजेटमा पूर्वाधार क्षेत्रमा ठूलो लागनी हुने देखिएता पनि अन्य क्षेत्रको बजेटलाई सन्तुलन गर्न प्रयास गरिएको छ। बजेट अनुमान गर्दा बिषयगत क्षेत्रमा रहेको उपशीर्षकहरुको आधारमा एकमुष्ठ बजेट बिनियोजन गरिएको छ। क्रियाकलापको स्तरमा बजेटलाई खण्डीकरण गरिएको छैन। प्रत्येक आर्थिक बर्षको लागि कार्यक्रम तथा बजेट तय गर्दा यही अनुमानित बिषयगत क्षेत्र भित्रको उपशीर्षकगत आधारमा बजेट तथा कार्यक्रमहरु तय गरिनेछ।

| | विषयगत क्षेत्र | वार्षिक वजेट रु. हजारमा (०००) | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७५।७६ | आ.व. २०७६।७७ | आ.व. २०७७।७८ | आ.व. २०७८।७९ | आ.व. २०७९।८० | |
| **१** | **आर्थिक विकास योजना** | | | | | | |
| १.१ | कृषि | २९५० | ४००० | ५५०० | ७००० | ७००० | |
| १.२ | पशुपालन | २५६४ | ४००० | ४५०० | ७००० | ७००० | |
| १.३ | उद्योग तथा वाणिज्य | २४०० | ४००० | ५००० | १०००० | १०००० | |
| १.४ | पर्यटन | ८८०० | १०००० | १२५०० | १३५०० | १४००० | |
| १.५ | सहकारी | १०० | २००० | २५०० | ३००० | ३५०० | |
| १.६ | रोजगारी | ० | २००० | २५०० | २५०० | २५०० | |
| १.७ | बजार व्यवस्थापन | ० | १००० | १५०० | २००० | २००० | |
| | जम्मा | १६८१४ | २७००० | ३४००० | ४५००० | ४६००० | ७.०६ |
| **२** | भौतिक पूर्वाधार विकास | | | | | | |
| २.१ | सडक यातायात तथा पुल | ११४७७८ | ११५००० | ११५५०० | ११८००० | १२१००० | |
| २.२ | सिंचाई | ७४०० | ८००० | ८०८८ | ८००० | १०६०० | |
| २.२ | भवन तथा सहरी विकास | १३०५० | १३५०० | १४००० | १४००० | १४००० | |
| २.४ | बिद्युत तथा वैकल्पिक उर्जा | १६२३६ | १०००० | १०००० | १०००० | १०००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.५ | आयोजना व्यवस्थापन | ३००० | ३३०० | ३६३० | ४००० | ५००० | |
| २.६ | पूजिगत मर्मत सुधार | ८०० | ३००० | ३००० | ३५०० | ५००० | |
| २.७ | संचार क्षेत्रको विकास | ० | २००० | ३००० | ३५०० | ५००० | |
| | जम्मा | १५५२६४ | १५४८०० | १५७२१८ | १६१००० | १७०६०० | २६ |
| ३ | सामाजिक विकास | | | | | | |
| ३.१ | शिक्षा तथा खेलकुद | १७४०० | १८१४० | २००५४ | २२१६० | २४४७६ | |
| ३.२ | स्वास्थ्य तथा पोषण | ८०४० | ८९५८ | ९००० | १२३७१ | १४००० | |
| ३.३ | संस्कृति कला साहित्य | ६९३९ | १३२० | १४५२ | १६०० | १७६० | |
| ३.४ | खानेपानी तथा स्वास्थ्य सरसफाई | ३५०० | ३८५० | ५००० | ५००० | ७००० | |
| ३.५ | सुरक्षा (सामाजिक सुरक्षा, सदभाव, शान्ति) | ० | १००० | १५०० | १५०० | १५०० | |
| ३.६ | सामाजिक समावेशी विकास क्षेत्र (महिला, आदीवासी, वालवालिका, अपाङ्गता आदि) | ० | ५०० | १२०० | १५०० | १५०० | |
| | जम्मा | ३५८७९ | ३३७६८ | ३८२०६ | ४४१३१ | ५०२३६ | ७.७१ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | | | | | | |
| ४.१ | वन तथा भूसंरक्षण | २५० | २००० | ३५०० | ४००० | ६००० | |
| ४.२ | वातावरण संरक्षण, जलवायू परिवर्तन | १०१० | २५०० | ३००० | ४००० | ५५०० | |
| ४.३ | फोहोरमैला तथा ढल व्यवस्थापन | १४४० | ५००० | ६५०० | ८००० | १०००० | |
| ४.४ | जल उत्पन्न प्रकोप | १०० | ४००० | ५५०० | ६००० | १०००० | |
| ४.५ | प्रकोप व्यवस्थापन कोष | ५०० | १००० | ११०० | १२०० | १३०० | |
| | जम्मा | ३३०० | १४५०० | १९६०० | २३२०० | ३२८०० | ५.०३ |
| | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | | | | | | |
| ५ | राजश्व परिचालन | २०० | ५०० | ६०० | ७०० | ८०० | |
| ५.१ | सूचना तथा संचार व्यवस्थापन | १६९६ | २००० | २५०० | ३००० | ३५०० | |
| ५.२ | सुशासन प्रर्वद्धन | ७०० | १००० | २५०० | ३००० | ३५०० | |
| ५.३ | अनुसंन्धान तथा विकास | ३०० | १००० | २५०० | ३००० | ३५०० | |
| ५.४ | अनुगमन तथा मूल्याङ्कन | ० | १००० | २००० | २००० | २५०० | |
| | जम्मा | २८९६ | ५५०० | १०१०० | ११७०० | १३८०० | २.१२ |
| ६ | चालु तर्फ | ४७९५० | ५२७४५ | ५८०२० | ६३८२२ | ७०२०५ | १०.७७ |
| ७ | सामाजिक सुरक्षा | ४५००० | ४९५०० | ५४४५० | ५९९०० | ६५८९० | १०.११ |
| ८ | क्रमागत योजना | ७०८१ | ७७९० | ८५७० | ९४२७ | १०३७० | १.५९ |
| ९ | शर्त अनुसार खर्च हुने ससर्त संघीय सरकार | १२१३०० | १३३४३० | १४६७७३ | १६१४५० | १७७५९५ | २७.२५ |
| १० | शर्त अनुसार खर्च हुने ससर्त प्रदेश सरकार | ९६०० | १०५६० | ११६१६ | १२७७८ | १४१५४ | २.१७ |
| | कुल जम्मा | ४४५०८४ | ४८९५९३ | ५३८५५३ | ५९२४०८ | ६५१६५० | १००.०० |

## ५.३ समष्टिगत बजेट आम्दानीको तुलनात्मक विवरण

यस राप्ती गाउँपालिकाको समग्र वजेटको अवस्थालाई अध्ययन गर्दा ८० प्रतिशत भन्दा वढि वजेट संघीय सरकारवाट व्यवस्थापन भैरहेको र भावी दिनमा समेत पनि श्रोतको व्यवस्थापन संघीय सरकारवाट वढि हुने आंकलन गरिएको छ। स्थानीय गाउँपालिकाको आन्तरिक वजेट १० प्रतिशत पुग्ने देखिन्छ भने प्रदेश सरकारवाट ज्यादै न्यून रकम व्यवस्था हुने देखिन्छ। राजनैतिक स्थिरता कायम हुनु, लगानीको वातावरण अनुकूल भई विभिन्न वित्तिय संस्थाको उपस्थिति हुदै जानु, विभिन्न विकासका कार्यक्रम संचालनमा आउनु तथा सरकारी तथा अन्य संघ संस्थाको खर्च गर्ने क्षमतामा बृद्धि भई दातृ निकाय तथा निजिक्षेत्रवाट श्रोत व्यवस्थापन गर्दैजानुपर्ने आवश्यक्ता रहेकोछ। जसको प्रतिफल स्वरुप राप्ती गाउँपालिकाले तर्जुमा गरेको योजनाको सफल रुपमा कार्यान्वयन हुने अपेक्षा

गरिएको छ। आ.व २०७५/०७६ को संघीय तथा प्रदेश सरकारबाट प्राप्त बजेटलाई तलको चित्रमा तुललनात्मक रुपमा प्रस्तुत गरिएको छ।




२०७५/७६ देखि २०७९/८० सम्मको क्षेत्रगत वार्षिक रुपमा संचालन गरिने कार्यक्रमहरुको लागि वार्षिक वृद्धिदर १० प्रतिशतले वृद्धि गरिएको छ जुन विगत २ वर्षमा वार्षिक रुपमा भएको वृद्धिदरको आधारमा तयार भएकोछ।

## ५.४ क्षेत्रगत लगानी योजना

आर्थिक बर्ष २०७५/०७६ मा क्षेत्रगत बजेट विश्लेषणको आधारमा समग्र बजेटको बार्षिक बृद्धिदर १० प्रतिशतले हुने अनुमान गरिएको छ। यसरी बृद्धि हुने बजेटमा पूर्वाधार लागायतका अधिक बजेट हुने क्षेत्रको बार्षिक बृद्धिदरलाई अन्य कम बजेट अनुमान भएको क्षेत्रमा समायोजन गर्दै बजेट सन्तुलन कायम गर्नेतर्फ यो बजेट प्रस्तुत भएको छ। एकीकृत योजनाको लागि समग्र ५ बर्षको क्षेत्रगत बजेट अनुमान तलको चित्रमा प्रस्तुत गरिएको छ।



## ५.५ स्रोतको व्यवस्थापन

आर्थिक बर्ष २०७४र७५ को भन्दा २०७५र७६ बजेटमा बृद्धिदर औषतमा १० प्रतिशत देखिन्छ । आगामी वर्षको बजेट गणना गर्दा अघिल्लो आर्थिक बर्षको औषत वृद्धि दरमा मुद्रा स्फिृतिको दरलाई समायोजन गरी अनुमान गरिएको छ । यसकारण पाचौ वर्षमा यस गाउँपालिकाको वजेट करिव ६५ करोड १६ लाख ४८ हजार पुग्ने देखिन्छ । उपयुक्त आधारहरुलाई विश्लेषण गर्दा राप्ती गाउँपालिकको आगामी ५ बर्षको लागि तय भएका योजनाहरु सवै कार्यान्वयन हुने देखिन्छ । योजना अवधिभरको बजेटको बृद्धि अवस्था सहतिको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.६ समग्र बजेट व्यवस्थापन

यस योजनाको प्रस्तावित बजेटको अवस्थामा खासै समस्या देखिएको छैन । बजेट व्यबस्थापनको लागि विशेष कार्यनीति तथा कार्यक्रम संचालन र समन्वय गर्नुपर्ने देखिन्छ। समग्र राप्तीको विकासको लागि नीजिक्षेत्रको भूमिकालाई विशेष महत्व दिनु आवश्यक छ। आगामी वर्षहरुको बजेटको व्यवस्थापनका लागि संचालित विभिन्न शिक्षा, स्वास्थ्य, पर्यटन, उधोगधन्दा, कलकारखाना, व्यापार, व्यवसायमा नीजि क्षेत्रको परिचालन गर्नुपर्ने देखिन्छ। राज्यमा प्रचलित नियामानुसारको करको दायरा समेतलाई मूल्याड्कन गरी आन्तरिक वजेट व्यवस्थापन गर्दै जानुपर्ने देखिन्छ। यसबाट संचालित व्यवसाय, व्यापार, लघु, साना तथा मझौला उद्योगहरुलाई करको दायरा भित्र ल्याइ अपेक्षा गरे बमोजिमको राजश्व असुलीमा सहयोग पुग्नेछ। निकासी तथा पैठारी हुने सबै प्रकारका प्राकृतिक तथा अन्य साधनहरुको एकीकृत प्रणाली मार्फत करको संकलन गरी राजश्वमा बृद्धि गर्दै आन्तरिक राजश्वमा अपेक्षित आम्दानी प्राप्त गर्न रणनीति किटान गर्दै अगाडी बढिने छ। गाउँपालिकामा सदुपयोग नभई त्यतिकै रुपमा खेर गईरहेका प्राकृतिक श्रोतको सदुपयोग गरेर आन्तरिक आम्दानीमा बृद्धि गर्ने साथै गैर सरकारी तथा निजि क्षेत्रका लगानी कर्ताहरुलाई योजनामा समाहित गरिनेछ। त्यसैगरी विभिन्न विकासका कार्यक्रम मापदण्ड पुरा गरी केन्द्रको विषेश अनुदानलाई अधिकतम् सम्म प्राप्त गर्न समन्वय तथा साझेदारीको विकास मार्फत श्रोतको व्यवस्थापन गर्न सकिने अवसर छ। हाल बैदेशिक रोजगारीमा गएका कामदारबाट भित्रिने रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न अनुकूल वातावरण तयार गरिनेछ। त्यसैगरी सहकारीमार्फत छरिएर रहेको पूँजीलाई एकिकृत गर्दै विकासको आर्थिक स्रोतमा सहयोग पुग्ने अनुमान गरिएको छ। योजना कार्यान्वयनका लागि आर्थिक स्रोतको समग्र विश्लेषण गर्दा विभिन्न संघ संस्था तथा नीजि क्षेत्रसँग समन्वय व्यवस्थापनलाई महत्व दिईनेछ।

### ५.६.१ निजी क्षेत्रको लगानी

नीजि क्षेत्रको लगानी बढाउनका लागि गाउँपालिकामा उपयुक्त वातावरण सृजना गरी राप्तीका सम्भावना भएका पशुपालन, कृषि र बनमा आधारित साना तथा माझौला उधोगको स्थापनाका साथै राजमार्ग आसपासमा विभिन्न ठूला उद्योगहरु स्थापना गर्नको लागि निजी क्षेत्रले उल्लेखनीय भूमिका खेल्न सक्ने अनुमान गरिएको छ । दीर्घकालिन सम्भावना भएका बहुसरोकारवाला क्षेत्रमा निजी क्षेत्रलाई सहभागी गराउदै लैजाने र गाउँमा भित्रिने विप्रेषणको रकमलाई अधिकतम रुपमा उत्पादनशील क्षेत्रमा लगानी अनुकूल वातावरण सृजना गर्न सके निजी लगानी मार्फत गाउँको विकासमा योगदान पुग्ने देखिन्छ ।

### ५.६.२ लगानीको क्षेत्रमा सहकारीको योगदान

हाल सम्म २३ वटा सहकारी दर्ता भई संचालनमा रहेका छन । सहकारी मार्फत राप्ती गाउँपालिकाको विभिन्न टोल बस्तीमा  छरिएर रहेको पुँजीलाई एकीकृत गरी परिचालन गर्न सकिनेछ । हाल यी सहकारीहरुले साना तथा मझौला स्तरको आयआर्जन गतिविधिहरुमा ऋण लगानी गर्ने गरेको छन् । यद्धपी व्यवसायिक योजना मार्फत स्वाभलम्बन र आत्मनिर्भरता बृद्धि गर्न आयमूलक शीर्षकमा थप लगानी विस्तार गर्न सहकारीलाई परिचालन गरिनेछ ।

### ५.६.३ बिषयगत कार्यालयको लगानी

यस योजनाको लक्ष्य प्राप्ति तथा उद्धेश्यहरु हासिल गर्न बिषयगत कार्यालयहरुले आफ्ना बार्षिक गतिविधि तथा बजेटलाई यस आवधिक योजना अनुसार संञ्चालन गर्नेछन् । एकीकृत  ग्रामीण विकास योजनामा बिषयगत कार्यालयहरुको लगानी महत्वपूर्ण हुने गरी अनुमान गरिएको छ । यसबाट यहाँ प्रस्ताव गरिएको बजेट तथा त्यसको स्रोत व्यवस्थापनमा सकारात्मक सहयोग पुग्नेछ ।

### ५.६.४ गाउँपालिकाको आन्तरिक लगानी

यस आवधिक योजनाले अनुमान गरेको बजेट अवस्था अनुसार राप्ती गाउँपालिकाको आन्तरिक लगानी करिव ४.५ प्रतिशत रहेको छ । विशेष गरी स्थानीय स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यी आन्तरिक स्रोत संकलन गरिदै आएको छ । समग्र गाउँपालिकाको विकासको लक्ष्य हासिल गर्न आन्तरिक स्रोत बृद्धि तथा व्यवस्थापनको लागि दीर्घकालिन र अल्पकालिन प्रगतिशिल कार्यनीतिहरु किटान गरी अगाडी बढिने छ ।

### ५.६.५ प्रादेशिक तथा संघीय सरकारको लगानी

प्रादेशिक तथा संघीय सरकार मार्फत प्राप्त लगानीको लागि विगतमा प्राप्त लगानीको आधारमा यस योजना अवधिमा समेत प्राप्त हुदै जाने गरी आर्थिक श्रोत अनुमान प्रस्ताव गरिएको छ । गाउँपालिकाको योजना कार्यान्वयनको प्रमुख श्रोत प्रादेशिक तथा संघीय सरकार मार्फत प्राप्त लगानी हो । विगत अभ्यासहरुलाई हेर्दा गाउँपालिकामा प्राप्त हुने श्रोतमध्ये संघीय सरकारको लगानीको हिस्सा धेरै रहेको छ । साथै सोही दरमा बार्षिक रुपमा अनुदान प्राप्त हुने आंकलन गरिएको छ । दुवै सरकारबाट प्राप्त हुने ससर्त अनुदानलाई प्रकृयागत रुपमा उपयोग गर्न गाउँपालिका संस्थागत रुपमा सक्षम रहेको छ । ठूला लगानी लाग्ने तथा स्थानीय स्तरमा उपलब्ध स्रोतबाट मात्र सम्पन्न हुन नसक्ने महत्वकांक्षी योजनाहरुको लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहयोगको समेत समन्वय गरेर प्रस्तावित योजनाहरु कार्यान्वयन गर्नुपर्ने अवस्था देखिन्छ ।

# परिच्छेद ६

# सामाजिक समावेशीकरण

## ६.१ पृष्ठभूमी

नेपालको संविधान, २०७२ मा संविधानको प्रस्तावना, मौलिक हक, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिमा सामाजिक समावेशीकरण सँग सम्बन्धित बिषयहरु उल्लेख छ । नेपाल सरकारले विभिन्न नीति तथा रणनीतिहरु तयार गरी उल्लेखित व्यवस्थालाई कार्यान्वयनमा ल्याएको छ। संविधानले महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी, जनजाति, दलित, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय तथा दुर्गम भेगका वासिन्दा, जेष्ठ नागरिक (६० वर्ष माथिका वृद्धवृद्धा) र द्धन्द्ध पिडितलाई यस लक्षित वर्गको रुपमा पहिचान गरेको छ। योजनाले यी वर्गका आवश्यकतालाई सम्वोधन र उनीहरुको अधिकारलाई सुनिश्चित गर्न सबै विषयगत क्षेत्रमा सहभागिताको लागि समान अवसरको सिर्जना गर्ने रणनीति तथा कार्यक्रम समावेश गरेको छ। सामाजिक समावेसीकरणका लागि नेपाल सरकारले समय समयमा नीति नियम तथा कानूनहरुको कार्यान्वयनका लागि स्थानीय स्तरवाटनै विभिन्न संघ तथा संस्थाहरुले सचेतना कार्यक्रम संचालन गर्दै आएको भएता पनि अझै सम्म पनि खास उपलब्धि आउन सकेको छैन। यसका लागि अझ थप कार्यक्रमहरु संचालन गर्न आवश्यक भएको र आगामी योजनामा समावेश भएका योजनाहरुले सामाजिक समावेसीकरणका लागि उपलब्धिमूलक कार्य गर्नसक्ने गरी कार्यक्रमहरु समावेश गरिएको छ।

## ६.२ योजनामा लैङ्गिक समता तथा सामाजिक समावेशिकरण प्रकृया

योजनाले लैङ्गिक संवेदनशीलता तथा समावेशिकरणका सवाललाई अन्तरनिहित साझा सवाल (Cross Cutting issues) को रुपमा लिईएको छ। यस योजनाले समावेशीकरणलाई कार्यान्वय तहमा मात्र नहेरी योजना चक्रका रुपमा निर्णय, प्रक्रिया र परिणामको तहमा समेत हेर्ने कोशिस गरेको छ। विशेष गरी योजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाललाई दुई तरिकाबाट समाविष्ट गरिएको छ।

### ६.२.१ मूलप्रवाहिकरण

विकेन्द्रिकरण, सहभागिता विकास र सामाजिक वहसकै प्रकियाबाट लैङ्गिक समता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न सकिन्छ। केन्द्रदेखि गाउँपालिका एवं समुदाय स्तरसम्म लैससासको अवधारणाबारे अपेक्षाकृत स्पष्टता अझै छैन। यी सवाललाई समन्वयात्मक तथा प्रभावकारीरुपले कार्यान्वयन गर्नका लागि पर्याप्त प्राथमिकता दिन साथै विश्लेषण गर्ने र सो अनुरुप कार्य गर्ने सीपको विकास गर्न आवश्यक रहेको छ। योजनाले पहिचान गरेको सबै विषयगत क्षेत्रका लक्ष्य, उद्देश्य, नीति तथा निर्देशक सिद्धान्त, दीर्घकालीन सोच, विकासका रणनीति, उद्देश्य र कार्यक्रममा महिला तथा लक्षित वर्गका सवाललाई अन्तरनिहित सवालका रुपमा सम्बोधन गरिएको छ। विषयगत क्षेत्र भित्र समावेशीकरणका लागि लिइएका विशेष नीतिहरुमा सकारात्मक विभेद, आदिवासी जनजाती, महिला, दलित तथा अन्य लक्षित वर्गका लागि विशेष लक्ष्य तथा कार्यक्रम निर्धारण र निर्णायक तहमा समानुपातिक सहभागिता प्रणाली हुन्।

### ६.२.२ गरीव, महिला, वालवालिका तथा लक्षित वर्ग लक्षित कार्यक्रम

योजनाले लैससासलाई विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्नुका साथसाथै गरीव, महिला तथा लक्षित वर्गको कार्यक्रमलाई छुट्टै विषयगत क्षेत्रको रुपमा लिएर योजना तयार गरिएको छ। यसरी कार्यक्रम तथा लक्ष्य निर्धारण गर्दा पहिचान, प्रतिनिधित्व, पहुँच र उपभोग लाई ध्यान दिएको छ।

### ६.२.३ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण

लैङ्गिक मैत्री, वालमैत्री तथा समावेशी लक्षित कार्यक्रम तय गर्ने प्रमूख आधार भनेको सबै जाति, वर्ग र क्षेत्रको खण्डीकृत तथ्याङ्क/सूचनाको उपलब्धता हो। विकासलाई समष्टिगत रुपमा हेरी बनाईने योजनाले महिला तथा लक्षित वर्गका आवश्यकता र समस्यालाई सम्बोधन गर्न सक्दैन। अद्यावधिक वस्तुगत तथ्यांक र त्यसले परिलक्षित गरेको सूचनाको आधारमा योजना तथा क्रियाकलापहरु छनौट गर्न सके मात्र विकासको समुचित प्रतिफल प्राप्त हुन सक्छ। त्यसैले गरीव, महिला तथा वञ्चित वर्ग उन्मुख योजना तयारीका लागि ती वर्गहरुको पहिचान, अवस्था र स्तर झल्किने किसिमका खण्डिकृत तथ्याङ्कको आवश्यकता पर्छ। सोही अनुरुप यस योजनामा तय गरिएका लक्ष्य तथा कार्यक्रमलाई अध्यावधिक तथा परिमार्जन गर्नुपर्ने हुन्छ।

## परिच्छेद ७

# एकीकृत योजना कार्यन्वयन, अनुगमन तथा मुल्याङ्कन

### ७.१ पृष्ठभूमी

विकास योजना, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। योजना तर्जुमा तथा कार्यान्वयमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासले लक्ष्य तथा उद्धेश्य हासिल हुन गईरहेको छ छैन भन्ने जानकारी प्राप्त गर्न सहयोग पुग्छ। कार्यान्वयनको चरणमा नै आयोजनाहरुमा भएको लगानी र श्रोत साधनहरुको प्रवाह समुचित ढङ्गले भए नभएको, व्यवस्थापकीय सबलता र कमजोरीहरु के कस्ता रहेका छन् भन्ने जानकारी प्राप्त गर्न सकिन्छ। अतः गाउँपालिकाले एकीकृत ग्रामीण विकास योजनाको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्छ। योजना कार्यान्वयनको प्रारम्भदेखि नै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास साथै प्रणाली नतिजामूखी व्यवस्थापनमा आधारित हुनुपर्छ।

संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ वा नगर सभामा निहित रहने र २२६ मा स्थानीय व्यवस्थापिकाले अनुसुची ८ र ९ मा उल्लेख भएका विषयमा कानून वनाउन सक्ने भएकोले आफनो कार्यक्षेत्रको समग्र अनुगमन गर्न सक्ने छ त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को ११ मा एकल अधिकार वमोजिमको कार्यसम्पादनको अधिकार कार्यपालिकावाट हुने त्यसै गरी ऐनको दफा १४, ७८, ७४, ९३, ९४, १०० मा अनुगमन तथा मूल्याकंन सम्वन्धी व्यवस्था गरिएको छ।

त्यसैकारण योजना कार्यान्वित योजना, आयोजना, कार्यक्रम र गतिविधिहरुको कार्यान्वयनमा देखापरेका समस्यालाई समयमै पहिचान र निराकरणका लागि सम्बन्धितहरुलाई पूर्वसूचना दिन, तोकिएको उपलब्धी तोकिएको समयमै हासिल गर्न वाधा पुर्‍याउने गतिविधिहरु उपर निगरानी गर्न, पूर्व निर्धारित लागतका आधारमा स्रोत परिचालन गर्न, मितव्ययिता कायम गर्न, कामको निर्धारित गुणस्तर कायम गर्न लगाउन र अन्तर कार्यान्वयन इकाई बीच समन्वय कायम गर्न मद्दत गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कनको व्यवस्था र संयन्त्रको परिकल्पना गरिएको हो।

### ७.२ योजनाको कार्यन्वयन ढाँचा र पद्दति

अनुमान गरिएको श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाहरुको कार्यान्वन यस एकीकृत ग्रामीण विकास योजना अनुसार भए नभएको एंव आयोजना कार्यान्वयनमा देखिने बाधा वा अड्चन समाधानका लागि स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे अनुरुप सर्वपक्षीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन हुनेछ। उक्त समितिले योजना तर्जुमाको समयमा अनुगमनको क्षेत्रमा व्यवस्था गरेको जिम्मेवार निकायसँग समेत समन्वय गर्नेछ। यसको अलवा बिषयगत समिति, सरोकारवाला तथा कार्यान्वयन निकायले समेत पटके, आवधिक र बार्षिक अनुगमन गर्नेछ। त्यसैगरी योजनाको वीचमा र अन्त्यमा तेश्रो पक्षीय अनुगमनको व्यवस्था हुनेछ। तेस्रो पक्षले मध्यावधि र अन्तिम मूल्याङ्कन गरी यस योजना सफल कार्यान्वयनमा सहयोगी भूमिका खेल्नेछ॥

### ७.३ अनुगमन मूल्याङ्कन सम्वन्धि संस्थागत व्यवस्था

गाउँपालिकाले कानून वमोजिम योजनाको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको लागि विभिन्न समितिहरु गठन गरी संस्थागत गर्नेछ। समितिलाई आवश्यक वजेट, जिम्मेवारी सहित वार्षिक अनुगमनको उचित व्यवस्था गरिएको छ। यस किसिमको अनुगमन मूल्यांकन ससक्त बनाउन गाउँपालिकाले आवश्यक कार्यविधि तयार गरी लागू गर्नेछ। योजनाको अनुगमन तथा मूल्याङ्कन प्रयोजनका लागि विद्यमान कानूनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ।

#### ७.३.१ सुपरिवेक्षण तथा अनुगमन समिति

स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यबस्था भएअनुसार गाउँपालिका स्तरीय गठन हुने अनुगमन तथा सुपरिवेक्षण समितिलाई सक्रिय तुल्याई सम्वन्धित तह लगायत अन्य बिषयगत कार्यालयहरुले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गरी आयोजनाहरुलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सकृय तुल्याईने छ। उक्त समितिले नेपालको संविधान २०७२ को अनुसरची ८ मा उल्लेख भए वमोजिमका गाउँपालिकाले एकल अधिकार भित्रका कामहरुको अनुगमन मूल्याकंन गर्ने, स्थानीय स्तरको आयोजना तथा परियोजना सम्वन्धि नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन अनुमन, मूल्याकंन र नियमन गर्ने जिम्मेवारी हुनेछ।

#### ७.३.२ सुपरिवेक्षण तथा अनुगमन उपसमिति

सुपरिवेक्षण तथा अनुगमन समितिलाई आवश्यक सहयोग प्रदान गर्न तथा आवश्यक प्रतिवेदन दिने प्रयोजनको लागि कानूनमा व्यबस्था भए अनुरुप वडा स्तरमा उपसमिति गठन गरी सुपरिवेक्षण तथा अनुगमन उपसमितिलाई सक्रिय तुल्याइनेछ। यस उपसमितिले वडामा संञ्चालित आयोजनाहरुको नियमित अनुगमन तालिका तयारी, तथ्यांक व्यबस्थापन, नियमित अद्यावधिक

तथा प्रशोधन गर्ने व्यबस्था गरी आधारवर्षको स्थितिबाट प्रगति आधार तयार गर्नेछ । उप समितिबाट हुने अनुगमनलाई बढी सहभागितात्मक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलाहरुमा वडाका अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गरिनेछ ।

### ७.३.३ बिषयगत समिति

स्थानीय सरकार संचालन ऐन अनुसार गठन हुने बिषयगत समितिहरुले आ-आफ्नो बिषय क्षेत्र अर्न्तगत वडा, बिषयगत कार्यालय तथा अन्य गैससबाट गाउँपालिका क्षेत्रभित्र संञ्चालित गतिविधिहरुको स्थलगत अनुमगन तथा प्रतिवेदनहरुको आधारमा आवश्यकता अनुसार नियमित अनुगमन गर्नेछन् ।

### ७.३.४ सम्बन्धित निकाय तथा परियोजना

कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा संस्थाले हरेक कार्यक्रम, क्रियाकलाप कार्यान्वयन गर्ने विभिन्न चरणहरुमा स्थलगत रुपमा भ्रमण, अवलोकन, प्रतिवेदन अध्ययनका माध्यमबाट नियमिति अनुगमन गर्नेछन् ।

### ७.४ अनुगमन प्रकृया

नतिजामा आधारित प्रस्तावित अनुगमन खाका अनुसार एकीकृत  ग्रामीण विकास योजनाको विषयगत रुपमा पटके तथा नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधी तथा अन्तिम मूल्यांकन गरिनेछ । साथै गाउँ सभाले योजना स्वीकृत गर्दा सूचक सहितको अनुगमन र मूल्याङ्कन योजना नभई स्वीकृत नगर्ने पद्धति स्थापना गरिनेछ । योजनाको अनुगमन तथा मूल्याकंन प्रक्रिया देहाय अनुसार प्रस्ताव गरिएको छ ।

### ७.४.१ पटके तथा नियमित अनुगमन

नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बिषयगत बार्षिक कार्यक्रम तथा बजेटको सम्बन्धित वडा, विषयगत समिति, सुपरिवेक्षण तथा अनुगमन समिति तथा उपसमितिले पटके तथा नियमित अनुगमन गर्नेछन्।

### ७.४.२ नागरिक अनुगमन

एकीकृत  ग्रामीण विकास योजनामा आधारित भई बार्षिक योजना तथा बजेट तर्जुमा भए नभएको, स्वीकृत योजना तथा बजेट र कार्ययोजना अनुसार कार्यक्रम संञ्चालन, सेवा प्रवाह भए नभएको, योजनामा तोकिएको विधि तथा प्रक्रिया पूरा भए नभएको, आयोजना तथा कार्यक्रमबाट नतिजा तथा उपलब्धि हासिल भए नभएको, नागरिक तथा समुदायमा आधारित संस्थाहरुले अनुगमन गर्न सक्नेछन् । यस प्रकारको अनुगमन कार्यलाई नागरिक समाजका संस्थाहरुले आवश्यक सहजीकरण गर्ने तथा सम्बन्धित सेवा प्रदायकहरुले सूचना उपलब्ध गराउने तथा अनुगमनमा प्राविधिक सहयोग गर्ने कार्य गर्नेछन् ।

### ७.४.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

एकीकृत  ग्रमिण विकास योजनाको बिषयगत रुपमा समीक्षा गरी योजनाको नतिजा तथा कार्य सम्पादनको मापन नतिजामा आधारित ढाँचा अनुसार गरिनेछ । आयोजना सञ्चालनका क्रममा निश्चित रकम अनुगमनमा विनियोजन गरी अनुगमन योजना अनुसार तालिका बनाई सूचकहरुको आधारमा अनुगमन गरिनेछ । यस प्रकारको अनुगमनमा सहभागितात्मक अनुगमन प्रक्रिया तथा सरोकारवाको संलग्नता रहनेछ । यसका साथै तेस्रो पक्ष वा बिषयविज्ञले यस प्रक्रियामा सहजीकरण गर्नेछन् ।

### ७.४.४ मध्यावधि मूल्याङ्कन

एकीकृत  ग्रामीण विकास योजनमा निर्धारित लक्ष्य, उद्धेश्य, सूचक र नीतिहरुका आधारमा आ.व. २०७७/०७८ मा यसको मध्यावधि मूल्याङ्कन हुनेछ । मध्यावधि मूल्याङ्कन नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितात्मक प्रक्रियाबाट गरिनेछ । मूल्याकङ्नमा गाउँपालिका, बिषयगत तथा संयुक्त अनुगमन समिति र अनुगमन तथा सुपरीवेक्षण समितिको मुख्य भूमिका हुनेछ । मूल्याकङ्नको सहजीकरण योजना तर्जुमा तथा अनुगमनमा विज्ञता भएका साथै अन्य अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन् । मध्यावधि मूल्याङ्न टोलीमा रहने तथा अन्य सदस्यहरु र यसको कार्यविधि गाउँसभाले निर्धारण गर्नेछ ।

### ७.४.५ अन्तिम मूल्याङ्कन

यस एकीकृत  ग्रामीण विकास योजनाको निधारित समयावधि समाप्त भएपछि योजनाको समष्टिगत  लक्ष्य, उद्देश्य तथा  बिषयगत उपलब्धिहरु हासिल भए वा नभएको नजितामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ। योजना तर्जुमा, अनुगमन, तथा मूल्याकंनमा दखल भएका तेस्रो पक्षका अनुभवी पेशाविद्हरुको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याकंन गरिनेछ । अन्तिम मूल्याकंन टोलीमा रहने पेशाविद् तथा अन्य सदस्यहरु र यसको कार्यविधि गाउँकार्यपालिकाको सिफारिसमा गाउँसभाले निर्धारण गर्नेछ। यस टोलीले यस योजनाको अन्तिम प्रतिवेदन सार्वजनिक गरिनेछ। यो प्रतिवेदन दोस्रो एकीकृत  ग्रामीण विकास योजनाको लागि आधारको रुपमा प्रयोग गरिनेछ ।

## सन्दर्भ सामग्रीहरु


- राप्ती गाउँपालिकाको वस्तुगत विवरण, २०७५, राप्ती गाउँपालिकाको कार्यालय, दाङ
- राप्ती गाउँपालिकको बार्षिक नीति तथा कार्यक्रम २०७५/०७६
- स्थानीय सरकार संञ्चालन ऐन २०७४
- सामुदायिक वन उपभोक्ता समुहहरुको अनुगमन मूल्याकंन तथा संचालित वार्षिक कार्यक्रमहरुको प्रगती प्रतिवेदन (आ.व. २०७३।७४) जिल्ला वन कार्यालय, दाङ
- दाङ जिल्लाको माहुरी पालन सम्वन्धि प्रोफाइल (आ.व. २०७२।७३), जिल्ला कृषि विकास कार्यालय
- दाङ जिल्लाको दोस्रो अध्यावधिक जिल्ला विकास योजना (०७१/०७२ देखि ०७३/०७४), जिल्ला विकास समिति दाङ २०७१
- दाङ जिल्ला पार्श्वचित्र २०७१, जिल्ला विकास समिति दाङ
- वार्षिक जिल्ला विकास योजना (०७२/०७३), जिल्ला विकास समिति, दाङ
- राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वार्षिक निति, वजेट तथा योजना पुस्तिका
- भौगोलिक सूचना प्रणालीमा आधारित जिल्ला वातावरणीय पार्श्वचित्र (०७०/०७१)
- जलवायु परिवर्तन सम्बन्धी पहलकदमी, स्वच्छ उर्जा नेपाल (०६८/०६९)
- जिल्लाहरुमा कार्यान्वयन गरिने वार्षिक विकास कार्यक्रम (आ. व. २०७१/७२), राष्ट्रिय योजना आयोग,
- तेह्रौं योजना (आ.व. २०७०/७१ -२०७२/७३), राष्ट्रिय योजना आयोग, २०७१
- नेपालको संविधान २०७२
- आजिवियो तर्जुमा निर्देशिका २०५८
- राष्ट्रिय आवधिक योजनाको नीति तथा लक्ष्य
- Multi Sector Nutrition Plan, NPC, 2013-2017
- लैङ्गिक समानताको लागि अन्तर्राष्ट्रिय महासन्धि तथा सिद्धान्त (महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ (CEDAW),
- Beijing Platform of Action(UNSCR 1325),
- वाल अधिकार (CRC),
- जातीय विभेदको अन्त्य (CERD

अनुसुची १

# राप्ती गाउँपालिका क्षेत्रको वडास्तरीय प्रमुख समस्या पहिच

## आर्थिक विकास क्षेत्र

**वडा नं. १**

| क्षेत्र | प्रमुख समस्या (क्रमस) | स्थान | |
|---|---|---|---|
| **क) कृषि** | १. सिंचाईको लागि कुलो तथा नहरहरुको उचित व्यवस्थापन नहुनु<br>२. चैते पिपलटारी कुलो तथा बाँधको उचित व्यवस्थापन नहुनु ।<br>३. खर्क वगासोति क्षेत्रमा सिंचाई सुविधा तथा श्रोतको अभाव हुनु<br>४. मच्छिताल क्षेत्रमा सिंचाई सुविधाको अभाव<br>५. उन्नत जातका वाली तथा फलफूलका विरुवा र विजनको कमी<br>६. उन्नत जातका विउ विजनहरुको अभाव | १. वराखुट्टि विरिघाट क्षेत्र<br>२. चैत शान्तिपुर क्षेत्र<br>३. वगासोती खर्क<br>४.मच्छिताल<br>५. वडा नं. १ को सम्पूर्ण क्षेत्रमा<br>६. वडा नं. १ को सबै | • सिँचाई सुविधाको उप<br>श्रोतहरुको पहिचान<br>• सम्बन्धित निकाय सँ<br>फलफूल विउ तथा<br>प्राविधिक ज्ञान हासिल |
| **पशुपालन, पंक्षी, मत्स्य** | १. उन्नत जातका पशुपंक्षि माछाको नश्लको व्यवस्था नहुनु | १. वडा नं. १ को सम्पूर्ण क्षेत्र | • उन्नत जातको पशुक<br>क्षमता बृद्धि गराउन<br>सहकार्यतामा जोड दि |
| **उद्योग** | १. उद्योग सञ्चालन तथा उद्योगमा लगानी गर्नको लागि प्राविधिक ज्ञान तथा सीपको कमी,<br>२. लगानीको लागि आर्थिक श्रोतको अभाव उद्योग स्थापना तथा संचालनको लागि नेपाल सरकारबाट जारी गरिएको वित्तिय कानूनी प्रक्रिया तथा प्रावधानहरु झंजटिलो हुनु ।<br>३. उद्योग संचालनको लागि आवश्यक पर्ने आवश्यक कच्चा पदार्थको कमी<br>४. उत्पादित सामाग्रीहरुको वजारीकरणको समस्या<br>५. उचित भौगोलिक वातावरण नहुनु । | वडा नं. १ को सम्पूर्ण क्षेत्र | • दक्षता विकास कार्यक्र<br>गर्ने ।<br>• आय आर्जनमूलक का<br>• झँजटिलो कानूनी प्रा<br>सरकारमार्फत आवश्<br>• उद्योग संचालनको ल<br>विशेष पहल गर्ने ।<br>• उत्पादित सामाग्रीहरु<br>स्थानहरुको पहिचान |
| **व्यापार** | १. एकै प्रकृतिका समाग्रीहरुको मूल्यमा एकरुपता नहुनु<br>२. लुकिछिपी तथा कालोवजारीको समस्या<br>३. सरल र सवैले बुझ्ने कर प्रणाली । | वडा नं. १ भरी | • स्वस्थ व्यापार नीति<br>व्यापारमा देखिएको<br>• प्रचलित करप्रणाली |
| **पर्यटन** | १. राप्ती नदीमा मनोरन्जनमूलक जलयातायातको व्यवस्था नहुनु<br>२. वगासोती चखेवा ताल संरक्षण गर्न नसक्नु<br>३. खड्गेश्वरी तथा शिव मन्दिर परिसर एवम धार्मिक सांस्कृतिक विकासमा चासोको कमी<br>४. वगासोती होमस्टे, वालउद्यान, भ्यूटावर निर्माण तथा राप्ती नदी सौन्दर्यीकरण नहुनु<br>५. नदीमा फिसिङ्ग व्यवस्थाको लागि चासो नलिनु | वडा नं. १ भरी | • सम्भाव्यता अध्ययन<br>पहल कदमीको माग<br>• सम्पदाहरुको संरक्षण<br>सम्वन्धित निकायले |
| **सहकारी** | १. सहकारीहरुको उचित नियमनको व्यवस्थामा कमी ।<br>२. स्वायत्तताको गलत प्रयोग एकै व्यक्ति धेरै सहकारीमा सदस्य हुने क्रम देखिनु<br>३. सहकारीहरु विचनै अस्वस्थ प्रतिस्पर्धाको समस्या | वडा नं. १ भरी | • स्थानीय तहमा दक्ष<br>• सहकारी ऐन र विनि |
| **वजार व्यवस्थापन** | १. अव्यवस्थित वजारीकरण तथा वस्ति निर्माण<br>२. भौतिक पूर्वाधारहरुको कमी । | वडा नं. १ भरी | • जनचेतनामूलक वात<br>कार्यमा ध्यान पुर्या |
| **रोजगारी** | १. स्वरोजगार कार्यक्रमका लागि दक्ष जनशक्ति उत्पादन तथा व्यवस्थापनमा समस्या | वडा नं. १ भरी | • स्वरोजगार कार्यक्रमक<br>प्राविधिकको सहयोगम<br>प्रदान गर्ने । |

## वडा नं. २

| क्षेत्र | प्रमुख समस्या | स्थान | |
|---|---|---|---|
| **कृषि** | • कृषकलाई कृषि सम्बन्धि तालिम र उन्नत किसिमका विऊविजनको अभाव<br>• उन्नत किसानहरुलाई कुनै पनि सम्मानको व्यवस्था नहुनु ।<br>• कृषि उपजको मूल्यमा बिचौलियाहरुको हावीको कारण कृषकहरु मारमा पर्ने ।<br>• कृषिको अनुदानमा व्यक्ति हावी हनु साथै व्यक्तिगत अनुदानमा पारदर्शिता नहुनु ।<br>• कृषि हाटवजार नहुनु ।<br>• कृषि उपजहरुको संकलन केन्द्र नहुनु । | राप्ती गा.पां वडा नं. २ | • उन्नत विउ विजन र कृषि सम्बन्धि<br>• कृषिलाई व्यवसायिकरणको निमित्त<br>• कृषिको अनुदान व्यक्तिगत नभएर<br>• ठाउँ ठाउँमा कृषि उपजहरुको संक |
| **पशुपालन, पंक्षी तथा मत्स्यपालन** | • चरनक्षेत्रको अभाव<br>• आधुनिक पशुपालन सम्बन्धमा जानकारी नहुनु ।<br>• दुधजन्य पदार्थको संकलन केन्द्र नहुनु ।<br>• उन्नत जातको पशुमा नश्ल सुधार प्रभावकारी नहुनु<br>• कुखुरापालन व्यवसायमा प्राविधक ज्ञान कम हुनु ।<br>• पशुपंक्षी विमा सम्वन्धमा कृषकहरु कम जानकार हुनु ।<br>• उत्पादनमा आधारित अनुदान नहुनु<br>• पशुवधशाला तथा फेस हाउसहरुको अनुगमन नगरिनु । | राप्ती गा.पां वडा नं. २ | • पशुपालन सम्बन्धि पर्याप्त तालिम<br>• दुध संकलन केन्द्रको स्थापना<br>• उन्नत जातको पशुपालन र सोहि<br>• आवश्यक तालिमहरुको व्यवस्थापन<br>• पशुपंक्षी विमालाई सहज पारिनु प<br>• सम्बन्धित निकायहरुले आवश्यक<br>कार्यलाई प्रभावकारी वनाउनु पर्ने |
| **उद्योग** | • कृषिमा आधारित उद्योगहरुको स्थापना नहुनु ।<br>• साना तथा मझौला उद्योग स्थापनाको लागि झन्जटिलो कानूनी प्रावधान साथै करको दायरा ।<br>• समान प्रकृतिका उद्योगहरु खोल्नलाई प्रतिस्पर्धा हुनु । | राप्ती गा.पां वडा नं. २ | • कृषि सम्बन्धि उद्योग खोल्न चाहने<br>• दर्ता प्रक्रिया, कानूनी प्रावधान सा<br>• एकै स्थानमा एकै प्रकृतिका उद्योग |
| **व्यापार** | • दर्ता वेगरनै व्यापार संचालन<br>• अनुगमनको कमी । | राप्ती गा.पां वडा नं. २ | • सम्बन्धित व्यापारीहरुलाई दर्ता प्र<br>• नियमित अनुगमनलाई प्रभावकारी |
| **पर्यटन** | • पर्यटन तथा धार्मिक क्षेत्रको मर्मत संभारको अभाव ।<br>• पर्यटन सूचना केन्द्र तथा प्रचार प्रसारको अभाव ।<br>• धार्मिक क्षेत्रमा पर्यटकको कमी ।<br>• भौतिक संरचनाहरुको कमी । | राप्ती गा.पां वडा नं. २ | • पर्यटन प्रवर्धनको लागि आवश्यक<br>आवश्यक प्रचार प्रसारमा सम्वन्धि |
| **सहकारी** | • सरकारबाट मान्यता प्राप्त सहकारीको पहिचान नहुनु ।<br>• सहकारी पसलहरुमा आवश्यक सामाग्रीहरुको अभाव<br>• सहकारी गठनमा अस्वस्थ प्रतिष्पर्धा | राप्ती गा.पां वडा नं. २ | • सहकारी पसलहरुलाई व्यवस्थित र<br>• मान्यता प्राप्त सहकारीहरुले पनि<br>पहिचानलाई अझ फराकिलो पार्दै |
| **वजार व्यवस्थापन** | | | |
| **रोजगारी** | • स्थानीय स्तरमा रोजगारीको कुनै पनि अवसर नभएको | राप्ती गा.पां वडा नं. २ | • रोजगारी प्रवर्धन गर्नको लागि वेरो<br>• रोजगार प्रवर्धनमूलक कार्यक्रमहरु |

## वडा नं. ३

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको उपाय |
| --- | --- | --- | --- |
| क) कृषि | • जग्गा बाँझो रहने ।<br>• कृषि प्राविधिकहरुको अभाव, मल तथा विउ विजनको अभाव ।<br>• जग्गाको प्लटिङ्ग तथा चक्लाबन्दी | वडा क्षेत्र भरी | • सम्बन्धित निकायले समस्या समाधानको लागि प |
| पशुपालन, पंक्षी, मत्स्य | • समयमा दानापानी नपाउनु, पशु प्रविधिकहरुको अभाव ।<br>• उन्नत जातका पशुपंक्षी तथा नश्ल सुधारको अभाव ।<br>• पशुपालक कृषकहरुमा ज्ञान तथा सीपको अभाव । | वडा क्षेत्र भरी | • सम्बन्धित निकायले समस्या समाधानको लागि प |
| उद्योग | • कुनै पनि कलकारखाना स्थापना नहुनु ।<br>• उद्योग संचालनको लागि आवश्यक विद्युतको अभाव । | वडा क्षेत्र भरी | • नियमित विद्युत सेवा प्रदान गरी स्थानीय स्तरमा |
| व्यापार | | | |
| पर्यटन | • आन्तरीक तथा वाह्य पर्यटकहरुलाई आर्कषित गर्न सक्ने स्थानको विकास तथा प्रवर्द्धन नहुनु | वसन्तपुर क्षेत्र | • वसन्तपुर को शिव मन्दिर क्षेत्र लाई पर्यटकीय स्थ |
| सहकारी | • सहकारीहरुको भौतिक पूर्वाधार नहुनु । | वडा क्षेत्र भरी | • भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्नु पर्ने |
| वजार व्यवस्थापन | • हाटवजारको व्यवस्था नहुनु ।<br>• संकलन केन्द्रहरु नहुनु ।<br>• साना वजारमा सार्वजनीक शौचालय नहुनु । | वडा क्षेत्र भरी | • हाट वजार तथा संकलन केन्द्रको व्यवस्थापन गरि<br>• चिस्यान केन्द्रको स्थापना गरिनु पर्ने |
| रोजगारी | स्थानीय सीपमा आधारित घरेलु उद्योगमार्फत रोजगारीको अवसर नहुनु | वडाभरी | व्यबसायिक योजना मार्फत उद्योग स्थापनामा स्थानि |

## वडा नं. ४

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानक |
| --- | --- | --- | --- |
| कृषि | • कृषिमा आधुनिकिकरण तथा वैज्ञानिकिकरण नहुनु ।<br>• रोगकिराको प्रकोप<br>• दिगो कृषि प्रविधिको प्राविधिक ज्ञानसीप नहुनु | राप्ती गा.पा. ४ | • कृषि क्षेत्र तथा आधुनिक उपकरण पहिचान र परिचालन ।<br>• वजार तथा संकलन केन्द्रको सुनिश्चितता ।<br>• सूचनाको प्रभावकारीता ।<br>• प्रविधि तथा प्राविधिकको ज्ञान ।<br>• एकीकृत  जग्गा प्रणालीको विकाश तथा ज्ञारेन्टी ।<br>• उन्नत वीउ विजनको व्यवस्था ।<br>• उचित भण्डारणको व्यवस्था । |
| प्शुपालन, पंक्षी तथा मत्स्यपालन | • व्यवसायीक पशुपालन विकास तथा विस्तार नहुनु। | राप्ती गा.पा. ४ | • सम्बन्धित निकायबाट सुनिष्चितता गर्न पर्ने ।<br>• वस्तुको मूल्य अभिवृद्दि तथा विभिधिकरणको व्यवस्था ।<br>• उत्पादित वस्तुको महत्वको जानकारी ।<br>• व्यवसाईलाई प्रत्साहित गर्नु पर्ने ।<br>• आर्थिक लगानिको सरलीकृत हुनुपर्ने ।<br>• उन्नत नस्ल सुधारको व्यवस्था ।<br>• वजारीकरणको व्यवस्था ।<br>• आवश्यक जग्गा जमिनको सहज व्यवस्था । |
| उद्योग | • कृषि जन्य उद्योगको अभाव ।<br>• श्रमशक्तिको कमी | राप्ती गा.पा. ४ | • विद्युत जडान तथा आपूर्ति सहज रुपमा हुनुपर्ने ।<br>• कृषि जन्य उद्योगको छुट्टै निति नियम हुनु पर्ने ।<br>• आर्थिक लगानी सहज र सहुलियत हुनु पर्ने ।<br>• पूर्वाधारको विकाश हुनु पर्ने।<br>• श्रम शक्तिको शुनिश्चितता हुनुपर्ने । |

| | | | |
|---|---|---|---|
| **व्यापार** | • व्यापारीक हवको व्यवस्था नहुनु ।<br>• स्थानीय कृषिजन्य उत्पादन गरिएका सामाग्रीहरुको संकलन केन्द्र स्थापना नहुनु । | राप्ती गा.पा. ४ | • सम्बन्धित निकायबाट सुनिष्चितता हुनुपर्ने ।<br>• ऋावधिक हाट वजारको व्यवस्था हुनुपर्ने ।<br>• स्थानीयउत्पादनशिल वस्तुको प्राथमिकता हुनु पर्ने ।<br>• आवश्यक स्रोत साधनको व्यवस्था हुनुपर्ने ।<br>• उत्पादित वस्तुको मूल्य सुनिश्चित हुनु पर्ने ।<br>• वस्तुको मूल्यको अनुगमन हुनु पर्ने । |
| **पर्यटन** | • पर्यटकीय विकाश नहुनु । | राप्ती गा.पा. ४ | • पर्यटकीय क्षेत्रको पहिचान, प्रचाार प्रसार ।<br>• स्थानीय संस्कृतिको प्रचार प्रसार ।<br>• संम्बधित निकायवाट विकाश र संरक्षणमा पहल हुनु पर्ने । |
| **सहकारी** | • विषयगत सहकारीको व्यवस्था नहुनु ।<br>• सहकारीले आयमूलक क्षेत्रमा लामो अवधिको लगानी नगर्नु | राप्ती गा.पा. ४ | • विषयगत सहकारीको विस्तृत जानकारी गराउने ।<br>• सहकारीलाई प्राथमिकता दिनु पर्ने । |
| **वजार व्यवस्थापन** | • प्रभावकारी वजार व्यवस्थापन नभएको । | राप्ती गा.पा. ४ | • संकलन केन्द्रको स्थापना र विकाश हुनु पर्ने ।<br>• वजारको नियमित सुरक्षा र अनुगमन हुनुपर्ने ।<br>• आवश्यक स्रोत साधनको व्यवस्था । |
| **रोजगारी** | • रोजगारीको ग्यारेन्टी नहुनु ।<br>• कृषिलाई रोजगारी नठानी वैदेशिक रोजगारी पति आकर्षण बढ्नु | राप्ती गा.पा. ४ | • स्थानीय व्यवसाय र रुचिको आधारमा प्राविधिक उत्पादन गर्ने<br>• रोजगार तथा स्वरोजगारको व्यवस्था गरी एक व्यक्ति एक रो<br>• सिपमूलक तालिमको व्यवस्था हुनुपर्ने । |

## वडा नं. ५

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानक |
|---|---|---|---|
| **क) कृषि** | • आधुनिक कृषि प्रणाली तथा कृषि प्राविधिकको अभाव ।<br>• समयमा मलखादको अभाव साथै अनुदानको व्यवस्था समेत नहुनु ।<br>• उत्पादनमा उचित मूल्य नपाउनु ।<br>• वजरीकरणको लागि संकलन केन्द्र हुनु ।<br>• कृषि योग्य जमीन घरघडेरीको रुपमा प्रयोग हुनु । | वडा नं. ५ भरी | • आधुनिक कृषि प्रणाली लागू गरी कृषि प्राविधिकहरुको व्यव<br>• आवश्यकता अनुसार मलखादको आपूर्ति गर्नुपर्ने ।<br>• वजारको व्यवस्थापन ।<br>• सरकारबाट मूल्य निर्धारण गरिनु पर्ने ।<br>• कृषि भूमिको पहिचान गरिनु पर्ने । |
| **पशुपालन, पंक्षी, मत्स्य** | • पशुपालनमा ज्ञान नहुनु ।<br>• प्राविधिकहरुको कमी ।<br>• उत्पादित बस्तुहरुले राम्रो मूल्य नपाउनु<br>• उन्नत जातका पशुपंक्षी तथा नश्लको अभाव । | वडा नं. ५ भरी | • पशुपालन सम्बन्धि ज्ञान हासिल गराउनु पर्ने ।<br>• प्रत्येक वडामा प्राविधिकहरुको व्यवस्था ।<br>• वजारको व्यवस्थापन साथै नश्ल सुधारका कार्यक्रमहरु संचा |
| **उद्योग** | • ठूला उद्योगहरुमा लगानी नहुनु । | वडा नं. ५ भरी | ठूला उद्योगहरुम लगानी विस्तार गरिनु पर्ने । |
| **व्यापार** | • ह्रूसुपार र व्यबसाय प्रवर्द्धनका लागि अनुकुल प्रवर्द्धनतात्मक गतिविधि कम<br>• घुम्ती व्यापारीहरुको चाप साथै अनाधिकृत प्रवेश | वडा नं. ५ भरी | • करमा सरलता ल्याउनु पर्ने साथै व्यापारीहरुलाई अनिवार्य र |
| **पर्यटन** | • पर्यटकीय क्षेत्र अव्यवस्थित रहनु ।<br>• पर्यटन प्रवर्धनमा लागानीको कमी । | वडा नं. ५ भरी | • पर्यटकीय क्षेत्रको उचित व्यवस्थापन गरी सो क्षेत्रमा लगानी |
| **सहकारी** | • सहकारी व्यवस्थित नहुनु ।<br>• सहकारीहरुमा सुसाशनको कमी ।<br>• ह्रहकारीहरुको संख्यामा बृद्धि हुनु । एउटै उद्देश्यमा धेरै सहकारी स्थापना<br>• विना धितो लगानी साथै भाखा नाघेको ऋण बढदै जानु । | वडा नं. ५ भरी | • सहकारीहरुलाई व्यवस्थित गराईनु पर्ने ।<br>• एकै प्रकृतिका सहकारीहरुलाई एकीकृत गर्दै लानु पर्ने ।<br>• सहकारी ऐनको कार्यान्वयनमा जोड दिनु पर्ने । |

| | | | |
|---|---|---|---|
| **वजार व्यवस्थापन** | • वजारको उचित व्यवस्थापन तथा विस्तार नहुनु<br>• बजारक्षेत्रको नकुहिने फोहर व्यबस्थापन नहुनु। | वडा नं. ५ भरी | • उचित स्थानको छनौट गरी  वजार विस्तार गरिनु पर्ने । |
| **रोजगारी** | • रोजगारीको कमी ।<br>• उद्योगक तथा कलकारखानाहरुको कमी<br>• सीपमूलक तालिमको कमी । | वडा नं. ५ भरी | • रोजगारका अवसरहरुको सिर्जना गरिनु पर्ने ।<br>• उद्योग तथा कलकारखाना हरुको स्थापना गरी रोजगारी सि<br>• सीपमूलक तालिमहरुको व्यवस्था । |

## वडा नं. ६

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको उपाय |
|---|---|---|---|
| **क) कृषि** | | | |
| **पशुपालन, पंक्षी, मत्स्य** | • उन्नत जातका पशुपंक्षहरु नपाउनु ।<br>• पशुचरणको अभाव<br>• पशुदाना तथा उपचारमा समस्या ।<br>• पशुवजारको अभाव ।<br>• बैज्ञानिक पशुशालाको अभाव<br>• उन्नत नश्ल, प्रविधि, उपकरण साथै विऊ विजन तथा प्रविधिको बारेमा अनभिज्ञता<br>• उत्पादित वस्तुहरुको संकलन केन्द्रको अभाव | सम्पूर्ण वडा क्षेत्र | • उन्नत नश्लहरुको प्रयोग ।<br>• पशुचरणको लागि उपयुक्त स्थानहरुको खोजी ।<br>• पशुउपचार केन्द्रहरुको स्थापना गरिनु पर्ने ।<br>• बैज्ञानिक पशुशालाको विकास तथा बैज्ञानिक पशुपालनको सोचको विकासमा<br>• दुग्ध चिस्यान केन्द्र साथै उत्पादित वस्तुहरुको संकलन तथा व्यवस्थापन गरिन् |
| **उद्योग** | • पूँजी तथा कच्चा पदार्थको अभाव<br>• दक्ष प्राविधिक तथा श्रमिकको अभाव<br>• विद्युत शक्तिको अभाव साथै घरेलु उद्योगहरु फस्टाउन नसक्नु<br>• सरकारले औद्योगिक प्राथमिकीरणको पहिचान गर्न नसक्नु | सम्पूर्ण वडा क्षेत्र | • आर्थिक श्रोतको खोजी गर्नु पर्ने<br>• कच्चा पदार्थ उत्पादनमा किसानहरुलाई प्रोत्साहित गर्नु पर्ने ।<br>• दक्ष प्राविधिक जनशक्ति साथै साधन सम्पन्न प्रविधिको प्रवर्धन तथा विकास<br>• घरेलु प्रविधि साथै कच्चा पदार्थहरुलाई प्रवर्धन गरिनु पर्ने<br>• स्थानीय श्रोत, पहिचान तथा आवश्यकताको आधारमा औधोगिक नीति तथा |
| **व्यापार** | • वजार विस्तारमा समस्या<br>• पूँजीको अभाव साथै सामाग्री ढुवानीमा समस्या | सम्पूर्ण वडा क्षेत्र | • पूँजीश्रोतको खोजी, साथै वजार विस्तार तथा व्यवस्थापनमा जनचेतनामूलक<br>• व्यापार तथा व्यवसाय विस्ताको लागि समन्वय, साझेदारी अनुभवहरुको विवि |
| **पर्यटन** | • पर्यटकीय स्थलहरुको अभाव | सम्पूर्ण वडा क्षेत्र | • पर्यटकीय स्थलहरुको खोजी, प्रवर्धन विकास तथा विस्तारमा जोड दिनु पर्ने |
| **सहकारी** | • सहकारीता सम्बन्धि ज्ञानको अभाव<br>• नीयमन तथा पूँजी परिचालनमा पारदर्शीता नहुनु | सम्पूर्ण वडा क्षेत्र | • सहकारीता, नियमन तथा प्रभावकारी संचालनको लागि सम्बन्धित क्षेत्रले ध्या<br>• प्रत्येक गाउँ तथा टोलमा स्थापित समूहहलाई सहकारी संस्थामा समावेश गर्नु |
| **वजार व्यवस्थापन** | • सरोकारवाला निकायहरुको ध्यान नपुग्नु | वडा क्षेत्र भरी | • उद्योग वाणिज्य संघले आफ्नु कार्यक्षेत्र विस्तारमा ध्यान दिनु पर्ने ।<br>• व्यापारलाई आर्थिक सम्पन्नताको साथै सामाजिक उत्तरदायित्यको रुपमा अगा<br>• वजार व्यवस्थापनको लागि आवश्यक मापदण्ड परिपूर्तिको लागि स्थानीय निव |

## वडा नं. ७

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको उपाय |
|---|---|---|---|
| **कृषि** | • समयमा मलखाद प्राविधिक, सिँचाई, बालीको लागि पकेट क्षेत्र नछुट्याउनु | • छोटकी सिसहनिया, बढकी सिसहनिया, सबै टोलहरु | • समयमा मलखाद, प्रा<br>• सिँचाईको समयमा प<br>• पकेट क्षेत्रमा के बाली |
| **पशुपालन, पंक्षी तथा मत्स्यपालन** | • उन्नत जातका पशु नपाउनु<br>• भेटनरी डाक्टरको अभाव | • वडा नं ७ का सबै ठाउँ | • उन्नत जातका पशु व<br>• भेटनरी प्राविधिक उप |
| **उद्योग** | • कच्चा पदार्थमा आधारित उद्योग स्थापना कम हुनु<br>• उद्यमीलाई प्रोत्साहन नगर्नु | – वडा नं ७ | • कच्चा पदार्थ उपलब्ध<br>• उद्यमीलाई सीप तालि |
| **व्यापार** | • लगानीको समस्या | • वडा नं ७ | • सहुलियत दरमा ऋण |
| **पर्यटन** | • आवश्यक पूर्वाधार नभएको | • वडा नं ७ | • पूर्वाधारमा लगानीकत |
| **सहकारी** | • जनशक्तिको कमी<br>• जोखिमयुक्त क्षेत्रमा ऋण समस्याग्रस्त हुनु | • वडा नं ७ | • पर्याप्त मात्रामा आय<br>• दक्ष जनशक्ति तयार |
| **वजार व्यवस्थापन** | • हाटबजार व्यवस्था नगरिनु<br>• संकलन केन्द्र नहुनु | • वडा नं ७ | • कोल्डस्टोरको व्यवस्थ<br>• संकलन केन्द्र र बजा |
| **रोजगारी** | • उद्योग, कारखाना नहुनु | • वडा नं ७ | • उद्योग, कारखाना स्था |

## वडा नं ८

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको उपाय |
|---|---|---|---|
| **कृषि** | • प्राविधिक ज्ञान सिपको कमी, समयमा मल खादको व्यवस्था नहुनु, रोग किरा वढी मात्रामा लाग्नु । | • वडा भरी | • तालिमको व्यवस्था , समयमा मल खाद उपलब्ध गर |
| **पशुपालन, पंक्षी तथा मत्स्यपालन** | • उन्नत जातको नश्ल सुधार भएको पशुको व्यवस्था नभएको ।<br>• पशु विक्री बजार नभएको ।<br>• पशु चौपाय विरामी हुँदा उपचारको व्यवस्था नहुनु ।<br>• दुध संकलनको सुविधा नभएको । | • वडा भरी | • उन्नत जातको नश्ल सुधार भएको पशुको व्यवस्था ह<br>• पशु हाट बजारको व्यवस्था हुनुपर्ने ।<br>• औषधी उपचारको व्यवस्था हुनुपर्ने ।<br>• दुध संकलन केन्द्रको व्यवस्था हुनु पर्ने । |
| **उद्योग** | • घरेलु उद्योगको लागि लगानी रकमको कमी ।<br>• स्थानीय श्रोत साधनको पहिचान नहुनु । | • वडा भरी | • बजेटको व्यवस्था हुनु पर्ने ।<br>• श्रोत साधनको बारे जानकारीको व्यवस्था । |
| **व्यापार** | • बजारको व्यवस्थापनको कमी ।<br>• व्यापारीहरु वीच प्रतिस्पर्धा गर्न नसक्नु । | • वडा भरी | • बजार व्यवस्थापन हुनुपर्ने ।<br>• व्यापारीहरुका वीच एकरुपता हुनु पर्ने । |
| **पर्यटन** | • स्थानीय ताल, तलैया, पोखरी तथा सिमसार जस्ता प्राकृतिक श्रोत हरुको संरक्षण सदुपयोग नहुनु । | • वडा भरी | • स्थानीय श्रोत साधनको संरक्षण गरी रमणीय स्थान |
| **सहकारी** | • सहकारी सहकारी वीच एकरुपता नहुनु ।<br>• सहकारीको अवधारणा अनुसार काम नभएको । | • राप्ती गा.पा. ८ | • सहकारीले दिने सेवामा एक रुपताको व्यवस्था हुनु प<br>• सहकारीको अवधारणा अनुसार काम हुनु पर्ने । |
| **वजार व्यवस्थापन** | • बजार व्यवस्थापन नभएको, ढल निकासको व्यवस्थापन नभएको, फोहोर व्यवस्थापन नभएको ।<br>• कृषि उत्पादनको ढुवानी समस्या । | • राप्ती गा.पा. ८ | • बजार व्यवस्थापनका लागि फोहोर व्यवस्थापन, ढल हुनु पर्ने । |

## वडा नं ९

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाध |
|---|---|---|---|
| • **कृषि** | • प्राविधिकको समस्या<br>• उन्नत बीउ विजनको समस्या<br>• सिचाई सुविधाको अभाव | • वडा भरी | • कुलो, बाध, तटबन्धनको व्यवस्था<br>• खहरे नियन्त्रण |
| **पशुपालन, पंक्षी तथा मत्स्यपालन** | • प्राविधिकको समस्या<br>• पशु औषधि उपचारको समस्या<br>• प्राविधिक ज्ञानको कमि<br>• उन्नत पशु नश्ल तथा घाँसपातको कमी | वडा भरी | प्राविधिक परामर्श उपलब्ध गराउनुपर्ने |
| **उद्योग** | • कुटानी पिसानी मीलको अभाव<br>• उद्योग स्थापनाको लागि सर्वसुलभ कर्जा उपलब्ध नहुनु | वडा भरी | सहकारी मार्फत कर्जा प्रवाहको लागि समन्वय हुनुपर्ने |
| **व्यापार** | • व्यवस्थित बजार तथा संकलन केन्द्रको अभाव<br>• बैंक तथा वित्तिय संस्थासँग कम पहुँच<br>• रेमिट्यान्स उत्पादनमूलक क्षेत्रमा पर्नुलगानी नहुनु | वडा भरी | आर्थिक विकासको व्यबसायिक योजना तयार गर्नुपर्ने । |
| **पर्यटन** | • पिकनिक स्पटको अभाव<br>• भ्यू टावर<br>• धार्मिक तथा सांस्कृतिक पर्यटन क्षेत्रका प्रचारप्रसार नुहनु | • देविकोट<br>• छाउने टोल<br>• वडाका मठ मन्दिरहरु | पर्यटन योजना अनुसार कार्यान्वयन गर्नुपर्ने<br>पर्यटकीय पूर्वाधार विकास तथा निर्माण गर्नुपर्ने । |
| **सहकारी** | • कृषि सहकारीको समस्या<br>• बचत तथा ऋण सहकारीको प्रतिपर्ष्धात्मक समस्या<br>• सहकारी सम्बन्धि ज्ञानको अभाव | वडा भरी | सहकारीको मर्म अनुसार संञ्चालन भए नभएको अनुग |
| **वजार व्यवस्थापन** | • स्थानीय बजारको व्यवस्था नभएको<br>• पसलहरुबाट निस्कने फोहेरको व्यवस्थापन नभएको | वडा भरी | उद्योग बाणिज्यसंघसंग सहकार्यमा संयुक्त कार्ययोजना |
| **रोजगारी** | • कृषिमा अधारित रोजगारीको संभावनाहरु पहिचान नहुनु | वडा भरी | रोजगारीका नयाँ बिकल्पहरुबारे जागरण अभियान संञ्च<br>व्यबसायिक योजनाहरु तयार गर्न प्राविधिक ज्ञान प्रदान |

## सामाजिक विकास क्षेत्र

### वडा नं. १

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको उपाय |
|---|---|---|---|
| **शिक्षा** | • विद्यालयहरुमा भौतिक पूर्वाधारहरुको अभाव<br>• पर्याप्त मात्रामा शिक्षक दरवन्दी नहुनु ।<br>• पूर्ण साक्षर नभइकन साक्षर क्षेत्र घोषणा गरिनु<br>• विद्यार्थीहरुको संख्या तथा उपस्थिती न्यून रहनु | • वगासोती<br>• शान्तिपुर<br>• स्वर्गद्वारी प्रा.वि.<br>• शान्तिपुर चैते | • आर्थिक श्रोतको खोजी गरिनु पर्ने ।<br>• सम्वन्धित निकायले विद्यार्थीहरुको अनुपात अनुरुप शिक्षक दरवन्दी निर्धार<br>• शिक्षण प्रक्रियामा अँग्रेजी माध्यमलाई विशेष ध्यान दिइनु पर्ने |
| **स्वास्थ्य** | • स्थानीय स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति तथा उपकरणहरुको अभाव साथै गुणस्तरीय स्वास्थ्य सेवाको अभाव | • वडा नं. १ भरी | • एम.बि.बिएस चिकित्सकको दरवन्दी सिर्जना गरी व्यवस्थापन गरी आवश<br>पहल कदमी गर्नु पर्ने |
| **खेलकुद** | • विद्यालयहरुमा खेलकुदका सामाग्रीहरु पर्याप्त नहुनु साथै वडा क्षेत्रमा खेलकुदाका कार्यक्रमहरु संचालन नगरिनु | • वडा नं. १ भरी | • विद्यालयहरुमा खेलकुदका गतिविधिहरु संचालन, खेल सामाग्रीहरुको को व<br>गर्नु पर्ने साथै वालवालिकाहरुमा स्वास्थ्यको लागि र भाइचाराको लागि खे<br>गरिनु पर्ने । |
| **खानेपानी** | • स्वच्छ खानेपानीको अभाव | • वडा नं. १ , चैते, मच्छिताल र वगासोती | • स्थानीय श्रोतहरुको संरक्षण तथा संचालनमा ध्यान दिइनु पर्ने<br>• सम्वन्धित निकायले पिउने पानीको गुणस्तर मापन केन्द्र निर्माण<br>• पिउने पानीलाई सफा गर्ने प्रविधिहरुको वारेमा जानकारीमूलक तथा प्रचा |
| **सरसफाई** | • सरसफाईमा चेतनाको अभाव<br>• व्यवस्थित फोहोर विसर्जन केन्द्रको अभाव | • वडा नं. १ भरी | • सम्वन्धित निकायले सरसफाई सम्वन्धि चेतनामूलक कार्यक्रमहरु वडाभरि<br>• फोहोरको वर्गीकरण गरी पूर्नप्रयोग र पूर्नचरण गर्न सकिने फोहोरहरुको<br>साथै व्यवस्थित विसर्जन केन्द्र निर्माणको लागि वडापालिकाले विशेष पहल |
| **कला संस्कृति** | • स्थानीय मौलिक कला संस्कृतिहरुको उत्थान तथा संरक्षण हुन नसक्नु । | • वडा नं. १ भरी | • स्थानीय मौलिक कला संस्कार र संस्कृति जगेर्नाको लागि स्थानीय संघ स<br>वेलामौकामा संस्कृतिमूलक कार्यक्रहरु संचालन गरिनु पार्ने साथै कला संर<br>प्रचार प्रसारमा ध्यान दिईनु पर्ने । |
| **महिला तथा बालबालिका** | • महिला तथा बालबालिकाहरुमा शिक्षाको कमी<br>• घरेलु हिंसा<br>• बालविवाह कामय रहनु | • वडा नं. १ भरी | • महिला हिंसा तथा वालश्रम न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रमहरु<br>• बालबालिकाहरुलाई पठनपाठनमा केन्द्रित गरिनु पर्ने<br>• बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नको लागि कानूनी सहायता के |
| **सामाजिक समावेशीकरण** | • सामाजिक समावेशीकरण सम्बन्धि चेतनामूलक कार्यक्रमहरुको आयोजना नहुनु<br>• असाहाय बालबालिकाहरुको शिक्षा तथा लालनपोषणमा समस्या | • वडा नं. १ भरी | • वडा क्षेत्रका सवैलाई समेटने किसिमको कार्यक्रमहरु संचालन गरिनु पर्ने<br>• बृद्ध अपाँग, बालबालिका तथा सामाजिक रुपमा पछि पारिएका व्यक्तिहरुक<br>परोपकार कोष स्थापना गरिनु पर्ने |

## वडा नं. २

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको उपाय |
|---|---|---|---|
| **शिक्षा** | • विज्ञान संकायमा विद्यार्थीको उपस्थिती कमी हुनु ।<br>• नीजि विद्यालयहरुको अनुगमन नहुनु ।<br>• प्राविधिक तथा गुणस्तरीय शिक्षाको अभाव अव्यवस्थित खेलमैदानहरु ।<br>• पूर्ण साक्षरता घोषणा भएपनि निरक्षरता संख्या कायमनै रहनु | • आर्दश उच्च मा.वि. वडा २<br>• वडा नं. २ का सम्पूर्ण क्षेत्र | • विद्यार्थी आकर्षित गर्ने शिक्षण पद्धति, शिक्षण सामाग्रीह<br>• नियमित अनुगमन गरी शिक्षालाई वजारीकरण हुनबाट<br>• प्राविधिक शिक्षालयहरुको स्थापना तथा व्यवस्थापन त पर्ने ।<br>• पूर्ण साक्षरता घोषणा कार्यक्रमलाई पूर्णत व्यवहारमानै |
| **स्वास्थ्य** | • पायक स्थानमा स्वास्थ्य चौकी नहुन<br>• सर्पदंश उपचार केन्द्रको अभाव ।<br>• निशुल्क वितरण गरिने औषधीको बारेमा कम जानकारी<br>• प्रसुति केन्द्रको अभाव | राप्ती गा.पा. वडा नं. २ | • वडाको केन्द्र पर्ने गरी स्थास्थ्य चौकिको स्थापना गरी<br>• सरकारबाट निशुल्क प्राप्त हुने औषधिको बारेमा सर्वसा<br>• वडामानै प्रसुतीकक्ष सहितको स्वास्थ्य केन्द्र स्थापना हु |
| **खेलकुद** | • खेलमैदानहरु व्यवस्थित नहुनु आवश्यक खेल प्रशिक्षक तथा खेल सामाग्रीहरुको कमी | वडा नं. २ | • भएका खेलमैदानहरुलाई व्यवस्थित वनाईदै लगिनु पर्ने गरी दक्ष प्रशिक्षक उत्पादन गर्ने वा वाहिर वाट ल्याए |
| **खानेपानी** | • पर्याप्त मात्रामा शुद्ध खानोपानी सुविधा नहुनु ।<br>• खानेपानी वितरण प्रणाली प्रभावकारी नहुनु । | वडा नं. २ भरी | • आफुले खानेपानीको शुद्धिकरण गर्ने विधिको बारेमा उ<br>• नयाँ खानेपानी संकलन केन्द्रहरुको स्थापनामा जोड दि सवैको पहुँच सम्म पुर्‍याइनु पर्ने ।<br>• स्थानीय श्रोत तथा मुलहरुको संरक्षणमा विशेष ध्यान |
| **सरसफाई** | • सरसफाई सम्बन्धी जनचेतनाको कमी | सम्पूर्ण वडा क्षेत्र | • सरसफाई सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरुको आ |
| **कला संस्कृति** | • स्थानीय कला संस्कृतिहरु लोप हुने अवस्थामा पुग्नु ।<br>• कला संस्कृति प्रवर्धन तथा संरक्षणमा चासो कम हुनु । | सम्पूर्ण वडा क्षेत्र | • स्थानीय मौलिक कला संस्कार र संस्कृति जगेर्नाको ला पर्ने ।<br>• आवधिक रुपमा संस्कृतिमूलक कार्यक्रहरु संचालन गरि<br>• कला संस्कृति झल्कने बृत्तचित्र, पोष्टर पम्प्लेट हरु नि |
| **महिला तथा बालबालिका** | • महिला हिँसा तथा विभेद कायमै रहनु<br>• बाल विकास सम्बन्धि कार्यक्रमहरुको अभाव ।<br>• पोषण कार्यक्रमहरु नहुनु ।<br>• बालमैत्री सिकाइ तथा कार्यक्रमहरुमा चासो नदिइनु । | सम्पूर्ण वडा क्षेत्र | • जनचेतना तथा दबावमूलक कार्यक्रमहरुको आयोजना<br>• महिला तथा वाल विकास सँग सम्बन्धित कार्यक्रमहरु |
| **सामाजिक समावेशीकरण** | • जातीय भेदभाव कायमनै रहनु<br>• महिला हिँसा पूर्णरुपमा अन्त्य नहुनु | | • सचेतनामूलक कार्यक्रमहरु संञ्चालन गर्नुपर्ने<br>• स्थानीय टोलविकास संस्थासँग साझेदारीमा प्रचार प्रस |

## वडा ३

| क्षेत्र | प्रमुख समस्या | स्थान | समाधानको |
|---|---|---|---|
| • **शिक्षा** | • विद्यार्थीहरुको अनुपातमा शिक्षकको दरवन्दी नहुनु<br>• गुणस्तरीय शिक्षण विधि अवलम्बन नगरिनु | वडा क्षेत्र भरी | • योग्यता अनुसारको शिक्षकहरुको दरवन्दीको व्यवस्था गरिनु पर्ने<br>• तालिम प्राप्त तथा अनुभवी शिक्षकहरुको व्यस्था । |

| | | | |
|---|---|---|---|
| **स्वास्थ्य** | • पायक स्थानमा स्वास्थ्य चौकी नहुनु ।<br>• स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरुको अभाव<br>• आमा तथा बालपोषण सम्बन्धी सबैलाई जानकारी नहुनु । | वडा क्षेत्र भरी | • स्वास्थ्य चौकी निर्माण गरी दक्ष चिकित्सकहरुको व्यवस्था गरिने<br>• स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यकक्रमहरुको आयोजना ग |
| **खेलकुद** | • भौतिक पूर्वाधारहरुको अभाव<br>• खेलमैदानको व्यवस्थापन नहुनु | वडा क्षेत्र भर | • भौतिक पूर्वाधारहरु निर्माण तथा हालका पूर्वाधारहरुको सुधार ।<br>• खेलकुद मैदानहरुको व्यवस्थापन गरिनु पर्ने |
| **खानेपानी** | • स्वच्छ खानेपानीको व्यवस्था नभएको<br>• सरसफाई सम्बन्धि जनचेतनामा कमी<br>• सबै घरधुरीमा शुद्ध खानेपानी वितरण गर्न नसक्नु | वडा क्षेत्र भरी | • स्वच्छ खानेपानी वितरणका लागि आवश्यक पहल थालिनु पर्ने<br>• जनचेतनामूलक कार्यक्रमहरुको आयोजना ।<br>• नयाँ खानेपानी योजना संञ्चालन तथा पुराना योजनाहरु मर्मत |
| **सरसफाई** | • फोहोर व्यवस्थापन नभएको<br>• फोहोर विसर्जन केन्द्रको अभाव | वडा क्षेत्र भर | • फोहोर व्यवस्थापन तथा संकलनमा चासो दिनु पर्ने ।<br>• विसर्जन केन्द्रको स्थापना साथै आवश्यकता अनुरुप ढल तथा न |
